सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ साउन २०८०, बुधबार (9 Aug 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ११८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

दुई चिनियाँ सुन तस्कर गिरोहको सम्बन्ध खोज्दै सिआइबी

ब्रेकसुमा सय केजी र विद्युतीय चुरोटमा नौ केजी सुन ल्याउने गिरोहबीच सम्बन्ध रहेको आशंका

भन्सार एजेन्ट दीपेश बस्नेत, जसको दुवै तस्कर समूहसँग देखियो 'कनेक्सन'

भन्सार कार्यालयको स्टोरमा भेपमा सुन रहेको थाहा पाउने र चोरी गर्ने योजनाकारमध्ये एक दिनेश बस्नेत भन्सारमै एजेन्टको सहयोगीका रूपमा काम गर्थे। चोरिएको सुन बिक्री गर्नेमा प्रमुख भूमिका देखिएका उनका भाइ दीपेश बस्नेत फरार छन्। उनी भन्सार एजेन्ट हुन्। पछिल्लो सय केजी सुन तस्करीमा संलग्न व्यक्तिहरूसँगसमेत दीपेशको सम्पर्क देखिएको सिआइबी स्रोत बताउँछ। सिन्धुपाल्चोक स्थायी घर भएका उनी बारम्बार चीन जाने गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ।

दावा र थुप्तेनको मोबाइलमा लुकेको छ गिरोहको रहस्य



थुप्तेन छिरिङ

दावा छिरिङ

प्रहरीले सय केजी सुन तस्करीमा पक्राउ गरेका चिनियाँ मूलका भारतीय नागरिक थुप्तेन छिरिङ र चिनियाँ मूलका बेल्जियमका नागरिक दावा छिरिङको मोबाइल रिकभर गर्न डिजिटल फरेन्सिक ल्याबमा पठाएको छ। रिकभर भएमा सुन तस्करीको उच्च तहको नेटवर्क पत्ता लाग्ने प्रहरी अधिकारीहरू बताउँछन्।

■ सय केजी सुन प्रकरणबारे सदनमा गृहमन्त्रीको जवाफ-

३५ दिन सिआइबीको अनुसन्धान कुरौं, दुर्नियत देखिए अनि बहस गरौं



अहिले एउटा अनुसन्धान नसकिँदै अर्को समानान्तर छानबिन समिति बनाउ भन्नु राज्यको मूलभूत मान्यताविपरीत हुन्छ। अबको ३५ दिनमा सिआइबीले अनुसन्धान गर्दा कुनै दुर्नियत देखियो वा यसले छानबिनलाई तार्किक निष्कर्षमा पुऱ्याउन सकेन भने नयाँ शिराबाट बहस गरौं। तर, यसलाई डिरेल गर्ने काम नगरौं। यो देशमा तस्करीलाई छुट दिनै हुँदैन। भ्रष्टाचारीलाई छुट दिनुहुँदैन। यो नेक्ससलाई त तोड्नैपर्छ।

(विस्तृत समाचार पृष्ठ ३)

नवराज मैनाली/नयाँ पत्रिका

सवारीसाधनका पार्टपुर्जा र विद्युतीय चुरोट (भेप)भित्र राखेर नेपालमा सुन तस्करी गर्ने दुई चिनियाँ गिरोहबीच सम्पर्क देखिएको छ। भेपमा लुकाएर सुन तस्करी गरेको घटनामा फरार रहेका दीपेश बस्नेतको पछिल्लोपटक सवारीसाधनका पार्टपुर्जामा राखेर तस्करी गर्ने समूहका व्यक्तिसँग पनि सम्पर्क देखिएको हो।

भेपभित्र लुकाएर हुने तस्करीमा अवरोध भएपछि सवारीसाधनका पार्टपुर्जालगायतका सामानमा सुन लुकाएर तस्करी गर्न थालेको हुन सक्ने अनुसन्धानकर्ताको प्रारम्भिक आकलन छ। राजस्व अनुसन्धान विभागले गरेको प्रारम्भिक छानबिनमै यसका केही प्रमाण भेटिएका थिए। संगठित शैलीको अन्तर्देशीय अपराध भएकाले आइतबार विभागले केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई अनुसन्धानको जिम्मा दिएको छ।

भेपमा लुकाएर तस्करी गर्न लागिएको सुनको सिआइबीले अनुसन्धान गरी मुद्दा दायर गरिसकेको छ। जसमा चिनियाँ समूहले भेपभित्र लुकाएर नौ किलो सुन तस्करीको प्रयास गरेको थियो। भेप भन्सारबाट लिलामी गराउने र सहजै सुन पास गर्ने उनीहरूको योजना थियो। तर, भन्सारको स्टोरबाटै सुनजडित भेप चोरी भएपछि भन्सार कार्यालयले प्रहरीमा निवेदन दिएको थियो। सोही आधारमा सिआइबीले भन्सार कार्यालयका नायब सुब्बा रेवन्त खड्कासहित सातजनालाई पक्राउ गरी असारको अन्तिम साता मुद्दा दायर गरेको थियो।

भन्सार कार्यालय स्टोरमा भेपमा सुन रहेको थाहा पाउने र चोरी गर्ने योजनाकारमध्ये एक व्यक्ति भन्सारमै एजेन्टका रूपमा काम गर्ने दिनेश बस्नेत थिए। चोरिएको सुन बिक्री गर्नेमा उनका भाइ दीपेश बस्नेतको प्रमुख भूमिका देखिएकोमा उनी फरार छन्। दीपेशको पछिल्लो सय केजी सुन तस्करीमा संलग्नसँग समेत सम्पर्क देखिएको सिआइबी स्रोत बताउँछ। उनी पनि भन्सार एजेन्ट हुन्। सिन्धुपाल्चोक स्थायी घर भएका दीपेश बारम्बार चीन जाने गरेको समेत प्रारम्भिक अनुसन्धानमा देखिएको छ।

त्यसरी सुन तस्करी गर्न खोज्ने चिनियाँ भने भोलिपल्टै भाग्न सफल भएका थिए। उनलाई नेपालमा सहयोग गर्ने कोही पनि पक्राउ परेका छैनन्। ती चिनियाँको राजनीतिक नेतृत्वसँग पनि सम्बन्ध देखिन्छ।

१० पुस ०७९ मा सुन लुकाइएको भेप भन्सारले नियन्त्रणमा लिएको थियो। दुई महिनापछि त्यो भन्सारबाट चोरी भयो। सय केजी सुन तस्करी गर्ने समूहले गत फागुन-चैतदेखि काठमाडौंमा तयारी सुरु गरेको देखिन्छ। जस आधारमा भेपमार्फत तस्करी असफल भए पनि चिनियाँ समूहले नयाँ ब्रेकसुमा लुकाएर तस्करी थालेको हुन सक्ने अनुसन्धानमा आबद्ध सिआइबी अधिकारी बताउँछन्। 'एउटै समूह हो भन्ने केही आधार भेटिएका छन्,' उनले भने, 'फरार

» पृष्ठ ११ मा क्रमशः

■ देशभर वर्षालै बाढी, पहिरो र डुबान

चारको मृत्यु, सात बेपत्ता



डुबानमा परेको काठमाडौंको त्रिपुरेश्वरपछाडिको सुकुमबासी बस्ती। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका



कैलालीको भजनीमा बाढी प्रभावितको उद्धार गर्दै प्रहरी

मकवानपुरमा **पोष्टराज अधिकारी**, धनगढीमा **तेजराज भट्ट**, बर्दियामा **यज्ञप्रसाद सापकोटा**, जनकपुरधाममा **हदिश खुद्दार**, रौतहटमा **अशोक पहाडी**, महोत्तरीमा **रञ्जन भण्डारी**, सिन्धुलीमा **विदुर पौडेल**, कञ्चनपुरमा **मोहन विष्ट** र तनहुँमा **उपेन्द्र खनाल**

मनसुन सुरु भएको दुई महिनापछि पहिलोपटक एकसाथ देशभर भएको वर्षाले धनजनको ठूलो क्षति गरेको छ। लगातारको वर्षासँगै आएको बाढीपहिरोमा परी पछिल्लो २४ घन्टामा चारजनाले ज्यान गुमाएका छन्। सातजना बेपत्ता भएका छन्। गृह मन्त्रालयको आपत्कालीन कार्यसञ्चालन केन्द्र र नेपाल प्रहरीको तथ्यांकअनुसार मकवानपुरमा पहिरोमा परी एकजनाको मृत्यु भएको छ, पाँच बेपत्ता छन्। मधेसको धनुषा, रौतहट र महोत्तरीमा बाढीमा परेर तीनजनाको ज्यान जाँदा दुई बेपत्ता भएका छन्।

औसत वर्षामै काठमाडौं जलमग्न

६ सयभन्दा बढी घरटहरा डुबानमा

पृष्ठ २

मकवानपुरको बागमती गाउँपालिका- ५ सिक्रे दोभानमा मंगलबार बिहान गएको पहिरोमा परी ५५ वर्षीया शान्तिमाया स्याङ्तानको मृत्यु भएको हो। उनका श्रीमान् ५० वर्षीय अक्कलबहादुर स्याङ्तान, २२ वर्षीया छोरी शिला पहरी, २५ वर्षीय ज्वाइँ जीवन पहरी, चार वर्षीय नाति मिलन पहरी र डेढ वर्षीया नातिनी दिव्या बेपत्ता छन्। शान्तिमायालाई स्थानीयले पहिरोबाट उद्धार गरी स्वास्थ्य चौकी पुऱ्याए पनि उपचारका क्रममा ज्यान गएको हो।

» पृष्ठ ११ मा क्रमशः

मकवानपुरमा पहिरोले घर बगाउँदा एकको मृत्यु, पाँच बेपत्ता

एकजनाको १२ घन्टापछि जीवितै उद्धार

धनुषा, रौतहट र महोत्तरीमा तीनको मृत्यु, दम्पती बेपत्ता

बाढीले कैलालीमा साढे चार सय परिवार प्रभावित

भीमदत्त राजमार्ग अवरुद्ध, तराईसँग सुदूरपश्चिमका सात जिल्लाको यातायात विच्छेद

बर्दियामा १२४ घर डुबानमा

सिन्धुलीका पाँच घरमा पहिरोले क्षति

मोहनाको बाढीले सीमास्तम्भ बगायो

कञ्चनपुरमा दोदा र मोहना नदी बस्ती पस्यो

सडक भासिएपछि तनहुँमा मालवाहक र ठूला सवारीसाधन आवतजावतमा रोक

बिपी राजमार्गमा सात घन्टापछि यातायात सञ्चालन, भीमफेदी-कुलेखानी सडक पनि खुल्यो

कहाँ कति पानी पऱ्यो ?

मौसममा तत्काल सुधारको छाँट छैन

मनसुन सुरु भएको दुई महिनापछि पहिलोपटक एकसाथ देशभर वर्षा भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार यसअघि निश्चित क्षेत्रमा वर्षा हुनुका साथै वेलावेला खण्डे वर्षा भने भइरहेको थियो। देशभरका दुई सय ५२ वर्षामापन केन्द्रमध्ये दुई सय ३१ केन्द्रमा वर्षा मापन भएको थियो। 'असार पहिलो साता पूर्वी नेपालमा ठूलो पानी परेर बाढीपहिरो आउँदा तराई र पश्चिम नेपाल सुक्खा थियो, त्यसपछि पनि यति धेरै एरिया (क्षेत्र) ओगट्ने गरी वर्षा भएको थिएन,' विभागका मौसमविद् सुदर्शन हुमागाईंले भने, 'पछिल्लो २४ घन्टामा लगभग सबै एरिया कभरेज हुने गरी वर्षा भएको छ।'

२४ घन्टामा सबैभन्दा धेरै वर्षा कैलालीको चिसापानीमा रहेको मापन केन्द्रमा ४२४.२ मिलिमिटर रेकर्ड भएको छ। त्यहाँ यसअघि १५ अगस्ट ०१४ मा ४९९.८ मिमि वर्षा रेकर्ड भएको थियो। २४ घन्टामा आठ केन्द्रमा २०० मिमिभन्दा धेरै पानी परेको छ, जुन अत्यधिक धेरै वर्षा हो। ती स्टेसनमा धनुषाको तुल्सीमा २९१.६, बाँकेको पश्चिम राप्तीमा २७५.२, सर्लाहीमा २६४.२, सिन्धुलीको हरिहरपुरमा २५६.४, बाराको अमलेखगन्जमा २५५.६, मकवानपुरको चिसापानीगढीमा २००.८ र बाराको निजगढमा २००.६ मिलिमिटर वर्षा भएको छ। वर्षा मापन भएका केन्द्रमध्ये १८३ मा १० मिमिभन्दा धेरै, १३४ मा २५ मिमिभन्दा धेरै, ८८ मा ५० मिमिभन्दा धेरै, ३९ मा केन्द्रमा १०० मिमिभन्दा धेरै र १५ मा १५० मिमिभन्दा धेरै वर्षा भएको छ।

मौसम पूर्वानुमान महाशाखाले देशभरको झरी तत्काल नथामिने जनाएको छ। मौसमविद् सञ्जीव अधिकारीले मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर (नेपालनजिक) रहेकाले लगातारजसो वर्षा भइरहेको बताए। त्यसबाहेक बंगलादेशको उत्तरी भूभाग तथा आसपासमा रहेको न्यूनचापीय प्रणालीको प्रभाव पनि नेपालमा छ। 'बल्ल राम्रो मनसुनी वर्षा भएको छ, अझै केही दिन पानी पर्ने देखिन्छ,' उनले भने।

पहिलोपटक बन्यो साइबर सुरक्षा नीति

राष्ट्रिय सुरक्षा केन्द्र स्थापना हुने

साइबर सुरक्षा नीतिमा भनिएको छ-

साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्द्धन, जनचेतना अभिवृद्धि, साइबर सुरक्षासम्बन्धी तयारी, रोकथाम, पहिचान, प्रतिक्रिया तथा पुनर्लाभ गर्न सातै दिन २४सै घन्टा सम्पर्क निकायको रूपमा कार्य गर्न, डिजिटल फरेन्सिकको अनुसन्धान गर्न तथा साइबर सुरक्षासँग सम्बन्धित निकायको नियमनकारी निकायका रूपमा समेत कार्य गर्ने गरी राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गरिनेछ।



नेत्रप्रसाद सुवेदी, प्रवक्ता, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापनाको प्रक्रिया अघि बढिसकेको छ

नयाँ पत्रिका

देशमा पहिलोपटक साइबर सुरक्षासम्बन्धी नीति बनेको छ। मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले 'राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०' स्वीकृत गरेको हो।

साइबर आक्रमणको जोखिम बढिरहेकाले वर्षौंदेखि यस्तो नीतिको माग हुँदै आएको थियो। साइबर सुरक्षाका लागि यो नीति कोसेढुंगा हुने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता सहसचिव नेत्रप्रसाद सुवेदीले बताए। 'हाम्रो साइबर स्पेस र डिजिटल डाटालाई सुरक्षित बनाउने उद्देश्यले सरोकारवालासँग विस्तृत छलफल गरी राष्ट्रिय साइबर सुरक्षा नीति बनाएका छौं,' उनले भने, 'यसले थप ऐन-कानुन बनाउन सहज भएको छ,

» पृष्ठ ११ मा क्रमशः

१७ वर्षअघिको 'गौर हत्याकाण्ड'को फाइल खुल्दै



गौर हत्याकाण्डको अनुसन्धान र दोषीलाई कारबाही माग्दै संघर्षरत पीडित र सरकारबीच पाँचबुदे सहमति

गौर हत्याको विषयमा त्यस समयमा दर्ता भएका जाहेरीसमेतलाई छानबिन र अनुसन्धान गरी तथ्य र प्रमाणका आधारमा दोषीलाई कानुनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउने

(विस्तृत पृष्ठ ४)

चुनावी सरकारको माग गर्दै बंगलादेशमा चर्किंयो प्रदर्शन



सत्ताको बागडोर सम्हालेदेखि आलोचकप्रति कठोर बन्दै आएकी प्रधानमन्त्री हसिनामाथि मानव अधिकार र अभिव्यक्ति स्वतन्त्रता हनन गरेको आरोप

(विस्तृत पृष्ठ ७)

७५३ पालिकामा २३७ मात्रै पशु चिकित्सक



(विस्तृत पृष्ठ ९)

स्थानीय तहमा पशु चिकित्सकको अभावले लम्पी स्किन नियन्त्रणमा कठिनाइ

■ ट्र्याक्टर र ट्रेलरमा वीरगन्ज महानगरको अनियमितता

बजार मूल्यभन्दा एक करोड २० लाख बढीमा खरिद

पाँच कम्पनीले आवेदन दिएको पहिलो बोलपत्र रद्द, दोस्रो बोलपत्रमा नयाँ कम्पनी विना एग्रो इन्टरप्राइजेजको मात्रै आवेदन, उसैलाई खरिदको जिम्मा

वीरगन्जमा **तिवारी यादव**

वीरगन्ज महानगरपालिकाले ३२ वटै वडाका लागि खरिद गरेको ट्र्याक्टर र ट्रेलरमा एक करोड २० लाख रुपैयाँ आर्थिक अनियमितता गरेको छ। गत आर्थिक वर्ष ०७९/८० मा भएको उक्त कारोबारमा आर्थिक अनियमितताका लागि महानगरले आपूर्तिकर्ता कम्पनी छनोटमै योजनाबद्ध चलखेल गरेको देखिन्छ।

बजारमा दुई करोड ७२ लाखमा पाइने आइचर कम्पनीको ३२ ट्र्याक्टर (एक सिलिन्डर) र ट्रेलरलाई महानगरपालिकाले भने तीन करोड ९२ लाख भुक्तानी गरेको हो। वितरक कम्पनी स्रोतकै अनुसार उक्त ट्र्याक्टरको बजारमूल्य प्रतिथान सात लाख र ट्रेलरको डेढ लाख गरी कुल आठ लाख ५० हजार पर्छ। महानगरले भने प्रतिथान तीन लाख ७५ हजार बढी अर्थात् १२ लाख २५ हजारमा खरिद गरेको छ। महानगर स्रोतले पनि अनियमितता पुष्टि गरेको छ।

इ-बिडिङमार्फत गरिएको ठेक्का बोलपत्रमा सुरुमा पाँच

» पृष्ठ ११ मा क्रमशः



महानगरको यान्त्रिक तथा राजस्व शाखाका अनुसार पहिलोपटक २६ असोज ०७९ मा गरिएको इ-बिडिङमा खेसारी चन्द्र वर्णवाल, नेपाल ट्रेड एन्ड सर्भिस लिंक, तुलस्यान ट्र्याक्टर्स, अर्थ अटोबिल्स प्रालि र ओमनी अटो मोबाइल्सले आवेदन दिएका थिए। तर, मूल्यांकन समितिले उनीहरूको आवेदन प्राविधिक रूपमा ठीक नभएको भन्दै खारेज गरिदियो। त्यसपछि १४ चैत ०७९ मा दोस्रोपटक बोलपत्र आह्वान भयो। यसपटक पहिलोपटकका एउटै पनि कम्पनीले आवेदन दिएनन् भने पहिलोपटक आवेदन नै नदिएको वीरगन्ज- १८ (हाल १५) बाइपास रोडमा रहेको विना एग्रो इन्टरप्राइजेज प्रालिले मात्रै आवेदन दियो। र, मूल्यांकन समितिले त्यसैलाई सदर गऱ्यो।

■ वडामा आएको ट्र्याक्टर र ट्रेलरको मूल्य थाहा पाएपछि वडाध्यक्षहरूको एउटै स्वर-

अनियमितता भएको बलियो आशंका छ

वडामा ट्र्याक्टर र ट्रेलर वितरण गर्न महानगरले बोलपत्र खुलाएको वडाध्यक्षहरूलाई थाहा थियो। पहिलो आवेदन रद्द गरेको पनि थाहा थियो। तर, जब वडामा ट्र्याक्टर र ट्रेलर वितरण भयो, तब बजारमूल्य बुझ्दा अनियमितता भएको निष्कर्षमा पुगेका छन्।

वीरगन्ज- २० का वडाध्यक्ष रामकिशोर सिंह पहिलो बोलपत्र नै रद्द गरेर दोस्रोपटक आवेदन खुलाउनु र त्यसमा एक मात्र कम्पनीको निवेदन पर्नुमा आर्थिक चलखेलको बलियो आशंका देखिएको दाबी गर्छन्। निकटका व्यक्तिलाई ठेक्का लगाएर महानगरबाट अनियमितता भएको त्यहाँका कर्मचारीबाटै सुन्न थालिएको उनको भनाइ छ। वडा नम्बर ९ का वडाध्यक्ष जवाहरप्रसाद गुप्ताले महानगरपालिकाले वडालाई वितरण गरेको ट्र्याक्टर र ट्रेलरको खरिद मूल्य अस्वाभाविक रहेको बताए। उक्त कम्पनीको ट्र्याक्टर र ट्रेलरको मूल्य आधिकारिक सोरुममा बुझ्दा पनि थाहा हुने बताए।

वीरगन्ज- २६ का वडाध्यक्ष शम्भु मिश्रले पनि बजारमूल्य बुझ्दा महानगरपालिकाले वितरण गरेको ट्र्याक्टर र ट्रेलरलाई १२ लाख २५ हजार पर्नु आश्चर्यजनक भएको बताए। वडा नम्बर २२ का वडाध्यक्ष द्वारिका महतोले महानगरले वितरण गरेको ट्र्याक्टर र ट्रेलरमा अनियमितता भएको आफूले पनि सुनेको र यसबारेमा कार्यपालिका बैठकमा सोध्ने बताए।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

औसत वर्षामै काठमाडौं जलमग्न

६ सयभन्दा बढी घरटहरा डुबानमा, च्यासलस्थित एमालेको केन्द्रीय कार्यालयमा पनि पस्यो बाढी

टेकराज थामी, शिवहरि घिमिरे/नयाँ पत्रिका

सधैँजसो दुर्गन्ध र फोहोर बोकेर बग्ने उपत्यकाका नदी-खोला मंगलबार एकाबिहानै उर्लिए । दायाँ-बायाँ पर्खाल उठाएर साँघुरा पारिएका बागमती, विष्णुमती, मनोहरा, हनुमन्ते, कर्मनासा, कपनको खहरे खोलालगायत करिडोर सडक नाघ्दै बस्ती पसे । नदी-खोला बस्ती पसेर बितन्डा मच्चाउन थालेपछि एकाबिहानैदेखि नदीआसपासका क्षेत्रमा भागाभाग मच्चियो ।

थापाथलीस्थित बागमती करिडोरमा बस्दै आएकी सुन्तली तामाङ एकाबिहानै टहरोभित्र बाढी पसेपछि के गर्ने, कसो गर्ने भनेर रनभुल्लमा परिन् । लेदोसहितको ढल किचन र सुत्ने कोठामा छिरेपछि सामानसमेत जोगाउन सकिनन् । उनले भनिन्, 'बाढीले बस्ने-खाने ठाउँ डुबायो, अब बालबच्चा लिएर कहाँ जाऊँ ?' यस्तै, बाढीका कारण मनोहरा करिडोरस्थित जडीबुटी क्षेत्रमा बसोवास गर्दै आइरहेका सुकुमबासीहरूका टहरा पनि डुबानमा परेका छन् । टहरामा बाढी पसेपछि स्थानीयले प्रहरीलाई गुहारेका थिए ।

प्रहरीले सुकुमबासीलाई कोटेश्वर बहुमुखी क्याम्पसको कक्षाकोठा तथा सुरक्षित ठाउँमा सर्न आग्रह गरेको थियो । तर, वर्षा रोकिएपछि टहराभित्रको पानी फालेर सफा गरेका छन् । बागमती करिडोर र मनोहरा करिडोरमा रहेका सुकुमबासी बस्ती र खोला बस्ने तह बराबर रहेकाले यहाँ डुबानको जोखिम सधैँ हुने गर्छ । थापाथली र जडीबुटी क्षेत्रमा मात्रै होइन, बाढीले बागमती, मनोहरा, विष्णुमती, खहरे, हनुमन्तेलगायत नदी करिडोर क्षेत्रका ६ सयभन्दा बढी घरटहरा डुबेका छन् । बाढीले ललितपुरको च्यासलमा रहेको एमालेको केन्द्रीय कार्यालयसमेत डुबानमा परेको छ ।

बाढी र डुबानका कारण फसेका २४ जनाको प्रहरीले उद्धार गरेको छ । दुई बालबालिका, १३ पुरुष र नौजना महिलाको उद्धार गरेको उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता दिनेशराज मैनालीले जानकारी दिए ।

सहरी विकास तथा पूर्वाधारविद् सूर्यराज आचार्यले उपत्यकाका नदी करिडोर क्षेत्रको इन्जिनियरिङ कमजोर भएको बताए । 'हाम्रा सहरी पूर्वाधारका कमजोरी धेरै छन्, करिडोर क्षेत्रको मापदण्ड नै मिलेको छैन । पुलमुनिका सडक होचा छन्, केही सडक त खोलाभन्दा पनि होचा छन्,' उनले भने, 'डुबान पर्नुको कारण यही हो ।' उनले करिडोर क्षेत्रमा ढल निकास व्यवस्थित गर्नुपर्ने बताए ।



● **पद्मसुन्दर जोशी,** उपत्यकाको परम्परागत पानी व्यवस्थापन प्रणालीका अनुसन्धानकर्ता

मंगलबार आएको बाढी ठूलो होइन, ०५० सालमा जस्तो बाढी आएको भए यहाँको कुनै पनि क्षेत्र डुबानबाट जोगिँदैनथ्यो । खोलाको बहाब क्षेत्रमा पूर्वाधार बनाएका छौँ, त्यसैले खोला साँघुरियो । पानीले बाटो खोज्दै बस्ती र सडकमा पसेको हो । यस्तो समस्या समाधान नगरे डुबानको समस्या सधैँ हुन्छ । यस्तै, पुलमुनि अनेक संरचना बनाएर खोला बग्ने ठाउँ छेकेका छौँ । यहाँका पुल पनि होचा छन् । खोलालाई अझ चौडा र पुलको उचाइ बढाएको भए डुबान हुने थिएन । यहाँका नदीलाई स्वतन्त्र बग्न दिने हो भने डुबान हुँदैन ।



● **मधुकर पाध्याय,** जलविद्

काठमाडौंमा मंगलबार भएको वर्षा ठूलो होइन । २४ घन्टामा ८४ मिलिमिटर वर्षा हुनु भनेको सामान्य नै हो । तर, हाम्रा सहरी संरचनाका कारण एकैछिनमा ठूलो बाढी आयो । आकाशको पानी बाटो र बस्तीमा पस्यो । पहिले-पहिले खेतबारीले पानी रोक्थे । अचेल खेत छैनन् । सामान्य पानी परे पनि सहर डुब्छ । यसले हामीलाई सहरी बाढीको चरित्र बुझायो । काठमाडौं डुब्न धेरै पानी पर्नुपर्दो रहेनछ । अझ ०५० सालमा जस्तो पानी पर्‍यो भने उपत्यकामा अझै धेरै डुबाउ हुन्छ । त्यतिवेला करिब २०० मिलिमिटर पानी परेको थियो ।



भक्तपुरस्थित हनुमन्ते खोलामा आएको बाढीले डुबानमा परेको सिद्धि स्मृति बाल अस्पताल । तस्बिर : दीपेन्द्र ढुंगाना/नयाँ पत्रिका

बाढी डुबानपीडित भन्छन्- बिहान भएकाले धन्न ज्यान जोगायौँ

काठमाडौं मनपा-१०, मदननगरका रवि पाण्डे मंगलबार बिहान ओछ्यानमै पल्टिरहेका थिए । ढलको गन्ध आउन थालेपछि झ्यालको पर्दा खोले । र, बाहिर देखे- उर्लिएको धोबी खोला घरको कम्पाउन्डभित्र छिरिसकेको रहेछ ।

घरको भुइँतलामा बस्ने उनी हुर्रिएर कम्पाउन्डमा निस्के । छिमेकी घरको कम्पाउन्ड हेरे । धोबी खोला कम्पाउन्ड नाघेर कोठाभित्रै छिरिसकेको देखे । अविरल वर्षासँगै उर्लिएको धोबी खोला रोकिने छाँट देखिएन । हेर्दा-हेर्दै दुर्गन्धित खोला उनको कोठाभित्र पस्यो । भएभरका सबै सामग्री डुबे । डुबेका सामग्री नयाँ डेरातर्फ सार्दै गरेको अवस्थामा भेटिएका पाण्डेले भने, 'बिहान उठिसकेको थिएँ । अचानक ढलको गन्ध आयो । झ्याल खोलेर हेर्दा पो थाहा भयो, धोबी खोला त कम्पाउन्डसम्म आइसकेछ । कोठाभित्र बाढी पस्ने डरले छेकबार लगाएर रोक्न त खोजेँ । तर, सकिएन । हेर्दाहेर्दै कोठाका सबै सामग्री डुबानमा परे ।'

बढीले मदननगर चोकस्थित स्टेसनरी पसल पनि डुबानमा पर्‍यो । घरका पार्किङ र कम्पाउन्ड बढीले भरिए, आसपासका सडकमा उर्लिएको धोबी खोला बग्यो । सटरमा खुलेका होटेल डुबे । रोकिएको वर्षासँगै धोबी खोलामा पानीको बहाब त रोकियो, तर बढीसँगै बगेर आएको कालो लेदो कोठा र सडकमा असरल्ल बन्यो । मदनगरमै रहेको त्रिताल रेकर्डिङ स्टुडियोका सञ्चालक अनिश योञ्जनले भने, 'मंगलबार बिहान धोबीखोला बढेर आसपासको घरभित्र छिर्‍यो । वर्षा रोकियो । धोबी खोलामा पानीको बहाब पनि कम भयो । तर, बढीसँगै बगेर आएको कालो लेदोबाट आउने दुर्गन्ध कम भएको छैन ।'

मंगलबार बागमती नदीको वेग अझ तीव्र बन्यो । बागमतीको भेल करिडोर हुँदै दायाँ-बायाँका बस्तीभित्र छिर्‍यो । भेलले सबैभन्दा धेरै क्षति किनारसँगै रहेको सुकुमबासी बस्तीलाई पुर्‍यायो । बाढी सुकुमबासी बस्तीस्थित प्रत्येक टहराभित्र छिर्‍यो । कोठाका लत्ताकपडादेखि रासनपानीसमेत डुबानमा पर्‍यो । कोठाभित्र छिरेको बाढी साँझसम्म पनि स्थानीयले हटाइसकेको थिएन । भेल धन्न बिहान आएकाले मानवीय क्षति भएन । सोही भेल राति आइदिएको भए केही भन्न नसकिने कालीमाटीस्थित सुकुमबासी बस्तीका दुर्गा सुनारले सुनाए । उनले भने, 'बिहानै बागमती उर्लिएर सुकुमबासी बस्तीभित्र छिर्‍यो । करिडोरको सडकमा बाढी बग्न थाल्यो । हेर्दाहेर्दै कोठा बढीले पुरिए । सामग्री सबै डुबे । बिहान भएर भाग्ने मौका पायौँ । राति भइदिएको भए भन्न सकिन्नथ्यो ।' बागमतीमा आएको बाढीले अझ धेरै क्षति बल्खुस्थित तरकारी बजारमा पुर्‍यायो । बिहान भएको हुँदा क्षति अझ कम भएको बजारमा भेटिएका ज्ञानेन्द्र कँडेलले बताए । उनले भने, 'एकातिर बागमती उर्लिएर आयो, अर्कोतर्फ बलम्बु खोला । बाढीसँगै बगेर आएको ढल र कालो लेदो पनि बजारभित्र पस्यो । बजारका सबै तरकारी डुबानमा परे ।'

■ कहाँ-कहाँ डुब्यो बस्ती ?

मंगलबारको वर्षाले खोला क्षेत्रका मात्रै होइन, भित्री बस्तीसमेत डुबानमा परेका छन् । गोठाटार, सिनामंगल, जडीबुडी, भक्तपुर सल्लाघारी, कपन मिलनचोक, खहरे बस्ती, विष्णुमती आसपासलगायतका घरहरू डुबानमा परेका छन् । यस्तै, त्रिपुरेश्वर, अनामनगर, चाबहिल, सुन्धारा, बालाजु, सानेपालगायत क्षेत्रमा बस्ती डुबानमा परेका छन् भने केही घरमा भेलसमेत पसेको छ । भक्तपुरको मध्यपुरथिमि नगरपालिका क्षेत्रमा रहेको दिव्येश्वरी प्लानिङभित्र पनि बाढी पसेको छ । त्यस क्षेत्रका करिब एक सय परिवार प्रभावित भएका छन् । गुहेश्वर क्षेत्रमा पनि क्षति पुर्‍याएको छ । विष्णुमती करिडोरआसपासका बस्तीभित्र पनि बढी पसेको छ । बढीले कपन क्षेत्रमा उत्तिकै धेरै क्षति पुर्‍याएको छ । उर्लिएको कपन खोला सडकमै बग्दा यातायात आवागमन नै अवरुद्ध बन्न पुग्यो । भक्तपुरस्थित हनुमन्ते खोला उर्लिँदा अरनिको राजमार्ग नै केही बेर अवरुद्ध बन्न पुग्यो । खोला राधेराधेस्थित बस्तीभित्र छिर्‍यो । सोही स्थानमा रहेको भाटभटेनी सुपर मार्केट पनि खोलाका कारण डुबानमा पर्‍यो । काठमाडौं जिल्ला प्रशासन कार्यालयका प्रमुख जितेन्द्र बस्नेतले मंगलबारको बाढीले काठमाडौंमा मानवीय क्षति नपुर्‍याएको बताए । उनले भने, 'मंगलबारको बढीको सम्पूर्ण क्षतिको विवरण आइसकेको छैन । अहिलेसम्म मानवीय क्षतिको विवरण आएको छैन ।'

■ गत २४ घन्टामा कहाँ कति वर्षा ?

जल तथा मौसम विज्ञान विभागको तथ्यांकअनुसार काठमाडौं उपत्यकामा पछिल्लो २४ घन्टामा सबैभन्दा धेरै (८४ मिलिलिटर) बुढानीलकण्ठमा वर्षा भएको छ । देशभर भएको वर्षाको अनुपात यो औसत मात्रै हो । यद्यपि, काठमाडौंमा यो वर्ष मंगलबार सबैभन्दा बढी वर्षा भएको हो । पछिल्लो २४ घन्टामा नगरकोट ८०.२, कीर्तिपुरमा ४५.६ र सुन्दरीजलमा ७६.६ मिलिमिटर वर्षा भएको छ । विभागका अनुसार १० मिलिमिटरसम्मलाई हल्का वर्षा मानिन्छ । ५० मिलिमिटरसम्मलाई मध्यम, यसमाथि सयसम्मलाई भारी, १००-२०० सम्मलाई धेरै भारी र दुई सय मिलिमिटरभन्दा माथिलाई अति भारी भनिन्छ । यस हिसाबले काठमाडौंमा परेको वर्षा भारी हो ।

लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/४/२४ गते

यस महालक्ष्मी विकास बैंक लि. को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाई ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०८०/३/४ गतेको अन्नपूर्ण पोस्ट् र मिति २०७९/११/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ । सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्धारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुन: लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

तपसिल

दरवारमार्ग शाखा :

ऋणी : श्री सिटी होटल एण्ड सूइटस् प्रा.लि. (अ.प्रा.स. श्री सिमान्त गुरुङ्ग)
दर्ता नं. : १२३६४६/७०/०७१ (कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौ)
दर्ता मिति : २०७१/०३/०३
प्यान नं. ६०१८८६५२८
ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २ लाजिम्पाट
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री ऋद्धि वान्तवा राणा, बाबु : श्री मकर बहादुर वान्तवा, ससुरा : श्री श्री नर्सिंह राणा, पति : श्री पुकार नर्सिंह राणा
(ख) श्री पुकार नर्सिंह राणा, बाबु : श्री श्री नर्सिंह राणा, बाजे : श्री बिरेन्द्र सिंह राणा
ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २, लाजिम्पाट
(ग) श्री सिमान्त गुरुङ्ग, बाबु : श्री मोहन कृष्ण गुरुङ्ग, बाजे : श्री ललित बहादुर गुरुङ्ग
ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ४
(घ) श्री शुक्र राज राई, बाबु : श्री रण बहादुर राई, बाजे : श्री महाजित राई
ठेगाना : खोटाङ्ग जिल्ला सप्तेश्वर खोकपादेल गा.वि.स. वडा नं. ६
कर्जा : व्यापार कर्जा (टर्म)
धितो सुरक्षणको विवरण : (क) श्री बिरेन्द्र सिंह राणाको नाति, श्री श्री नर्सिंह राणाको छोरा, काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २, लाजिम्पाट बस्ने श्री पुकार नर्सिंह राणाको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २ (नक्सा सि.न. २) स्थित कि.नं. ७८४ को क्षे.फ. ०–५–०–० भएको जग्गा/घर तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।
(ख) श्री मकर बहादुर बान्तवाको छोरी, श्री श्री नर्सिंह राणाको बुहारी, श्री पुकार नर्सिंह राणाको पत्नि, काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २, लाजिम्पाट बस्ने श्री ऋद्धि वान्तवा राणाको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २ (नक्सा सि.नं. २) स्थित कि.नं. ६७६ र ७२० को क्षे.फ. १–३–०–२ र ०–२–२–३ भएको जग्गा/घर तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

हेटौंडा शाखा :

ऋणी : श्री बिष्णु प्रसाद ढकाल, बाबु : श्री बद्री प्रसाद ढकाल, बाजे : श्री यज्ञ प्रसाद ढकाल
ठेगाना : मकवानपुर जिल्ला, पालुङ्ग गा.वि.स. वडा नं. ५ हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री बिष्णु प्रसाद ढकाल, बाबु : श्री बद्री प्रसाद ढकाल, बाजे : श्री यज्ञ प्रसाद ढकाल
ठेगाना : मकवानपुर जिल्ला पालुङ्ग गा.वि.स. वडा नं. ५ हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ५
(ख) श्री डिल कुमारी अर्याल, बाबु : श्री ओम प्रसाद अर्याल, ससुरा : श्री बद्री प्रसाद ढकाल, पति : श्री बिष्णु प्रसाद ढकाल
ठेगाना : धादिङ जिल्ला गोगनपानी गा.वि.स. वडा नं. ८ हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ५
(ग) श्री विवेक ढकाल, बाबु : श्री बिष्णु प्रसाद ढकाल, बाजे : श्री बद्री प्रसाद ढकाल
(घ) श्री विश्वनाथ ढकाल, बाबु : श्री बिष्णु प्रसाद ढकाल, बाजे : श्री बद्री प्रसाद ढकाल
ठेगाना : मकवानपुर जिल्ला थाहा न.पा. वडा नं. ३ हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ५
(ङ) श्री रमिला ढकाल, बाबु : श्री बिष्णु प्रसाद ढकाल, बाजे : श्री बद्री प्रसाद ढकाल
ठेगाना : मकवानपुर जिल्ला पालुङ्ग गा.वि.स. वडा नं. ५ हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ५
कर्जा : व्यक्तिगत ओडी/महालक्ष्मी होम ईक्विटी टर्म कर्जा
धितो सुरक्षणको विवरण : श्री यज्ञ प्रसाद ढकालको नाती, श्री बद्री प्रसाद ढकालको छोरा हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने श्री बिष्णु प्रसाद ढकालको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ५ (नक्सा सि.नं. ५) स्थित कित्ता नं.८३३६ को क्षेत्रफल ०-०-१३.२५ (बि.क.धु) भएको जग्गा/घर तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलिगापात समेत ।

शर्तहरु :
१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/ बैंक ग्यारेण्टी/गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ ।
३. बोलपत्र स्विकृत भएपछि बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ । अन्यथा धरौटी जफत हुनेछ ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ ।
५. बोलपत्र बुझाउने तथा खोल्ने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्य हुनेछन् ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।
७. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्विकृत/अस्विकृत वा आशिंक स्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन ।
९. धरौटी स्वरुप जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन र बोलपत्रको अन्तिम निर्णय भए पश्चात फिर्ता हुनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/५/६ गते बुधबार (कार्यालय समय भित्र)
खोलिने मिति : २०८०/५/७ गते बिहीबार दिनको २:०० बजे
स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालयहरुमा

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असूली विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय चन्द्रपुर, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०४/२४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय चन्द्रपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्वन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० भदौ ०७ गते बिहीबार**का दिन शाखा कार्यालय चन्द्रपुर, रौतहटमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीहरुको विवरण:
१. औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३ङ को ५ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय गौर रौतहटमा मिति २०६६/०८/०३ मा दर्ता नं. ३०६७/९१ कायम भई आन्तरिक राजश्व कार्यालय गौर, रौतहटबाट मिति २०६८/११/२९ मा स्थायी लेखा नं. ३०५४१८१४८ प्राप्त भई रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **जय नारायण मिष्ठान्न भण्डार** (प्रोप्राईटर जोगी साह सोनारको बुहारी, सत्यनारायण साह सोनारको छोरी, जय नारायण साह सोनारको पत्नी, रौतहट जिल्ला डुमरिया (म) गा.वि.स. वडा नं. ०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **घरभरनी देवी** (ना.प्र.नं. ३२३०८२/८३४, जारी मिति २०६४/०१/०९, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।
२. भुईल साह सोनारको नाति, जोगी साह सोनारको छोरा, घरभरनी देवीको पति, रौतहट जिल्ला, डुमरिया गा.वि.स. वडा नं. ०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **जय नारायण साह सोनार** (ना.प्र.नं. ५९७१, जारी मिति २०४५/०२/२३, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. भुईल साह सोनारको नाति, जोगी साह सोनारको छोरा, घरभरनी देवीको पति, रौतहट जिल्ला, डुमरिया गा.वि.स. वडा नं. ०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **जय नारायण साह सोनार** (ना.प्र.नं. ५९७१, जारी मिति २०४५/०२/२३, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।
२. जोगी साह सोनारको बुहारी, सत्यनारायण साह सोनारको छोरी, जय नारायण साह सोनारको पत्नी, रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स. वडा नं. ०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं. १० बस्ने **घरभरनी देवी** (ना.प्र.नं. ३२३०८२/८३४, जारी मिति २०६४/०१/०९, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।
३. जोगी साह सोनारको नाति, जय नारायण साह सोनार/घरभरनी देवीको छोरा, रौतहट जिल्ला डुमरिया (म) गा.वि.स. वडा नं. ०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं. १० बस्ने **लखन साह सोनार** ना.प्र.नं. ३२२०८२/१९०५, जारी मिति २०६६/११/०९, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।
४. अनुप साह सोनार/मन्जु देवी साहको छोरी, जय नारायण साह सोनार/घरभरनी देवीको बुहारी, लखन साह सोनारको पत्नी रौतहट जिल्ला, चन्द्रपुर नपा वडा नं. १३, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं. १० बस्ने **रिना कुमारी साह** ना.प्र.नं. ३२२०८०-६२८, जारी मिति २०७३/०६/१२, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।
५. जोगी साह सोनारको नाति, जय नारायण साह सोनार/घरभरनी देवीको छोरा, रौतहट जिल्ला डुमरिया (म) गा.वि.स. वडा नं. ०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं. १० बस्ने **मखन साह सोनार** ना.प्र.नं. ३२३०८२-८४७, जारी मिति २०६४/०१/०९, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।
६. सुदामा साह सोनारको छोरी, जय नारायण साह सोनार/घरभरनी देवीको बुहारी, मखन साह सोनारको पत्नी रौतहट जिल्ला, चन्द्रपुर नपा, वडा नं. १३, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं. १० बस्ने **रेणु कुमारी साह** ना.प्र.नं. ३२२०८०/३७१६, जारी मिति २०७२/०३/२०, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।
७. जोगी साह सोनारको नाति, जय नारायण साह सोनार/घरभरनी देवीको छोरा, रौतहट जिल्ला डुमरिया (म) गा.वि.स. वडा नं. ०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं. १० बस्ने **विजय साह सोनार** ना.प्र.नं. ३२२०८२/२६८, जारी मिति २०७०/०४/२२, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।
८. राज कुमार साह स/लिला देवीको छोरी, जय नारायण साह सोनार/घरभरनी देवीको बुहारी, विजय साह सोनारको पत्नी रौतहट जिल्ला चन्द्रपुर न.पा, वडा नं. १३, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं. १० बस्ने **रेखा कुमारी साह** ना.प्र.नं. ३२२०८०/२२४८, जारी मिति २०७३/११/०९, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।

लिलाम हुने सम्पतीको विवरण:
१. **घरभरनी देवी**को नाममा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स वडा नं ०४, स्थित कित्ता नं १६३७ र १६५४ क्षेत्रफल क्रमश: ०-१-०-० र ०-०-५-० (बि-क-धु-कं) जग्गा तथा सोमा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० भदौ ०६ गते** भित्र बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय चन्द्रपुर, रौतहटबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० भदौ ०७ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्वन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै ब्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्वन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० भदौ ०७ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय चन्द्रपुर, रौतहट फोन नं. ०५५-५४०७५६/५७

पेप्सीकोलाको खहरे खोला व्यवस्थापन गर्ने निर्णय



काठमाडौं/ कागेश्वरी-मनोहरा नगरपालिका वडा नम्बर ९ र काठमाडौं महानगरपालिका वडा नम्बर ३२ को सिमानामा रहेको खहरे खोला संरक्षण गर्ने गरी दुवै नगरपालिकाका जनप्रतिनिधि र स्थानीयबीच दुईबुँदे निर्णय भएको छ । बस्ती विस्तारसँगै मासिँदै गएको खोला संरक्षण र बर्खाका वेला खोला अवरुद्ध हुँदा बस्ती डुबानमा पर्ने थालेपछि समस्या समाधानका लागि मंगलबार बैठक बसेको हो ।

उक्त बैठकले समस्या समाधानका लागि काठमाडौं महानगर, कागेश्वरी नगरपालिका, नागरिक उड्डयन प्राधिकरण, उपत्यका विकास प्राधिकरणसहित स्थानीयसँग आगामी दिनमा बृहत् छलफल गर्ने निर्णय गरेको छ । यस्तै, खहरे खोलामा सहजै पानी बग्ने अवस्थाका लागि प्राविधिकको सल्लाहमा तत्काल जाम खोल्ने निर्णय भएको छ । यसका लागि दुवै पालिकाका स्थानीयलाई सहयोग गर्न आग्रह पनि गरिएको छ ।

बैठकमा कागेश्वरी महानगरका मेयर उपेन्द्र कार्कीसहित वडा नम्बर ८, ९ का वडाध्यक्ष एवं काठमाडौं महानगरपालिका-३२ का वडाध्यक्ष नवराज पराजुलीको उपस्थिति थियो । यस्तै, दुवै पालिकाका अन्य जनप्रतिनिधि एवं सार्वजनिक संस्थाका प्रतिनिधिको पनि उपस्थिति थियो ।

गौरव र स्वर्णिय योजना चालू आवमै कार्यान्वयनमा ल्याउँदै महानगर

काठमाडौं/ काठमाडौं महानगरपालिकाले चालू आर्थिक वर्षमै गौरव र स्वर्णिम योजना कार्यान्वयनमा ल्याउने गरी 'गौरव तथा स्वर्णिम योजना सञ्चालन कार्यविधि ०८०' को मस्यौदा तयार भएको छ । गत २१ असारको प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयअनुसार योजना, अनुगमन तथा मूल्यांकन एकाइका प्रमुखको संयोजकत्वमा कार्यविधि तयार पार्न कार्यदल गठन भएको थियो । कार्यदलका संयोजक एवं एकाइका प्रमुख नरेन्द्रविलास बज्राचार्यसहित सदस्यहरूको टोलीले मंगलबार प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीलाई कार्यविधिको मस्यौदा बुझाएको हो ।

'गौरवका योजना र स्वर्णिम योजनासँग महानगरको प्रतिष्ठा जोडिएको छ । सहरी विकास र व्यवस्थापनका बहुपक्षीय आयामसँग जोडिएको छ । यी योजना कार्यान्वयन गर्न क्षेत्रगत कार्यविधि तयार पार्नुपर्नेछ । आज एउटा कार्यविधि तयार भएको छ । अन्य कार्यविधि निर्माण गर्न जिम्मेवारी दिइएको छ । सबै कार्यविधि प्राप्त भएपछि यसलाई निर्णय प्रक्रियामा लैजान्छौँ,' मस्यौदा ग्रहण गरिसकेपछि संक्षिप्त प्रतिक्रिया दिँदै प्रमुख प्रशासकीय अधिकृत अधिकारीले भने ।

'गौरव तथा स्वर्णिम योजना सञ्चालन कार्यविधि ०८०' को मस्यौदा तयार

इकाइका प्रमुख बज्राचार्यले, महानगरपालिकाको समग्र विकास तथा सुधार गर्न, रणनीतिक र रूपान्तरणकारी योजना कार्यान्वयनमा कार्यविधिले सहजीकरण गर्ने बताए । इकाइका उपनिर्देशक प्रह्लाद घिमिरेका अनुसार स्वर्णिम र गौरवका योजना कार्यान्वयनको समग्र पक्षलाई सहजीकरण गर्न सघाउ पुगोस् भन्ने उद्देश्यले यो कार्यविधि तर्जुमा गरिएको हो । कार्यविधिमा सात परिच्छेद र तीन अनुसूची छन् । निर्देशक समिति, कार्यसमिति, यी समितिका काम, कर्तव्य र अधिकार, सहरी योजना आयोग, विभाग, एकाइ र सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार, बजेट, अनुगमन, मूल्यांकन तथा प्रतिवेदनको व्यवस्था कार्यविधिमा मुख्य विशेषता हो ।

कार्यदलमा प्रशासन विभागका प्रमुख दीपक अधिकारी, कानुन तथा मानव अधिकार विभागका प्रमुख वसन्त आचार्य, खरिद एकाइका प्रमुख डा. शिवराज अधिकारी, उपनिर्देशक (वित्त विभाग) विकास चित्रकार, उपनिर्देशक (योजना, अनुगमन तथा मूल्यांकन एकाइ) प्रह्लाद घिमिरे सदस्य छन् ।

यसैगरी, संघीय र प्रदेश सरकारको समेत प्रतिनिधित्व हुने गरी राष्ट्रिय योजना आयोगका अधिकृत प्रतिनिधि कैलाश न्यौपाने र बागमती प्रदेशअन्तर्गतको सहरी विकास तथा भवन कार्यालयका अधिकृत प्रकाश गजुरेल र बागमती प्रदेशअन्तर्गतकै पूर्वाधार विकास कार्यालय ललितपुरका अधिकृत प्रतीक्षा सिलवाल सदस्य छन् भने योजना, अनुगमन तथा मूल्यांकन एकाइका लेखाअधिकृत मनोज श्रेष्ठ सदस्य-सचिव छन् ।

■ सय किलो सुन तस्करीबारे सदनमा गृहमन्त्रीको जवाफ

३५ दिन सिआइबीको अनुसन्धान कुरौँ, दुर्नियत देखिए बहस गरौँ

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले झन्डै एक क्विन्टल सुन तस्करी प्रकरणमा समानान्तर छानबिन समिति बनाउन नसकिने स्पष्ट पारेको छ। उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले मंगलबार प्रतिनिधिसभामा सांसदहरूको प्रश्नको जवाफ दिँदै ३५ दिन कुर्न पनि आग्रह गरेका छन्। सुन तस्करी प्रकरणमा छानबिन गरिरहेको राज्य संयन्त्रलाई नै अनुसन्धान गर्न दिएर दोषीलाई कारबाहीको दायरामा ल्याउने सकारात्मक वातावरण निर्माण गर्न उनले अपिलसमेत गरे।

सदनलाई बन्धक बनाएको चौतर्फी प्रश्नपछि मंगलबार आकस्मिक समयमा दलीय आधारमा समसामयिक विषयवस्तु राख्ने र गृहमन्त्री श्रेष्ठले जवाफ दिने गरी बैठक सञ्चालन गर्ने सहमति बनेको थियो। उनले झन्डै एक घन्टा समय लगाएर जवाफ दिए। श्रेष्ठले यो प्रकरणले देशको निष्ठा, छवि र राजस्वमा नकारात्मक असर पारेको र अर्थतन्त्रमा समस्या पैदा गरेको, हुन्डीलगायतका अवाञ्छित गतिविधिलाई प्रोत्साहित गरेको, संगठित अपराधको जोखिम बढाएको, राष्ट्रिय सुरक्षाप्रति ध्यानाकर्षण गराएको, छिमेकी राष्ट्रको अर्थतन्त्रमा समेत नकारात्मक असर पुर्‍याएकाले सरकारले गम्भीरतापूर्वक लिएको बताए। उनले घटनालाई छानबिन गरेर हरहालतमा दोषी, अपराधी र तस्करलाई पहिचान गरेर कानुनको दायरामा ल्याउने र कारबाही गर्ने तथा यसप्रकारका घटना पुनरावृत्ति हुन नदिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा र व्यवस्थापन पुनरावलोकन गरेर नयाँ नीति, निर्णय र कार्ययोजना लागू गर्ने दुइटा कार्यभार पनि सुनाए।

मन्त्री श्रेष्ठले २ साउनमा राजस्व अनुसन्धान विभागले समातेको सुन जोख्दा १५५ किलो तौल भएको पाइएको जानकारी गराए। २० दिनको अनुसन्धानबाट संगठित अपराध जोडिएपछि राजस्वले अनुसन्धान प्रतिवेदनसहित २१ साउनमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई हस्तान्तरण गरेको र सिआइबीले अनुसन्धान थालेकाले यो प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउने प्रतिबद्धता पनि उनले जनाए।

केपी ओलीको पालामा बनेको छानबिन समितिको प्रतिवेदनले ०७० देखि ०७४ सम्म सात हजार ९९९ किलो सुन भित्रिएको, तर अत्तोपत्तो नलागेको देखाएको, पछिल्लो ३३ किलो सुनमा अनुसन्धान गर्दा पनि एक ग्राम सुन पनि नभेटिएको, अहिले पनि बरामद भएकोभन्दा धेरै सुन आएको भन्दै गृहमन्त्री श्रेष्ठले यसलाई निस्तेज पार्न तस्करलाई कारबाही, नीतिगत र व्यवस्थापकीय सुधारमा सरकार लागेको बताए। 'सुन तस्करीको ट्रान्जिट प्वाइन्ट नेपाल बनाइँदै छ। ट्रान्स नेसनल कनेक्सनसहित नेपाललाई ट्रान्जिट बनाउने, नेपालको सुरक्षा र अर्थतन्त्रलाई धराशयी बनाउने, सँगसँगै छिमेकी राष्ट्रलाई नकारात्मक असर पुर्‍याउने काम यसबाट भइरहेको देखिन्छ। अब सरकार चुप लागेर बस्दैन,' उनले भने। ३३ किलो सुनकाण्डमा राज्यका संयन्त्रलाई जिम्मा नदिएर छानबिन समिति बनाउँदा प्रतिवेदन कार्यान्वयन नभएको, एक ग्राम पनि सुन पत्ता नलागेको, यो प्रक्रिया निरर्थक भएको उल्लेख गर्दै श्रेष्ठले प्रतिप्रश्न गरे, 'अनुसन्धान गरेर आफैँ अभियोजन गर्ने



● **नारायणकाजी श्रेष्ठ**, गृहमन्त्री

'अहिले एउटा अनुसन्धान नसकिँदै अर्को समानान्तर छानबिन समिति बनाउ भन्नु राज्यको मूलभूत मान्यताविपरीत हुन्छ। अबको ३५ दिनमा सिआइबीले अनुसन्धान गर्दा कुनै दुर्नियत देखियो वा यसले छानबिनलाई तार्किक निष्कर्षमा पुर्‍याउन सकेन भने नयाँ शिराबाट बहस गरौँ।



● **विश्वप्रकाश शर्मा**, महामन्त्री, कांग्रेस

राजनीतिक दलहरूको बीचमा सहमति हुन्छ र छानबिन हुन्छ अनि लोकतान्त्रिक संविधानले परिकल्पना गरेका संस्थाहरू टुलुटुलु हामीले गरेको छानबिन हेरेर बस्छ ? सिआइबीप्रति अविश्वास हो ? हामी कस्तो समाज र राज्य प्रणाली बनाउन चाहन्छौँ ? के राजनीतिक दलहरूको बीचमा सहमति भएर बन्ने संस्था मात्रै अनुसन्धानमा सक्षम हुन्छन् ?



● **योगेश भट्टराई**, सचिव, एमाले

अर्थमन्त्रीलाई, प्रधानमन्त्री कार्यालयसँग हाम्रो प्रश्न छ, राष्ट्रिय अनुसन्धान विभागसँग पनि प्रश्न छ। त्यति धेरै निकाय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हुँदा कहाँ सुतेका थिए ? तिनीहरूमाथि प्रश्न उठ्यो कि उठेन ? सीआईबीले प्रश्न उठायो ? राजस्व अनुसन्धानले उठाउँछ ? भन्सार विभागले उठायो ? अध्यागमन कहाँ छ ? एयरपोर्ट म्यानेजमेन्ट कहाँ छ ? यी तमाम विषयको छानबिन नगरीकन यो विषयको फ्याक्ट फाइन्डिङ हुन सक्दैन।



● **रवि लामिछाने**, अध्यक्ष, रास्वपा

सरकारले एयरपोर्टमा एउटा हातले छोडे पनि सिनामंगलमा अर्को हातले समायो भनेर खुसी हुन त सकिन्छ होला, तर सिनामंगलबाट लातले प्वाक्क हानेर भनेर छोड्दियो पनि भन्न सकिन्छ होला नि। सिनामंगलमा नसमातेको भए मालिककहाँ पुग्थ्यो होला नि ? दुइटा हात र अर्को खुट्टा पनि चलाएको हो कि भनेर त्यो अर्को खुट्टा हामीले यहाँ ल्याउन खोज्दै छौँ।

प्रक्रियामा नदिएर कुनै समिति गठन गर्ने, प्रतिवेदन बनाएर लागू गर्ने वा नगर्नेको अर्को व्यथामा हामी किन जाने ?' त्यसकारण उच्चस्तरीय छानबिन समिति बनाएर होइन, राज्यको संयन्त्रलाई नै जिम्मा दिनुपर्ने उनको तर्क थियो।

मन्त्री श्रेष्ठले 'सिनामंगलमा पक्रेको सुनलाई मालिकसम्म जान दिएको भए हुन्थ्यो' भन्ने रास्वपा सभापति रवि लामिछानेको जिज्ञासाको जवाफ पनि दिए। 'यो पनि एउटा कोण त हो। तर, ३३ किलो सुन बाटैमा छिनेर मान्छेको हत्या पनि गरियो, सुन पनि पाइएन। मान्छेको हत्याको ठूलो शृंखला चल्यो। त्यसकारणले त्यसको सुनिश्चितताका बारेमा पनि हामीले सोच्नुपर्ने हुन्छ। राजस्व अनुसन्धानले त्योसमेतलाई ध्यान दिएर पक्रेको हो,' उनले भने।

यसअघि लामिछानेले गृहमन्त्रीलाई भनेका थिए– 'सरकारले एयरपोर्टमा एउटा हातले छोडे पनि सिनामंगलमा अर्को हातले समायो भनेर खुसी हुन त सकिन्छ होला, तर सिनामंगलबाट लातले प्वाक्क हान्यो भनेर छोड्दियो पनि भन्न सकिन्छ होला नि। सिनामंगलमा नसमातेको भए मालिककहाँ पुग्थ्यो होला नि ? दुइटा हात र अर्को खुट्टा पनि चलाएको हो कि भनेर त्यो अर्को खुट्टा हामीले यहाँ ल्याउन खोज्दै छौँ। गृहमन्त्रीज्यूका कामकारबाहीप्रति उहाँलाई व्यक्तिगत रूपमा पनि र पार्टीगत रूपमा पनि हौसला बढाउनका निम्ति अगाडि बढेको राजनीतिक दल हौँ हामी।'

राजस्व अनुसन्धान विभागले २० दिन अनुसन्धान गरिसकेको, संगठित अपराधमा ६० दिनको हदम्यादमा सिआइबीसँग ४० दिन बाँकी रहेको, त्यसमा पनि पाँच दिन सरकारी वकिल कार्यालयले अभियोजनको तयारीमा लिने भएकाले ३५ दिनको अनुसन्धानमा सिआइबीले तस्करको नेक्सस पहिचान गरेर दोषीहरूलाई कारबाहीको दायरामा ल्याउने गृहमन्त्री श्रेष्ठले विश्वास दिलाए। राज्य संयन्त्रले आफैँ अनुसन्धान गर्ने र आफैँ अभियोजन गर्ने भएकाले प्रभावकारी हुने उनको जिकिर थियो। राज्य संयन्त्रको अनुसन्धानमा अपराधी लुकाउने दुर्नियत देखिए त्यसपछाडि नयाँ शिराबाट जान सकिने मन्त्री श्रेष्ठले स्पष्ट पारे। 'अहिले एउटा अनुसन्धान नसकिँदै अर्को समानान्तर छानबिन समिति बनाउ भन्नु राज्यको मूलभूत मान्यताविपरीत हुन्छ। यो ३५ दिनमा सिआइबीले अनुसन्धान गर्दा कुनै दुर्नियत देखियो वा यसले छानबिनलाई तार्किक निष्कर्षमा पुर्‍याउन सकेन भने नयाँ शिराबाट बहस गरौँ। तर, यसलाई डिरेल गर्ने काम नगरौँ,' उनले भने, 'यो देशमा तस्करीलाई छुट दिनैहुँदैन। भ्रष्टाचारीलाई छुट दिनुहुँदैन। यो नेक्ससलाई त तोड्नैपर्छ।'

समानान्तर समिति बनाउन नमिल्ने तर्कलाई स्थापित गर्न मन्त्री श्रेष्ठले अर्को उदाहरण दिए। 'सरकारले कानुन लागू गर्छ। तर, अब मन्त्रिपरिषद्लाई विश्वास भएन, यो सरकारले कानुन के लागू गर्ला, अर्को मन्त्रिपरिषद् समानान्तर बनाइदिऊन् भन्न मिल्छ ?' उनले भने, 'वैधानिक रूपले त यही सरकार छानेको हो, तर यो सरकारले कानुन लागू गर्छ गर्दैन ? विश्वास छैन भनेर अर्को समानान्तर सरकार बनाऊ भन्न मिल्छ र ? राज्यको मूलभूत मान्यता त छ नि। त्यसलाई फलो गर्नुपर्‍यो।'

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले सुन प्रकरणमा एमालेको मागले राज्यका निकायमाथि अविश्वास पैदा गर्ने बताए। 'राजनीतिक दलहरूको बीचमा सहमति हुन्छ र छानबिन हुन्छ अनि लोकतान्त्रिक संविधानले परिकल्पना गरेका संस्थाहरू टुलुटुलु हामीले गरेको छानबिन हेरेर बस्छ ? सिआइबीप्रति अविश्वास हो ? हामी कस्तो समाज र राज्य प्रणाली बनाउन चाहन्छौँ ?' शर्माले प्रश्न गरे, 'के राजनीतिक दलहरूको बीचमा सहमति भएर बन्ने संस्था मात्रै अनुसन्धानमा सक्षम हुन्छन् ?'

भेपबाट सुन तस्करीमा माओवादी नेता कृष्णबहादुर महरा बाबुछोराको कनेक्सन देखिएको भन्ने प्रश्नमा मन्त्री श्रेष्ठले अनुसन्धान र तथ्य प्रमाणले संलग्नता देखाए माओवादी वा कुनै पार्टी होस् कोही नबच्ने स्पष्ट पारे। 'इलेक्ट्रिक सिगरेट (भेप)को सन्दर्भमा जो-जो दोषी छन्, तथ्य प्रमाणले भेट्दा दोषी देखिएकाहरू सबै कारबाहीको दायरामा आउँछन्,' उनले भने। यसको फाइल गृहमन्त्रीको टेबलमा आउँदा पनि किन कारबाही भएन भन्ने योगेश भट्टराईको जिज्ञासामा श्रेष्ठले भने, 'तर त्यो फाइल मेरो टेबलमा आउँछ भन्ने सत्य होइन। त्यो फाइल सिआइबीसँगै छ, सिआइबीले नै कारबाही गर्छ,' मन्त्री श्रेष्ठले भने, 'नेतृत्वको हिसाबले तपाईहरू स्वच्छ, निष्पक्ष ढंगले तथ्यप्रमाणले जे देखाउँछ त्यहाँसम्म जानुस् भन्ने हो। को व्यक्ति पक्रिने, को नपक्रिने भन्ने हामीले निर्देशन दिने होइन। तथ्य प्रमाणले जे देखाउँछ, त्यसका आधारमा गरौँ भन्ने हामी हौँ। अहिले हामी त्यही भनिरहेका छौँ।'

प्रमुख प्रतिपक्षी एमालेले भने सिनामंगलबाट समातिएको सुन प्रकरणमा केही गम्भीर प्रश्न रहेको र त्यसको निवारणका लागि उच्चस्तरीय समिति नै आवश्यक पर्ने भन्दै सदनमा अवरोध जारी राखेको छ। अवरोधका कारण मंगलबार पनि सदन नियमित कार्यसूचीमा प्रवेश गर्न सकेन। सभामुख देवराज घिमिरेले बुधबारसम्मका लागि बैठक स्थगित गरेका छन्। उच्चस्तरीय छानबिन समिति गठनको विषयले सदन १० साउनदेखि अवरुद्ध छ। पछिल्ला दिनमा शीर्ष तहमा चरणबद्ध छलफल भए पनि उच्चस्तरीय समिति बनाउने विषयमा सहमतिको बिन्दु फेला परेको छैन।

■ विपक्षीमाथि प्रश्नैप्रश्न

गृहमन्त्री श्रेष्ठले सुन तस्करी प्रकरणमा आफूमाथि गरिएको आशंकामा नैतिकतासँग जोडेर जवाफ दिए। उनले ओलीको पालाको ३३ किलो सुनको अनुसन्धानको असफलतालाई जोडे। '३३ किलो सुन तस्करीको छानबिन समिति बनाइयो, त्यतिखेर पत्ता लागेन। पत्ता नलागेपछि तर्क गर्न सकिन्छ भनेर त्यो ३३ किलो सुन पक्का त्यतिखेरको प्रधानमन्त्री, सरकार, गृहमन्त्रीले लुकाएको भन्न मिल्छ र ? अनुसन्धान पुगेन भने अहिले नै थप गरेर पुर्‍याऊ। तर, अनैतिक भएर यसलाई त भन्न पाइन्छ, ३३ किलो सुन कहाँ लगेका थिए ? तैँले लुकाएको हो, यसको दोषी तै होस् भन्नु हुन्छ र ?' उनले प्रश्न गरे। श्रेष्ठले निर्मला पन्तको सुल्झिन नसकेको अनुसन्धान प्रक्रियालाई पनि जोडे। 'निर्मला पन्तको हत्याको सरकारले छानबिन गर्‍यो, हत्यारा पत्ता लगाउन सकेन। यो दुःखको कुरा हो। अझै पनि हामी प्रयत्न गरिरहेका छौँ। तर, सरकारका पक्षमा भएका मान्छे हत्यारा हुनुपर्छ, नभए किन पत्ता लागेन, तिमीहरू नै हौ हत्यारा भन्नु नैतिकता हुन्छ र ? राजनीतिलाई फेरौँ। अहिले यो अनुसन्धानलाई निष्कर्षमा पुर्‍याएर तस्करलाई कारबाहीको दायरामा ल्याऔँ। त्यसमा म दृढ छु,' उनले भने।

● गृहमन्त्रीको जवाफप्रति एमाले असन्तुष्ट, सदन अवरोधलाई निरन्तरता

सुन तस्करीका विषयमा गृहमन्त्री श्रेष्ठले संसद्मा दिएको जवाफप्रति एमाले असन्तुष्ट देखिएको छ। जवाफप्रति चित्त नबुझेको भन्दै एमालेले सदन अवरोधलाई निरन्तरता दिएको छ। सिआइबीले सुन तस्करीमा छानबिन सकेपछि चित्त नबुझेको अवस्थामा मात्र अलग्गै उच्चस्तरीय छानबिन समिति बनाउन सकिने सत्तापक्षको प्रस्तावलाई एमालेले अस्वीकार गरेको छ। एमाले सचेतक महेश बर्तौलाले आफूहरूले उठाएको विषयभन्दा बाहिर गएर गृहमन्त्री श्रेष्ठले अभिव्यक्ति दिएकाले उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने माग कायमै रहेको बताए। उनले संसद् सरकारको कारणले अवरोध भएको दाबी गर्दै गृहमन्त्रीले उल्टै एमालेप्रति आरोप लगाउन खोजेको भन्दै आपत्ति जनाए।

■ 'कोट र टार'मा स्पष्टीकरण

मन्त्री श्रेष्ठले कुनै कोट र टारले उन्मुक्ति पाउँदैन भन्ने आफ्नो अभिव्यक्तिमा विपक्षी दलका नेता ओलीले असन्तुष्टि जनाएको विषयमा पनि सदनमा जवाफ दिए। सुन प्रकरणको घटनापछि आफू प्रत्यक्ष घटनास्थल बुझ्न विमानस्थल गएको र निरीक्षणका क्रममा यो अभिव्यक्ति दिएको बताए। 'निरीक्षणका वेला सञ्चारकर्मीले बालुवाटार, बालकोट, बुढानीलकण्ठ र दलहरूले यो अनुसन्धान रोक भन्यो भने तपाईं के गर्नुहुन्छ भनेर सोधेपछि मैले सरल ढंगले कुनै टार, कोट, राजनीतिक पार्टी कसैको केही हुँदैन भनेको हुँ,' उनले भने, 'स्वतन्त्र र स्वच्छ ढंगले अनुसन्धान प्रक्रिया अगाडि बढ्छ, कहीँकतैबाट दबाब आउँदैन, आयो भने पनि स्वीकार गरिँदैन भन्ने मेरो सार हो।' टारको कुरा गर्दा प्रधानमन्त्री नै बालुवाटार बस्ने र जसको नेतृत्व तथा मार्गनिर्देशनमा काम गरिरहेको हो, त्यहाँ आरोपित गरे भन्न नमिल्ने उनले जिकिर गरे। 'कानुनले जसलाई दोषी देख्छ, त्यसलाई छोडिँदैन भनेको हो,' उनले भने, 'फेरि पनि कसैलाई चोट पुगेको भए दुःख व्यक्त गर्न चाहन्छु।'

गृहमन्त्री श्रेष्ठले सांसदले उठाएका अन्य विषयमा पनि जवाफ दिएका थिए। ललितानिवास जग्गा प्रकरणमा नेतृत्व तहलाई छानबिनको दायरामा नल्याएको भन्ने प्रश्नमा उनले अनुसन्धान जारी रहेको बताए। 'ललितानिवासमा अदालतको आदेशले अनुसन्धानका लागि थप आधार दिएको छ। तर, अनुसन्धान सकेर अभियोजनमा गइसकेको अवस्था होइन। सिआइबीले अनुसन्धान जारी राखेको छ, स्वच्छ र निष्पक्ष ढंगले तथ्य र प्रमाणका आधारमा अनुसन्धान हुन्छ। तथ्य प्रमाणका आधारमा जाने हो। को मान्छे तान्ने, कसलाई नतान्ने हुँदैन। अनुसन्धान र तथ्य प्रमाणका आधारमा अघि बढ्छौँ,' उनले भने। तथ्य प्रमाणका आधारमा दोषी भेटिएकालाई कानुनी दायरामा ल्याउने काम गरिएको उनले स्पष्ट पारे।

डेढ करोड गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा मुद्दा

काठमाडौं/ एक करोड ५६ लाख गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार कपिलवस्तुको कृष्णनगर नगरपालिकाका पाँचौँ तह (नासुसरह) का साकिर अहमदविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। उनले पदको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको अख्तियारको आरोप छ।

अख्तियारले अहमद सरकारी सेवा प्रवेश गरेको १५ माघ ०४८ देखि ३० असोज ०७८ सम्मको समग्र आय तथा व्ययको विश्लेषण गरेको छ। पारिश्रमिक, घरजग्गा बिक्री, विभिन्न भत्ता, कर्जा तथा कृषि आय, रेमिट्यान्स, सवारीसाधन बिक्री, निर्माण सेवा आम्दानी र बैंक ब्याजबाट प्राप्तसमेत गरी उक्त अवधिमा वैध आयतर्फ उनको कुल आम्दानी एक करोड १६ लाख ५३ हजार नौ सय ५७ रुपैयाँ देखिएको छ।

बैंकको ऋण चुक्ता, अध्ययन खर्च, कम्पनी लगानी, जग्गा खरिद र रजिस्ट्रेसन दस्तुर, ऋण दिएको, पुँजीगत लाभकर, सेयर खरिद, सवारीसाधन खरिद, विद्युतीय उपकरण खरिद र बैंक मौज्दातसमेत गरी खर्च तथा लगानीतर्फ कुल दुई करोड ७२ लाख ३३ हजार ६ सय ५२ रुपैयाँ देखिएको आरोपपत्रमा उल्लेख छ। सिर्जित आयबाट निजको व्यय घटाउँदा हुन आउने एक करोड ५५ लाख ७९ हजार ६ सय ९५ बराबरको खर्च तथा लगानी (सम्पत्ति)को वैधानिक स्रोत नखुलेको अख्तियारको दाबी छ। वैधानिक आयको तुलनामा खर्च एवं लगानीसहितको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिएको अख्तियारद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

'वैधानिक रूपले आर्जित सम्पत्तिको अनुपातमा मनासिव नदेखिने किसिमको निज र निजको परिवारले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको प्रमाणित हुन आएको हुँदा निज साकिर अहमदले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि आयो,' आरोपपत्रमा उल्लेख छ।

अहमदविरुद्ध स्रोत नखुलेको एक करोड ५५ लाख ७९ हजार ६ सय ९५ लाई नै बिगो कायम गरेर अख्तियारले अदालतमा मुद्दा दायर गरेको छ। बिगो र जरिवाना जफत गरी पाउन मागदाबी अख्तियारले लिएको छ। सार्वजनिक सेवाको पदमा रहेर पदको दुरुपयोग गरी गैरकानुनी रूपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्ति पत्नी नुर जहाँ र छोरा साजन साहसमेतको नाममा जग्गा खरिद, सेयर खरिद, विभिन्न कम्पनीमा लगानी तथा बैंक खातामा रकम जम्मा गर्ने गरेका थिए। स्रोत पुष्टि हुन नसकेको लागत मूल्यबराबरको भागको स्रोत नखुलेको सम्पत्ति बिगो जफत गर्ने प्रयोजनका लागि अख्तियारले पत्नी र छोरालाई पनि प्रतिवादी बनाएको छ।

भ्रष्टाचार अभियोग लागेका ६ जनालाई सफाइ

काठमाडौं/ चुरे भावर संरक्षण कार्यक्रमअन्तर्गत मोरङको पथरी शनिश्चरे नगरपालिकाभित्र बजेट हिनामिना भएको घटनामा मुछिएका सबैले सफाइ पाएका छन्। मंगलबार विशेष अदालतका न्यायाधीशद्वय श्रीकान्त पौडेल तथा खुसीप्रसाद थारूको इजलासले नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अम्बिकाप्रसाद धमलासमेत ६ जनालाई सफाइ दिने फैसला गरेको हो। अख्तियारले धमलासमेतलाई प्रतिवादी कायम गरी १९ चैत ०७७ मा मुद्दा चलाएको थियो। नगरपालिकालाई पोखरी निर्माणका लागि प्राप्त भएको रकम धमलासमेतले मिलेमतोमा भ्रष्टाचार गरी पोखरी निर्माण भएको भनी बिल पेस गरेको दाबी अख्तियारले गरेको थियो। तर, यो मुद्दामा दुई वर्षपछि सबैले सफाइ पाउने गरी फैसला भएको हो। धमलाका साथै इन्जिनियर कृष्णप्रसाद कोइराला र असिस्टेन्ट सबइन्जिनियर लीलाराज भट्टराईले पोखरी निर्माण भइसकेको भनी गलत कार्यसम्पन्न प्रतिवेदन तयार तथा स्वीकृत गरेको अभियोगपत्रमा उल्लेख थियो। नगरपालिकाको योजना तथा कार्यक्रम अनुगमन समितिमा रहेका उनीहरूले हुँदैनभएको कामका लागि भुक्तानी सिफारिस गरेको अख्तियारको अनुसन्धानले देखाएको थियो। चुरे संरक्षण पोखरी निर्माण उपभोक्ता समितिका अध्यक्ष कुलबहादुर गुरुङ, सचिव नवीन ढकाल, कोषाध्यक्ष विनिता देवानसँगको मिलेमतोमा उक्त गैरकानुनी काम भएको दाबी अभियोगपत्रमा थियो।

किसान र पशु चिकित्सकसमेत ६ जना भ्रष्टाचारी ठहर

काठमाडौं/ अनुदान पाएको रकम हिनामिना गर्ने किसानसमेत ६ जनालाई विशेष अदालतले भ्रष्टाचार कसुरमा सजाय सुनाएको छ। कपिलवस्तुको शिवराज नगरपालिकामा बाख्रापालनका लागि पाएको ६ लाख रुपैयाँ सरकारी रकम कुनै काम नै नगरी मासी खाएको भन्दै साढे तीन वर्षअघि विशेष अदालतमा मुद्दा दायर भएको थियो।

न्यायाधीशत्रय यमुना भट्टराई, शालिग्राम कोइराला तथा बलभद्र बास्तोलाको इजलासले केहीलाई सजाय र केहीलाई जरिवाना तथा बिगो भराउने आदेश गरेको हो। विशेषका अधिकृत यज्ञराज रेग्मीका अनुसार भ्रष्टाचारमा बिगो पाँच लाख ७६ हजार रुपैयाँ रहेकोमा दामासाहीले प्रतिवादीहरूलाई बिगो भराउने फैसला भएको छ। 'बिगो रकमको दामासाहीले हुन आउने जनही ९६ हजार रुपैयाँ बिगो सबै प्रतिवादीबाट भराउने फैसला भएको छ,' रेग्मीले भने, 'प्रतिवादीहरूमध्ये दुर्गाप्रसाद खनाल र उमेश चौधरीका साथै विवेककुमार गुप्तालाई कैद सजाय नभई जरिवाना तथा बिगो असुलउपर गर्ने फैसला भएको छ।' उनीहरू तीनैजनाबाट बिगोका साथै एक लाख ९२ हजार रुपैयाँ जरिवाना भराउनेसमेत फैसलामा उल्लेख छ। उनीहरूलाई भ्रष्टाचार निवारण ऐनको दफा ८(४) बमोजिम सजाय तोकिएको रेग्मीले जानकारी दिए। खनाल र चौधरी नवप्रगतिशील बहुउद्देश्यीय कृषक समूहका अध्यक्ष र सचिव हुन्। उनीहरूले बैठकको गलत निर्णय तयार गरी बाख्रापालनका लागि भन्दै खोर निर्माण तथा बाख्रा खरिदलगायतका फर्जी कागजात बनाए र भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रमा पेस गरेको भेटिएको थियो। कन्सल्टेन्सी सञ्चालक इन्जिनियर विवेककुमार गुप्ताले भने बाख्रा फार्मको स्थलगत निरीक्षण, नापजाँच तथा निर्माण सम्पन्न भएको भन्दै लिखत तयार गरेका थिए।

रोल्पामा बस दुर्घटना, चारको मृत्यु



रोल्पामा **नवीन लोचनमगर**

रोल्पाको त्रिवेणी गाउँपालिका- ७ ऋचीमा मंगलबार बस दुर्घटना हुँदा चारजनाको मृत्यु भएको छ। बागमारादेखि दाङको घोराहीका लागि छुटेको ना५ख २६१२ नम्बरको बस ऋचीमा दुर्घटनामा परेको हो। प्रहरीका अनुसार दुर्घटनामा ज्यान गुमाउनेमा माडी गाउँपालिका- २ का २१ वर्षीय प्रकाश बाँठा, माडी गाउँपालिका- ४ का ५० वर्षीय गोरख डाँगी र उनकी श्रीमती ५० वर्षीया हस्ता डाँगी तथा परिवर्तन गाउँपालिका- ३ का ४६ वर्षीय भक्तबहादुर विक छन्। बसमा बागमाराबाट १८ जनाले टिकट काटेको भनिए पनि बाटोमा अन्य यात्रु पनि थपिएका थिए। सहिद मार्गको ऋचीमा कच्ची सडक र हिलाम्मे भएका कारण चिप्लिएर दुर्घटना भएको हुन सक्ने प्रारम्भिक अनुमान रहेको प्रहरी नायब उपरीक्षक श्याम सारुमगरले जानकारी दिए। दुर्घटनामा गाडीचालक हुमराज बस्नेतसहित १९ जना घाइते भएका छन्। घाइतेलाई थप उपचारका लागि जिप र एम्बुलेन्ससमार्फत दाङको घोराही पठाइएको छ।

२८ साउनदेखि निजी विद्यालय बन्द गर्ने घोषणा

काठमाडौं/ विद्यालय शिक्षा विधेयकलाई लिएर निजी विद्यालय सञ्चालकहरूले २८ साउनदेखि अनिश्चितकालसम्मका लागि निजी विद्यालय बन्द गर्ने घोषणा गरेका छन्। मंगलबार पत्रकार सम्मेलन गर्दै प्याब्सन, नेसनल प्याब्सन र हिसानले आन्दोलनका कार्यक्रम सार्वजनिकसँगै विद्यालय बन्दको घोषणा गरेका हुन्। सरकारले विद्यालय शिक्षा ऐनको विधेयक मन्त्रिपरिषद्बाट पारित गरी संसद्मा पेस गर्ने तयारी गरेको छ। प्याब्सन अध्यक्ष डिके ढुंगानाले सरकारले निजी विद्यालयलाई निरुत्साहित र नियन्त्रण गर्ने गरी कानुन निर्माण गर्न लागेको भन्दै आन्दोलनका कार्यक्रम घोषणा गरिएको जानकारी दिए। उनका अनुसार २४ साउनमा देभरका पालिका, शिक्षा समन्वय एकाइ र सबै प्रदेशमा ज्ञापनपत्र बुझाउने, २५ साउनमा माइतीघर मण्डलामा प्रदर्शन गर्ने, २६ साउनमा सरोकारवाला निकायसँग अन्तर्क्रिया गर्ने र २८ साउनदेखि निजी विद्यालय अनिश्चितकालका लागि बन्द गर्ने तयारी गरिएको छ।

नक्कली नोटसहित तीनजना पक्राउ

काठमाडौं/ काठमाडौंको तारकेश्वर नगरपालिका- ५ गोलढुंगा नगिनी खोलाबाट सशस्त्र प्रहरी बलले नक्कली नोटसहित तीनजनालाई नियन्त्रणमा लिएको छ। स्थानीय हिम्मत बमको घरको भुइँतलामा भाडामा बस्ने खोटाङ दिप्रुङ चुइचुमा गाउँपालिका- ५ का लक्ष्मी पाण्डे, लमजुङ दोर्दी गाउँपालिका- २ का सुवास गुरुङ र रामेछाप गोकुलगंगा गाउँपालिका- १ का मदन दमाईं पक्राउ परेका हुन्। उनीहरूको डेराबाट एक हजार दरका एक सय ८२ थान नक्कली नोट र नोट बनाउन प्रयोग हुने कागज दुई सय थान बरामद भएको छ। चारवटा मोबाइल, १० वटा सिमकार्ड, दुई सय २० सिसीको बा६५प ९०२७ नम्बरको पल्सर मोटरसाइकलसमेत बरामद भएको छ।

आमाको दाहसंस्कारमा पनि जान दिइएन थुनुवालाई

लहानमा **मणिलाल विश्वकर्मा** र सप्तरीमा **सौरभ यादव**

सिराहाको नरहा गाउँपालिका- ५ बलवा गाउँकी निरशीदेवी यादवको आइतबार निधन भयो। परिवारजनले सद्गत गर्न जेठो छोरा ५५ वर्षीय रामवचन यादव आउने प्रतीक्षामा करिब २४ घन्टाभन्दा बढी शव राखेर पर्खिए। परिवारजन, आफन्त, नातेदार, अधिकारकर्मीहरूले कम्तीमा आमाको सद्गतका लागि भए पनि जान दिइनुपर्ने माग गरे पनि स्थानीय प्रशासनले बेवास्ता गरेपछि यादवको सोमबार राति बलवा गाउँको नर्सरीमा दाहसंस्कार गरिएको छ।

शरीर बन्धक तथा अपरहण मुद्दाको सोमबार पेसी तोकिएका यादवलाई बैंकिङ कसुरको अर्को मुद्दामा दाहसंस्कारका लागि समेत घर आउन नदिइएपछि आमालाई आफैँले दागबत्ती दिनुका साथै दाहसंस्कार गरेको उनका कान्छा भाइ दुःखमोचन यादवले बताए। 'मुद्दा विचाराधीन नै भए पनि दाजुलाई प्रहरीले दाहसंस्कारका लागि ल्याउँछन् भन्ने ठानेर २४ घन्टाभन्दा बढी शव घरमै राखेर कुर्‍यौँ,' उनले भने, 'तर प्रहरीले आउनै नदिएको थाहा पाएपछि बाध्य भएर सोमबार राति दाहसंस्कार गरी किरिया बसेको छु।'

सप्तरीको बोदेबरसाइनस्थित कृषि विकास बैंक प्रबन्धक भएकै वेला अपरहण तथा शरीर बन्धक मुद्दामा मुछिएपछि निलम्बनमा परेका रामवचन ६७ दिन थुनामा रहेर ३ साउनमा धरौटीमा छुटेर घर आएका थिए। सोमबार पेसीका लागि जाने सुनेको जानकारी दिँदै उनले भने, 'वृद्धावस्थाकी आमा शारीरिक रूपले पनि कमजोर नै हुनुहुन्थ्यो, जेठो छोरा फेरि पक्राउ परेको सुनेपछि चिन्ता र तनावले नै निधन भयो।'

बैंकिङ कसुरको मुद्दामा जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका रामवचनलाई दिवंगत आमाको दाहसंस्कारमा जान दिन माग गर्दै बलवाका करिब एक सयजना गाउँले तथा छिमेकीले सोमबार राति अबेरसम्म धर्नासहित नाराबाजी गरेका थिए। तर, प्रहरीले वास्ता गरेन। धार्मिक परम्पराअनुसार दाहसंस्कार र किरिया बस्न प्रहरीसहित गाउँ जान दिइनुपर्ने माग गर्दै आएका गाउँलेले त्यसका लागि वडा कार्यालयबाट सहयोगको सिफारिस र मृत्यु भएको प्रमाणसमेत लगेका थिए। 'धार्मिक परम्पराअनुसार मृत्यु संस्कार गर्न पाउने कानुनी अधिकार भएकाले जिल्ला प्रहरी उपरीक्षक नरेन्द्र कार्कीलाई गुहार्‍यौँ,' मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिकी केन्द्रीय सदस्यसमेत रहेकी गोलबजारकी पुनमकुमारी महतोले भनिन्, 'प्रहरी उपरीक्षक एक घन्टामा आउँछु भन्दै साँझसम्म पर्खाए, तर आएनन्।'

■ अपहरण र बैंकिङ कसुरको मुद्दा

सिराहा जिल्ला अदालतमा शरीर बन्धक तथा अपहरणको मुद्दा विचाराधीन रहेकै अवस्थामा सप्तरी जिल्ला अदालतमा यादवविरुद्ध बैंकिङ कसुरको अर्को मुद्दा दर्ता भएपछि स्थानीय प्रहरीले झुक्याएर शनिबार बिहान राजविराज पुर्‍याएपछि नियन्त्रणमा लिई आइतबार अदालतमा म्याद थप गर्न लगिएपछि मात्र थाहा पाएको उनले बताए।

सिराहाको मिर्चैया नगरपालिका- २ मल्हनियामा रामवचनका २६ वर्षीय छोरा सुनील यादवले कृषि फर्म खोलेर केराखेती गर्दै आएका थिए। कृषि फर्म विस्तार गर्न काठमाडौंमा बस्दै आएका सिराहाका मुन्ना भनिने महेन्द्र साह रौनियारको मध्यस्थतामा काठमाडौं बुढानीलकण्ठका ५२ वर्षीय सूर्यबहादुर घिमिरेबाट ५० लाख रुपैयाँ ऋण लिन लगाएको सुनीलले बताए।

कृषि फर्म विस्तारपछि राम्रो आम्दानी हुन्छ भन्दै घिमिरेले करिब ६ महिनासम्म सम्पर्क गर्दै आएको सुनाउँदै पछि बैंक ग्यारेन्टी, जग्गा धितोको कुरा गर्न थालेपछि ऋणबारे रामवचनले थाहा पाएको सुनीलका आफन्त मनोज यादवले बताए। अपहरण मुद्दाको सोमबार तोकिएको पेसीमा आरोप लगाउने पक्षका साक्षी बस्न कोही नभेटिएको र रामवचन निर्दोष साबित हुने भएपछि सुनीलबाट बैंकको चेक हात पारी सप्तरी जिल्ला अदालतमा बैंकिङ कसुरको मुद्दा लगाएको उनले बताए।

पुल निर्माण अलपत्र



६ लेन सडकअन्तर्गत धनगढीको मोहना नदीमा पुल निर्माण गर्न पिलर राख्न तयारी गरिँदै । सम्झौताअनुसार आगामी वैशाखमा निर्माण सक्नुपर्ने यो पुलको अहिलेसम्म २० प्रतिशत मात्र काम भएको छ । तस्बिर : नयाँ पत्रिका

धनगढीमा **तेजराज भट्ट**

धनगढी-अत्तरिया ६ लेन सडकमा तीनवटा पुल निर्माणको काम अलपत्र परेको छ । निर्माणाधीन तीनमध्ये दुईवटा पुल सम्झौताअनुसार आगामी वैशाखमा सम्पन्न गर्नुपर्ने हो । तर, पुलको प्रगति निशाराजनक छ ।

गोदावरी नगरपालिकाअन्तर्गत सुनिखोलामा निर्माणाधीन पुलको दुईपटक थप गरिएको समयावधि गत १३ असार सकिएको छ । हालसम्म पुलको भौतिक प्रगति ६५ प्रतिशत मात्र रहेको महाकाली पुल आयोजना कार्यालयले जनाएको छ । कार्यालयका इन्जिनियर सन्तोष चन्दले दुईपटक म्याद थप गरिएको अवधिमा काम पूरा नभएपछि तेस्रोपटक म्याद थपको प्रक्रियामा रहेको जानकारी दिए ।

पहुँच मार्ग, नदी नियन्त्रण, पुलको रेलिङलगायतका काम बाँकी रहेको उनले बताए । 'यो पुलमा ६५ प्रतिशतजति काम भएको छ, वित्तीय प्रगति पनि त्यही हाराहारीमा छ,' चन्दले भने, 'दुईपटक म्याद थप हुँदा पनि कामले गति लिएन ।' सुदूरपश्चिममा हुलाकी राजमार्गलगायत कैयौँ योजना अलपत्र पारेको राजेन्द्र निर्माण सेवाले यो पुल निर्माण गरिरहेको छ । तीन करोड ३७ लाख लागतको सुनिखोला पुल २४ मिटर लम्बाइ र ११ मिटर चौडाइको हुनेछ । गोदावरी नगरपालिकाअन्तर्गत नै मनहरा खोलामा निर्माणाधीन पुलको काम पनि करिब दुई वर्षदेखि अलपत्रजस्तै छ । आयोजना कार्यालयका अनुसार दुई वर्षसम्म पुलको काम १५ प्रतिशतभन्दा कम भएको छ । कोरोना, मूल्य वृद्धिलगायत बहानामा निर्माण कम्पनीले काम नगरेको हो । नयाँ पुलको पाइला हाल्दा पुरानो पुलमा समस्या देखिएपछि केही समय काम प्रभावित भएको उनले बताए । ६२ मिटर लामो यो पुलको २७ महिनाको निर्माण अवधि आगामी भदौमा सकिने इन्जिनियर चन्दले जानकारी दिए । उच्चाकोटी-समीदेव-साजेन्द्र जेभीले पुल निर्माणको काम गरिरहेको छ ।

६ लेन सडकअन्तर्गत नै धनगढीदेखि गौरीफन्टा नाका जोड्ने मोहना नदीमा पुल निर्माणका लागि ०७८ माघमा रायमाझी कन्स्ट्रक्सनसँग निर्माण सम्झौता भएको थियो । सम्झौताअनुसार आगामी वैशाखसम्म मोहना नदीमा एक सय २५ मिटर लामो पुल निर्माण हुनुपर्ने हो । तर, यो पुलको 'पाइल' राख्ने काम पनि भएको छैन । ५० वटामध्ये ४० वटा पाइल राख्ने काम बर्खाअघि सकिएको आयोजना कार्यालयले जनाएको छ । बर्खा लागेसँगै तीनवटै पुलको काम ठप्प छ । मोहनामा निर्माणाधीन पुलको भौतिक प्रगति २० प्रतिशत मात्र रहेको इन्जिनियर चन्दले बताए । हालसम्मको प्रगति हेर्दा वैशाखमा पुल निर्माणको काम पूरा हुने नदेखिएको उनले बताए । मोहनामा बन्ने पुलको लागत १३ करोड १७ लाख रुपैयाँ रहेको चन्दले जानकारी दिए ।

तीनवटै ठाउँमा यसअघि रहेका पुलसँगै नयाँ पुल निर्माण गरेर ६ लेन बनाउन लागिएको हो । नयाँ पुलको चौडाइ ११ मिटर रहनेछ । अन्य अवरोध नभई कोरोना, मूल्यवृद्धिलगायत कारण देखाएर ठेकेदारले काम नगरेको महाकाली पुल आयोजना कार्यालयले जनाएको छ । धनगढीको मोहना पुलदेखि अत्तरियासम्म ६ लेन सडक यसअघि नै बनेको छ । तर, हस्तान्तरण नहुँदै ६ लेन सडक केही ठाउँमा सडक भाँसेको, चर्केको र फुटेको छ । भत्किएपछि केही ठाउँमा मर्मत गरिएको छ भने केही ठाउँमा उस्तै छ । सडक कालोपत्रे भए पनि रेलिङ राख्ने, ट्राफिक संकेतहरू बनाउने काम भने अझै पूरा भएको छैन । आगामी असोजमा सडक हस्तान्तरण गरिने बताइएको छ । १४.२ किलोमिटर लामो यो सडकलाई तीनवटा खण्डमा छुट्याएर छुट्टाछुट्टै ठेक्कामार्फत काम भएको थियो ।

१७ वर्षअघिको 'गौर हत्याकाण्ड'को फाइल खुल्दै

गौर हत्याकाण्डको अनुसन्धान र दोषीलाई कारबाही माग्दै संघर्षरत पीडित र सरकारबीच पाँचबुदे सहमति

अब अनुसन्धान अघि बढ्छ

● **नारायणप्रसाद भट्टराई**
प्रवक्ता, सहसचिव गृहमन्त्रालय



गृहमन्त्रालयले मातहतका निकायलाई अनुसन्धान अघि बढाउन निर्देशन दिएसँगै अनुसन्धान अघि बढ्नेछ । विगतमै उजुरी परेका छन् । अनुसन्धान जहाँ पुगेको छ, त्यही बिन्दुबाट अघि बढाइनेछ र दोषीलाई कारबाही गरिनेछ ।



टेकराज थामी/नयाँ पत्रिका

सरकारले रौतहटको गौरमा १७ वर्षअघि गरिएको सामूहिक हत्याकाण्डको अनुसन्धान प्रक्रिया अघि बढाउने भएको छ । गृह मन्त्रालय र गौर हत्याकाण्डपीडित संघर्ष समितिबीच भएको पाँचबुँदे सहमतिपछि १७ वर्षअघिको 'गौर हत्याकाण्ड'को अनुसन्धान हुने भएको हो ।

संघर्ष समिति र गृह मन्त्रालयबीच मंगलबार हत्याकाण्डको अनुसन्धान गर्ने र दोषीलाई कारबाही गर्ने सहमति भएको छ । सहमतिपत्रमा गृह मन्त्रालयका तर्फबाट सहसचिव नारायणप्रसाद भट्टराई र संघर्ष समितिको तर्फबाट अध्यक्ष रूपसागर देवीले हस्ताक्षर गरेका छन् । गृह प्रवक्तासमेत रहेका सहसचिव भट्टराईले गौर हत्याकाण्ड अनुसन्धान गर्न संघर्ष समितिसँग सहमति भएको बताए । उनले भने, 'गौर हत्याकाण्ड अनुसन्धानको माग गर्दै पीडित संघर्षरत थिए । उनीहरूसँग मंगलबार भएको वार्तामा घटनाको अनुसन्धान गर्ने र दोषीलाई कारबाही गर्नेलगायत पाँचबुँदे सहमति भएको छ ।'

गृहका अनुसार अनुसन्धान प्रक्रिया तुरुन्तै अगाडि बढाइनेछ । जिल्ला प्रशासन कार्यालय रौतहट र नेपाल प्रहरीलाई तुरुन्तै निर्देशन दिने गृहको तयारी छ । विगतकै जाहेरीका आधारमा अनुसन्धान अगाडि बढ्नेछ । गृहका प्रवक्ता भट्टराईले भने, 'अनुसन्धानका लागि अब गृहले मातहतका निकायलाई निर्देशन दिनेछ । योसँगै अनुसन्धान नयाँ शिराबाट हुनेछ । विगतमा जहाँ पुगेर रोकिएको थियो सोही बिन्दुबाट अनुसन्धान सुरु हुनेछ । र दोषीलाई कारबाही गरिनेछ ।'

७ चैत ०६३ मा रौतहटको सदरमुकाम रंगेलीमा तत्कालीन मधेसी जनअधिकार फोरम र नेकपा माओवादीले एकै स्थानमा आमसभा आयोजना गरेका थिए । त्यसक्रममा झडप भएको थियो । घटनामा माओवादीका २९ जना कार्यकर्ता र समर्थकलाई लखेटी-लखेटी भाला र बाँसका कप्टेरोले घोचेर हत्या गरिएको थियो । घटनालगत्तै पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए । तर, राजनीतिक दबाबका कारण हालसम्म अनुसन्धान हुन सकेको छैन ।

हत्याकाण्डको अनुसन्धान गराई दोषीलाई कारबाहीको दायरामा ल्याउन पीडितहरूले पटक-पटक राष्ट्रिय मानव अधिकार आयोगदेखि अदालत धाएका थिए । आयोगले घटनाको स्थलगत अध्ययन गरी प्रतिवेदन तयार पारेको थियो । आयोगले तत्कालीन फोरमका अध्यक्ष उपेन्द्र यादवसहितका नेता हत्यामा संलग्न रहेको भन्दै प्रतिवेदन सार्वजनिक गरेको थियो ।

यस्ता छन् सहमति

- गौर हत्याको विषयमा त्यस समयमा दर्ता भएका जाहेरीसमेतलाई छानबिन र अनुसन्धान गरी तथ्य र प्रमाणका आधारमा दोषीलाई कानुनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउने
- ७ चैत ०६३ मा भएको गौर घटनामा मृत्यु भई ९ पुस ०६५ मा बसेको मन्त्रिपरिषद् बैठकबाट सहिद घोषणा गरिएका व्यक्तिको विवरण नेपाल राजपत्रमा प्रकाशन गर्ने । उक्त घटनामा मृत्यु भएका, तर सहिद घोषणा हुन छुट भएका मृतकहरूका हकमा सहिद घोषणाको प्रक्रिया अगाडि बढाउने ।
- गौर घटनामा परी मृत्यु भएका व्यक्ति (सहिद)को स्मृतिमा रौतहटमा सहिद स्मारक स्तम्भ निर्माण गर्न यसै आर्थिक वर्षबाट प्रक्रिया अगाडि बढाउने,
- उक्त घटनामा परेर घाइते भएका उपचाररत व्यक्तिका लागि उपचारको उचित प्रबन्ध गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने र आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने ।

सानिमा बैंक लिमिटेड, शाखा कार्यालय राजबिराजका ऋणी र व्यक्तिगत तथा संस्थागत जमानतकर्ताहरुलाई सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सार्वजनिक सूचना

तपसिलका ऋणीले यस बैंकबाट लिएको कर्जाको बैंकसँग गरेको सम्झौता बमोजिम बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैंकबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्र्यौट गर्न गराउन हुन ऋणी तथा जमानी दिनु हुने लगायत सबै सम्बद्ध व्यक्तिहरूलाई सूचित गरिन्छ । यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर चुक्ता भुक्तान, फछ्र्यौट नगरेमा कर्जाको सुरक्षणको लागि बैंकमा धितो रहेको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित ऐन कानून बमोजिम बैंकले आफ्नो कब्जामा लिई वा नलिई लिलाम बिक्री गरि वा नेगोशेसन लगायत अन्य जुनसुकै तरिकाबाट बिक्री गरी बैंकको लेना बाँकी सम्पूर्ण रकम असुल उपर गरिने छ र सो लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी, जमानी दिनेको घर घरानाको अन्य चल/अचल सम्पत्तिबाट कानून बमोजिम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ताहरू तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

तपसिलः

ऋणीको नाम, थर र ठेगाना

१. नेपाल सरकार, वाणिज्य आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा व्यस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराजमा प्रा.फ.र.नं. ४५८६/०७३/७४ कायम भई मिति २०७३/०६/०२ मा दर्ता भएको सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ७ स्थित **न्यु चौरसिया ट्रेडर्स ।**

२. राम बिलास राउतको छोरी, रामनाथ भगत वरैको श्रीमती, सप्तरी जिल्ला, बोदे बर्साइन गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजबिराज न.पा. वडा नं. ७ बस्ने **श्रीमती निलम देवी ।**

ऋणी १ को लागि व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना

राम बिलास राउतको छोरी, रामनाथ भगत वरैको श्रीमती, सप्तरी जिल्ला, बोदे बर्साइन गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजबिराज न.पा. वडा नं. ७ बस्ने **श्रीमती निलम देवी ।**

जिवछ राउतको नाति, विन्देश्वर भगत वरैको छोरा, सप्तरी जिल्ला, बोदे बर्साइन गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजबिराज न.पा. वडा नं. ७ बस्ने **रामनाथ भगत वरै ।**

विन्देश्वर भगत बरैको नाति, रामनाथ भगत वरैको छोरा, सप्तरी जिल्ला, बोदे बर्साइन गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजबिराज न.पा. वडा नं. ७ बस्ने **राजेश कुमार चौरसिया ।**

विन्देश्वर भगत बरैको नाति, रामनाथ भगत वरैको छोरा, सप्तरी जिल्ला, बोदे बर्साइन न.पा. वडा नं. १ बस्ने **राकेश चौरसिया ।**

ऋणी २ को लागि व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना

जिवछ राउतको नाति, विन्देश्वर भगत बरैको छोरा, सप्तरी जिल्ला, बोदे बर्साइन गा.वि.स. /न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजबिराज न.पा. वडा नं. ७ बस्ने **रामनाथ भगत वरै ।**

विन्देश्वर भगत बरैको नाति, रामनाथ भगत वरैको छोरा, सप्तरी जिल्ला, बोदे बर्साइन गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजबिराज न.पा. वडा नं. ७ बस्ने **राजेश कुमार चौरसिया ।**

विन्देश्वर भगत बरैको नाति, रामनाथ भगत वरैको छोरा, सप्तरी जिल्ला, बोदे बर्साइन न.पा. वडा नं. १ बस्ने **राकेश चौरसिया ।**

ऋणी २ को लागि संस्थागत जमानतकर्ताहरूको नाम, थर र ठेगाना

नेपाल सरकार, वाणिज्य आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा व्यस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराजमा प्रा.फ.र.नं. ४५८६/०७३/७४ कायम भई मिति २०७३/०६/०२ मा दर्ता भएको सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ७ स्थित **न्यु चौरसिया ट्रेडर्स ।**

ऋणी १ र २ को लागि धितो सुरक्षणको विवरण

१. **निलम देवी**को नाममा मालपोत कार्यालय सप्तरी, राजबिराजमा दर्ता श्रेस्ता कायम रहेका सप्तरी जिल्ला, राजबिराज नगरपालिका/गा.वि.स. वडा नं. ७ को कित्ता नं. ९३१, ९३३ र ९३५ को क्रमशः ०-०-६–०, ०-०-०.७५–० र ०-०-१.७५–० (बि.क.धु.क) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **निलम देवी**को नाममा मालपोत कार्यालय सप्तरीमा दर्ता श्रेस्ता कायम रहेका सप्तरी जिल्ला, राजबिराज नगरपालिका/गा.वि.स. वडा नं. ८ को कित्ता नं. १२८ को ०-१-०–० (बि.क.धु.क) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. **निलम देवी**को नाममा मालपोत कार्यालय सप्तरीमा दर्ता श्रेस्ता कायम रहेका सप्तरी जिल्ला, बोदे बर्साइन नगरपालिका/गा.वि.स.वडा नं. ४ को कित्ता नं. ६६४, ६६५, ५७३ र ५७२ को क्रमश ०-०-१६.७५–०, ०-३-१२.७५–०, ०-३-१२.५–० र ०-३-१२.५–० (बि.क.धु.क) क्षेत्रफल रहेको जग्गा र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

४. **निलम देवी**को नाममा मालपोत कार्यालय सप्तरीमा दर्ता श्रेस्ता कायम रहेका सप्तरी जिल्ला, बोदे बर्साइन नगरपालिका/गा.वि.स.वडा नं. ४ को कित्ता नं. १२०० र ६४ को क्रमश ०-१-३.५–० र ०-१७-१४.५–० (बि.क.धु.क) क्षेत्रफल रहेको जग्गा र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

धनी सानिमा बैंक लिमिटेड (ऋणी श्री न्यु चौरसिया ट्रेडर्स) को नाममा विभिन्न यातायात व्यवस्था कार्यालय, सप्तरीमा दर्ता रहेका निम्न बमोजिमको सवारी साधन ।

मोडल	सवारी नं.	ईन्जिन नं.	च्यासिस नं.	बनेको वर्ष
ACE Tractor DI-450 DC WB NG1800CRE	P1-02-003-TA 1596	A45TLBA0012065	MBA450040318	2021
ACE Tractor DI-550 DC WB	P1-02-003-TA 1797	A50TPBA0012311	PBA550040977	2021
DFSK Glory 580 MT	State 3-01-022- CHA 5527	18073412	MKFP1M4B1KJ500408	2019
LCV Trutip	KO-1 Kha-7504	4SPCR11NRY661280	MAT505227J8N31274	2018

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय बनेपा - १३, साँगा, काभ्रेपलाञ्चोक, फोन नं. ०१-६६२२७५ Email: info@womimfi.com.np, website: www.swmfi.com.np

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति: २०८०/०४/२४
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/०४/३१

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको सूर्योदय वोमी लघुवित वित्तीय संस्था लिमिटेडको संस्थापक समुहको ८२,१०५ कित्ता शेयर प्रति कित्ता न्युनतम मुल्य रु. २३७/- मा बिक्री गर्ने बैंकको निर्णय अनुसार उक्त शेयरहरु खरिद गर्न योग्य इच्छुक विद्यमान संस्थापकहरु वा जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०८० साल साउन ३१ गते** कार्यालय समयभित्र तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ। विद्यमान संस्थापकहरुलाई प्राथमिकता दिई यस भन्दा अगाडी नै ३५ दिने सूचना प्रकाशित गरी सकिएको व्यहोरा यसै सूचनाद्वारा विद्यमान संस्थापकहरुलाई जानकारीका लागि अनुरोध गर्दछौं।

क्र.सं.	बोलपत्र आवेदन फारम पाईने र बुझाउने स्थान (संकलन केन्द्र)
१	श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ ।
२.	श्री एन आई सी एशिया बैंक लिमिटेडको कर्पोरेट कार्यालय: ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ शाखा कार्यालयहरु: क्रमश (१) विराटनगर-३, मोरङ्ग (२) आदर्शनगर, वीरगंज (३) महेन्द्रपुल, पोखरा (४) श्रवणपथ, बुटवल (५) हस्पिटल लाइन, धनगढी र (६) विरेन्द्रनगर, सुर्खेत ।

तपसिल

क्र.सं.	कम्पनीको नाम	शेयर कित्ता
१.	सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड	८२,१०५

शर्तहरू:

१. माथि उल्लेखित कम्पनीको शेयर खरिदका लागि प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरु सहभागी हुन सक्ने छन्।
२. बोलपत्र आवेदन फारम एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर, काठमाण्डौंबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ।
३. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।
४. शेयर खरिदको लागि **न्युनतम मुल्य प्रति कित्ता रु २३७/- (अक्षरेपी दुई सय सैंतिस मात्र)** तोकिएको हुँदा उक्त मुल्य भन्दा कम मुल्य अंकित गरी पेश गरेको आवेदन स्वत: रद्द हुनेछ।
५. शेयर खरीदको लागि बोलकबोल गर्दा न्युनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम माथि उल्लेखित सम्पूर्ण शेयर संख्याको लागि आवेदन दिन सकिनेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा सम्बन्धित नियमनकारी निकायले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन।
६. शिलबन्दी खाम बाहिर **"सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरीद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्रमा लाहाछाप गरिएको हुनु पर्नेछ।
७. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आज मिति २०८०/०४/२४ पश्चात् यस कम्पनीबाट घोषणा हुने हकप्रद शेयर, बोनस शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरुले प्राप्त गर्ने छन्।
८. बोलपत्रवालाले आफुले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरिद आवेदन फाराममा उल्लेखित बैंक खातामा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ। साथै Good for payment cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क बापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
९. शेयर खरिद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीका लागि तोकिएको Fit & Proper Test (अनुसुचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। साथै, विद्यमान संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्व:घोषणा समेत पेश गर्नुपर्नेछ।
१०. सबैभन्दा बढी मुल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी बोलकबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जँदा अन्तिम मुल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बिक्रीकर्ता बैंकमा निहित रहने छ।
११. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ।
१२. बोलपत्र मिति २०८०/०४/३१ गते बैंकिङ्ग समय भित्र श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ वा तोकिएको संकलन केन्द्रमा दर्ता भई सक्नु पर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रीत नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन।
१३. प्राप्त बोलपत्रहरु सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।
१४. कम्पनीको हकमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलाल कहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदी संलग्न गर्नुपर्नेछ ।
१५. स्वीकृत आवेदकलाई बाँडफाँड गर्न बिक्रीकर्ता बैंकले निर्णय गरेको ३ कार्य दिन पछि बाँडफाँडमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ।
१६. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ। कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्नेछैन । बाँडफाँडमा परेको सेयर तथा प्राप्त बोनस/हकप्रद शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
१७. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा आधिकारिक निक्षेप सदस्यकहाँ सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ।
१८. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website: www.nicasiacapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुने छ।

NIC ASIA CAPITAL

धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

'एप्रुभल रेटिङ'बाट जनप्रतिनिधिको मूल्यांकन गराउँदै जनमत

नयाँ पत्रिका

जनमत पार्टीले आफ्नो दलबाट निर्वाचित स्थानीय जनप्रतिनिधिहरूको कामको मूल्यांकन गर्न 'एप्रुभल रेटिङ' गरिरहेको छ । 'राइट टु रिकल'को प्रावधान राखेको जनमत पार्टीले आफ्ना जनप्रतिनिधिहरूले जनताको चाहनाअनुसार काम गरे नगरेको मूल्यांकनका लागि एप्रुभल रेटिङ गरिरहेको हो । जसअनुसार जनमत पार्टीका निर्वाचित स्थानीय जनप्रतिनिधिहरूको स्थानीय तहमा मतदान गराउने व्यवस्था गरिएको छ ।

पार्टी सचिवालयले मतदानका लागि निर्वाचन अधिकारीसमेत तोकेर स्थानीय तहमा खटाएको पार्टीसचिव बिपी साहले जानकारी दिए । साहले भने, 'निर्वाचन कार्यतालिकाअनुसार मंगलबार मतदाताको नामावली प्रकाशन गरिएको छ ।' यसमा ३० वैशाख ०८० भन्दा पहिलेसम्म जनमत पार्टीको सदस्यता लिएकाहरूले मात्र मतदान गर्न पाउनेछन् । सचिव साहले भने, 'बुधबार र बिहीबार मतदाता नामावलीउपर दाबीविरोध र त्यसपछि अन्तिम नामावली प्रकाशित गरी २७ गते मतदान हुनेछ ।'

मतदान गर्नुअघि निर्वाचित स्थानीय जनप्रतिनिधिहरूलाई आफ्नो कुरा राख्ने र मतदाताको प्रश्न सुन्ने समय दिइनेछ । त्यसपछि मात्र मतदान हुनेछ । आफ्नो पार्टीबाट निर्वाचित जनप्रतिनिधिलाई आफ्ना पार्टी सदस्यहरूबाट मतदान गराएर मूल्यांकन गराउन लागिएको यो पहिलो अभ्यास भएको सचिव साहले बताए । गत वैशाखमा सम्पन्न निर्वाचनबाट जनमत पार्टीका एक सय पाँच जनप्रतिनिधि स्थानीय तहमा निर्वाचित भएका छन् ।

पक्राउ पुर्जीको विरोध

काठमाडौं/ कालीगण्डकी बचाउ अभियानका अभियन्ता तथा पत्रकार आरके अदिप्त गिरीविरुद्ध प्रहरीले पक्राउ पुर्जी जारी गरेकोमा विरोध भएको छ । कालीगण्डकी दोहनको विषयमा पत्रकारदेखि विभिन्न क्षेत्रका व्यक्तिको मिलेमतो रहेको भन्दै फेसबुकमा आलोचना गरेका आधारमा उनीविरुद्ध पर्वत प्रहरीले पक्राउ पुर्जी जारी गरेको हो । गिरीविरुद्ध पक्राउ जारी भएकोमा अभियन्ता तथा पत्रकारले नै विरोध गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्वतले उनीविरुद्ध विद्युतीय कारोबार ऐनअनुसार पक्राउ पुर्जी जारी गरेको हो । पत्रकारहरूको किटानी जाहेरीका आधारमा जाहेरी दर्ता गरी अदालतबाट पक्राउ अनुमति लिइएको पर्वतका डिएसपी मधुसुदन न्यौपानेले जानकारी दिए । गिरीले कसैको नाम नलिई पत्रकारहरूको आलोचना गरेका थिए । नदी दोहान गर्ने गिरोहसँग मिलेको उनको आरोप थियो । पत्रकार गिरीले कालीगण्डकी दोहनविरुद्ध संघर्ष गर्दै आएका छन् ।

सुरक्षाकर्मी लगाएर फोहोर फालिँदै

कास्की/ दुई सातादेखि रोकिएको पोखरा नगरको फोहोर मंगलबारदेखि उठाउन थालिएको छ । नगरका विभिन्न क्षेत्रबाट उठाउन थालिएको फोहोर पोखरा महानगरपालिका- ३२ लामेआहालस्थित अस्थायी ल्यान्डफिल साइटमा फाल्न थालिएको हो ।

यसअघि पोखरा- १४ स्थित बाच्छीबडुवामा फाल्ने गरिएको गत पुसमा सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा अवरोध भएपछि लामेआहालस्थित सेती नदीले कटान गरेको श्यामघाट क्षेत्र र आसपास अस्थायी ल्यान्डफिल साइट बनाइएको थियो । श्यामघार क्षेत्रमा नदीले करिब ४० रोपनी क्षेत्र कटान गरी खाडल बनाएको छ । सो र वरिपरिका भूभाग उकास्ने गरी अस्थायी ल्यान्डफिल साइट बनाइएको थियो ।

लामेआहालमा अस्थायी ल्यान्डफिल साइट बनाउन महानगरका प्रमुख धनराज आचार्य र उपप्रमुख मञ्जुदेवी गुरुङले १५ पुस ०७९ मा सम्झौता गरेका थिए । तर, सम्झौताअनुसार महानगरले काम नगरेको भन्दै स्थानीयले ९ साउनदेखि फोहोर लैजान दिएका थिएनन् । मंगलबारबाट महानगरले सुरक्षाकर्मीको सहयोग लिएर फोहोर फाल्न थालेको हो । यसक्रममा स्थानीय र प्रहरीबीच केहीबेर झडप भएको स्थानीय रविन केसीले जानकारी दिए ।

प्रसुनको 'ए हावा'

सञ्चारकर्मी प्रसुन संग्रौलाको नयाँ गीत 'ए हावा' सार्वजनिक भएको छ। गीतमा प्रसुनकै शब्द र संगीत छ। गीतलाई उज्ज्वल सागरले ऐरेन्ज गरेका हुन्। गीतको लिरिकल भिडियोमा शाश्वत पन्तको ग्राफिक्स र गणेश भट्टराईको सम्पादन रहेको छ। संग्रौलाले गाएको यो दोस्रो गीत हो।

'ओएमजी २' को विशेष प्रदर्शनी

अक्षय कुमार स्टारर फिल्म 'ओ माई गड २' को मुम्बईमा विशेष प्रदर्शन गरिएको छ। फिल्ममा पंकज त्रिपाठी र यमी गौतम पनि मुख्य भूमिकामा छन्। यो फिल्म शुक्रबार रिलिज हुँदै छ। शुक्रबारबाटै सनी देओल स्टारर 'गदर २' प्रदर्शनमा आउनेछ।

■ वर्षामा पर्यटन

झरनामा आन्तरिक पर्यटकको आकर्षण

वर्षातुको समयमा हरियाली र झरना हेर्न आन्तरिक र विदेशी पर्यटक लालायित हुने गरेका छन्। गर्मी छल्नका लागि चिसो पानीमा नुहाउने र फोटो खिच्दै रमाउने युवायुवतीको संख्या ठूलो छ। नेपालका पहाडी जिल्लामा निकै मनमोहक, आकर्षक र सुन्दर झरनाहरू छन्। कतिपय झरनामा घाम लागेको समय इन्द्रेणी देखिन्छ। यसले पर्यटकलाई झनै लोभ्याउँछ। भर्खरै मात्र डिस्कभरी च्यानलले आफ्नो एक रिपोर्टमा नेपालका झरनाहरूको वर्णन गर्दै लेखेको थियो, 'जहाँ पहाड हुन्छन्, त्यहाँ झरना हुन्छ। नेपालमा अग्ला र मनमोहक झरनाहरू छन्।' डिस्कभरीको उक्त रिपोर्टमा पचाल झरना, ह्यातुङ, रुप्सेलगायत झरनाको चर्चा गरिएको थियो।

नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछाने वर्षामा झरनासँगै हरियाली अवलोकन गर्न पर्यटकहरू लालायित हुने गरेको बताउँछन्। 'नेपाल झरनैझरनाको देश हो। अग्ला भिर-पहराबाट खस्ने झरनाले जोसुकैलाई लोभ्याउँछ। अहिलेको समय झरना हेर्नका लागि उत्कृष्ट समय हो।'

अल नेपाल एक्सकर्सनका प्रबन्ध निर्देशक दीपेन्द्र थापा प्रकृतिसँग समय बिताउँदा फ्रेस महसुस हुने भएकाले पर्यटकहरू झरना हेर्नका लागि लालायित हुने बताउँछन्। 'युवायुवती फोटो खिच्ने, टिकटक बनाएर रमाउने गर्छन्। काठमाडौंनजिकमा पनि प्रशस्तै झरना छन्। एकै दिनमा घुमेर फर्किन सकिन्छ,' उनले भने। तर, प्रचारप्रसार र पूर्वाधार विकासमा ध्यान नदिँदा कतिपय झरना ओझेलमा परेको उनले बताए। झरनाको चिसो पानीमा नुहाउने सोख धेरैलाई हुन्छ।



काठमाडौं आसपासका चर्चित झरना

काठमाडौंमा झोर, सुन्दरीजल, झक्तपुरको मानपोखरी, ललितपुरको सिम्बा झरना पर्यटकहरूको आकर्षणको केन्द्र हुन्। मकवानपुरको मोहिनी, नुवाकोटको लखनचुली, लाउके, काभ्रेको तिनधारे, रसुवाको भाङ्गे झरनालगायत गन्तव्यहरू पनि उपत्यकावासी र आपसपासका जिल्लाका पर्यटकहरूको रोजाइमा पर्ने गरेको छ।

नेपालका केही चर्चित झरना

- **पचाल झरना** : कालिकोटमा रहेको पचाल झरना नेपालकै सबैभन्दा अग्लो झरना हो। यो तीन सय ८१ मिटर अग्लो छ। विश्वकै अग्ला ३० झरनामध्ये यो एक हो।
- **ह्यातुङ झरना** : पचाल झरनाको नाप हुनुअघिसम्म यस झरनालाई नेपालकै सबैभन्दा अग्लो झरना मानिएको थियो। तेह्रथुम जिल्लाको फेदाप गाउँपालिकामा रहेको यो झरना तीन सय ६५ मिटर लामो छ।
- **तीनधारे झरना** : काभ्रेपलाञ्चोकमा पर्ने यो झरना अहिले सामाजिक सञ्जालमा निकै चर्चामा छ। दक्षिण भारतीय फिल्म बाहुबलीमा देखाइएको झरनासँग मिल्दोजुल्दो भएकाले यसलाई सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले बाहुबली झरना नाम दिएका छन्।
- **भाङ्गे झरना** : रसुवामा पर्ने यो झरनालाई पनि सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले बाहुबली झरना भनेर चर्चामा ल्याएका छन्। त्रिशूली, स्याफ्रुबेंसी हुँदै यहाँ पुग्न सकिन्छ।
- **पोकली झरना** : ओखलढुंगाको पोकलीमा रहेको यो झरना झन्डै एक सय ३० मिटर अग्लो छ। लिखु खोलाको उत्तरपूर्वबाट झर्ने यो झरनानजिकै गौरी वन पर्छ।
- **छहरा झरना** : डोटीको छहरा झरना सुदूरपश्चिमको चर्चित पर्यटकीय गन्तव्य हो। यहाँ कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटीलगायत क्षेत्रका स्थानीयवासी आउने गरेका छन्। यस क्षेत्रमा प्याराग्लाइडिङ, क्यानोइङलगायत साहसिक गतिविधिसमेत सञ्चालन हुने गर्छ।
- **रुप्से झरना** : म्याग्दीमा रहेको यो झरना नेपालको चर्चित गन्तव्यमध्ये एक हो। पोखराबाट एक सय १० किलोमिटर दूरीमा यहाँ पुगिन्छ बेनी-जोमसोम सडकखण्डमा पर्ने यो झरनाबाट जोमसोम झन्डै ४० किलोमिटर पर छ।

ख्याल गर्नुपर्ने



सञ्जीव गुरुङ, अध्यक्ष
पर्वतीय पथप्रदर्शक संघ नेपाल

झरनाको छेउमा जाँदा केही कुरामा विशेष ध्यान दिनुपर्छ। धेरै उत्साहित भएर मानिसहरू झरनाको नजिकै पुग्छन् र चिप्लिन्छन्। तसर्थ, झरनालाई केही दूरीमा रहेर नियाल्नु राम्रो हुन्छ। झरना देख्दैमा नुहाउन हतारो गर्नुहुँदैन। राम्ररी जानकारी लिएर सुरक्षित ठाउँ पहिचान गरेपछि मात्रै नुहाउन सकिन्छ। स्थानीय सरकारले वाल, रेलिङ आदि लगाउने, झरनामा निश्चित भ्यु पोइन्ट तय गर्ने, कुन ठाउँमा नुहाउन मिल्छ र कुन ठाउँमा मिल्दैन भनेर पर्यटकले बुझ्ने गरी बोर्ड राखिदिने गर्नुपर्छ।

झरनाको धेरै नजिक जानुहुँदैन। त्यहाँ ढुंगा चिप्लो हुन्छ। जसकारण चिप्लिएर दुर्घटना हुन सक्छ। मानिसहरू खसेर खोलामा पनि पुग्न सक्छन्। एक्लै झरना हेर्न जानु राम्रो हुँदैन। समूहमा जाँदा केही समस्या परे पनि साथीभाइले सहयोग गर्न सक्छन्।

खोलानजिकै भएका झरनामा जाँदा लाइफ ज्याकेट पनि बोकेर जानु राम्रो हुन्छ। केही कारणले खोलामा फसियो भने पनि बाँच्न सहज हुन्छ।

झरना भिरमा हुन्छ। त्यही कारण पहिरो पनि आउन सक्छ। यस विषयमा सचेत रहनुपर्छ। स्थानीय निकायले पनि पर्यटकलाई मौसमबारे तथा सम्भावित अवस्थाबारे पूर्वसूचना दिएर पहिल्यै सतर्क गराउनुपर्छ।

नेपालमा रहेका झरनाहरूको पर्याप्त प्रचार-प्रसार गर्न जरुरी छ। झरनासम्म पुग्ने ठाउँमा राम्रो बाटो बनाउने हो भने पर्यटकको आवागमन अझै बढ्नेछ।

योग थाल्दा नगर्नुस् यी गल्ती



विजय सापकोटा
योग प्रशिक्षक
सम्बोधी योग केन्द्र

मानसिक र शारीरिक स्वास्थ्यका लागि योग फाइदाजनक छ। त्यही कारण अनलाइन र युट्युबमार्फत योगका विषयमा जानकारी लिएर योग थाल्नेको संख्या ठूलो छ। यदि तपाईं पहिलोपटक योग गर्दै हुनुहुन्छ भने केही कुरा ख्याल गर्नुपर्छ। नत्र, सामान्य गल्तीका कारण योगको नकारात्मक असर पर्न सक्छ।



श्वासप्रश्वासको ख्याल राख्नुस् : योगमा श्वासप्रश्वासको महत्त्वपूर्ण भूमिका हुन्छ। त्यसैले कतिवेला सास लिने र छाड्ने भन्ने विषयमा पर्याप्त जानकारी लिएर मात्रै योग सुरु गर्नुपर्छ।

खाली पेट : योग खाली पेटमा गरिन्छ। खाना खाइसकेपछि योग नगर्नुहोला। बिहान खाली पेटमा गर्नु सबैभन्दा उत्तम हुन्छ। तर, यदि बिहान गर्न सकिँदैन भने पनि केही खाएको तीन घन्टापछि मात्रै योग गर्नुस्। त्यस्तै, योग गरेलगत्तै खाना नखानुस्। शरीरलाई थोरै आराम दिएपछि मात्रै खानपिन सुरु गर्नुस्।

आरामदायी कपडा : योग गर्दाको समय आरामदायी कपडा लगाउनुस्। धेरै टाइट कपडा नलगाउनुस्। यसले शरीरको मांसपेशीमा असर गर्छ। त्यस्तै, विभिन्न योगाभ्यास गर्दा कपडा च्यातिने डर पनि रहन्छ।

वार्मअप : योग वा कुनै पनि व्यायाम गर्नुअघि वार्मअप गर्नुपर्छ। सीधै म्याटमा बेसर आसनको मुद्रा लिनु राम्रो हुँदैन। बरु, शरीरलाई सक्रिय राख्ने गरी पहिले स्ट्रेचिङ गर्नुस्।

गाह्रो योग नगर्नुस् : पहिलोपटक योग गर्नेले आधारभूत आसनबाट योगाभ्यास सुरु गर्नुपर्छ। मुस्किल योगासन नगर्नुस्। यसले तपाईंलाई चोट लाग्ने खतरा रहन्छ। त्यस्तै, गलत मुद्रामा नबस्नुस्। कुन आसनमा कसरी बस्ने भनेर पर्याप्त जानकारी लिनुस्।

साउनमा किन लगाइन्छ मेहदी ?



सरिता भारती
मेकअप आर्टिस्ट
आवास इन्स्टिच्युट



साउनमा हिन्दू धर्मावलम्बीहरू भगवान् शिवको व्रत बस्दै आराधना गर्छन्। मेहदीले छालालाई पवित्र बनाउँछ भन्ने मान्यता छ। त्यही कारण पनि यस महिनामा महिलाहरू मेहदी लगाउँछन्। परापूर्वकालदेखि नै महिलाले मेहदी लगाउने चलन छ। यसलाई सुन्दरताको प्रतीकका रूपमा पनि लिइन्छ। साउनमा अत्यधिक वर्षा हुने तथा खेतिपातीको काम गर्नुपर्ने भएकाले पनि हातखुट्टामा हिलो लाग्ने, चिलाउने, घाउ हुनेलगायत समस्या धेरैमा देखिन्छ। यस्ता समस्या कम गर्न पनि मेहदीले भूमिका खेल्छ भन्ने मान्यताअनुसार नै प्राचीनकालदेखि विभिन्न वनस्पतिलाई पिसेर त्यसको मिश्रणलाई मेहदीका रूपमा लगाउने गरिएको छ।

हिजोआज मेहदी आर्टिस्टहरूले विभिन्न आकर्षक डिजाइनका चित्रहरू तयार गर्छन्। हात र खुट्टामा कोरिएका मेहदीका रंगीन बुट्टाले महिलालाई स्टाइलिस देखाउँछ।

मनसुनमा दीर्घरोगीले यी कुरामा ध्यान दिनुस्

वर्षायाममा ब्याक्टेरिया तथा विभिन्न रोगका जीवाणु सक्रिय हुन्छन्। कतिपयलाई एलर्जी हुन्छ। रोगप्रतिरोधी क्षमता कमजोर हुने भएकाले दीर्घरोगीहरूमा संक्रमण हुने जोखिम अन्यको दाँजोमा धेरै रहन्छ। मुटुका बिरामी, उच्च रक्तचाप, कोलेस्ट्रोल, मोटोपना, मधुमेहलगायतका समस्या भएका दीर्घरोगीले यो मौसममा आफ्नो स्वास्थ्यमा विशेष ध्यान दिन जरुरी छ।

■ **प्रशस्त पानी पिउने** : गर्मीमा बढी पसिना बग्ने भएकाले शरीरमा पानीको मात्रा अपुग हुन्छ। त्यसैले पानी प्रशस्त पिउनुपर्छ। यसले शरीरको तापक्रम स्थिर राख्छ। एकैपटक धेरै पानी पिउनेभन्दा पनि एक-दुई घन्टाको ग्याप राखेर पिइरहनुपर्छ।

■ **फलफूल सेवन** : मौसमी सब्जी, फलफूलको सेवन गर्नुपर्छ। यसले रक्तचाप र मुटुको गति सन्तुलनमा राख्न मद्दत गर्छ। सडेगलेको, बासी, जथाभावी राखिएको खानेकुराबाट शरीरमा रोगको संक्रमण हुन सक्छ। त्यसैले यस्ता खानेकुराबाट टाढै रहनुपर्छ।

■ **धूम्रपान तथा मद्यपान नगर्ने** : धूम्रपानले शरीरलाई सुक्खा बनाउने काम गर्छ। मदिरा सेवनले पिसाबको मात्रा बढाएर शरीरमा पानीको मात्रालाई कम गर्छ। धूम्रपान तथा मद्यपान स्वास्थ्यका लागि लाभदायक हुँदैन।

■ **व्यायाम गर्दा ध्यान दिने** : गर्मी भएको वा चर्को घाम लागेको समयमा व्यायाम गर्नुहुँदैन। गर्मी कम भएको समय बिहान बेलुकी व्यायाम गर्नु राम्रो हुन्छ। व्यायाम गर्नु वा हिँड्नुअघि र हिँडिसकेपछि पानी पिउनुपर्छ। त्यस्तै, गर्मी मौसममा चर्को घाम लागेका बेला घरबाहिर निस्कनुहुँदैन। चर्को घामबाट बच्नुपर्छ। बढी परिश्रम पर्ने काम यो समयमा कम गर्नुपर्छ। बाहिर निस्कनै परे छाता ओढेर हिँड्नुपर्छ।



डा. मनोज यादव
फिजिसियन, नेपाल प्रहरी अस्पताल

औषधि : दीर्घरोगीले सेवन गर्दै आएको औषधि नियमित सेवन गर्नुपर्छ। ग्रामीण क्षेत्रमा बस्नुहुन्छ भने केही समयका लागि पुग्ने औषधि घरमै ल्याएर राख्नु राम्रो हुन्छ। पानी पर्ने, बाढी-पहिरो जानेलगायत कारणले सडक अवरुद्ध हुँदा औषधि नपाइन सक्छ।

■ **सरसफाइमा ध्यान दिने** : यो समयमा लामखुट्टेको संक्रमण बढ्ने हुँदा लामखुट्टेको टोकाइबाट बच्नका लागि सरसफाइमा ध्यान दिनुपर्छ। घरवरपर सफा राख्नुपर्छ। आफ्नो घर, आँगन वा आफू बसोवास गर्ने क्षेत्रमा रहेका खाल्डाखुल्डी पुर्नुपर्छ। सुत्दा झुल प्रयोग गर्नुपर्छ।

डाक्टरसँग परामर्श : कुनै समस्या देखिएमा तत्काल स्वास्थ्य संस्थामा जानुपर्छ। चिकित्सकसँग परामर्श गर्नुपर्छ।

क.र.का.दर्ता नं. : ९६८७७/०६९०७०

महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED
रजिष्टर्ड कार्यालय अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी
नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
Email : info@mslbsl.com.np, Web: www.mslbsl.com.np

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको कम्पनीको संस्थापक समुहको शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति: २०८०/०४/२४
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/०४/३१

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको ४,९२० कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु. २७७/- मा बिक्री गर्ने बिक्रीकर्ता बैंकको निर्णय अनुसार तपसिलमा उल्लेखित शेयर खरिद गर्न प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरुले २०८० साउन ३१ गते कार्यालय समयभित्र के कति दर माउमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । विद्यमान संस्थापकहरुलाई प्राथमिकता दिई यस भन्दा अगाडि नै ३५ दिने सूचना प्रकाशित गरी सकेको व्यहोरा यसै सूचनाद्वारा विद्यमान संस्थापकहरुलाई जानकारीका लागि अनुरोध गर्दछौं ।

सि.नं.	बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरु:
१	श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ ।
२.	श्री एन आई सी एशिया बैंक लिमिटेडको कर्पोरेट कार्यालय: ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ शाखा कार्यालयहरु: क्रमश (१) विराटनगर-३, मोरङ्ग (२) आदर्शनगर, वीरगंज (३) महेन्द्रपुल, पोखरा (४) श्रवणपथ, बुटवल (५) हस्पिटल लाइन, धनगढी र (६) विरेन्द्रनगर, सुर्खेत ।

तपसिल

सि.नं.	कम्पनीको नाम	शेयर कित्ता
१.	महुली लघुवित्त वित्तीय संस्था लिमिटेड	४,९२०

शर्तहरु:

१. माथि उल्लेखित वित्तीय संस्थाको शेयर खरिदका लागि प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरु सहभागी हुन सक्ने छन्।
२. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ र साथै एन आई सी एशिया बैंकका माथि उल्लेखित शाखा कार्यालयहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले बैंकको छाप लगाएको आवेदन फारम खरिद गरी लिन सक्नु हुनेछ । छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।
३. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।
४. शेयर खरिदको लागि **न्युनतम मुल्य प्रति कित्ता रु २७७/- (अक्षरेपी दुई सय सतहत्तर मात्र)** तोकिएको हुँदा उक्त मुल्य भन्दा कम मुल्य अंकित गरी पेश गरेको आवेदन स्वत: रद्द हुनेछ।
५. शेयर खरीदको लागि बोलकबोल गर्दा न्युनतम ५०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम माथि उल्लेखित सम्पूर्ण शेयर संख्याको लागि आवेदन दिन सकिनेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरिद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन।
६. शिलबन्दी खाम बाहिर **"महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरीद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्रमा लाहाछाप गरिएको हुनु पर्नेछ।
७. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आज मिति २०८०।०४।२४ पश्चात् यस वित्तीय संस्थाबाट घोषणा हुने हकप्रद शेयर, बोनस शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरुले प्राप्त गर्ने छन्।
८. बोलपत्रवालाले आफुले खरिद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरिद आवेदन फाराममा उल्लेखित बैंक खातामा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ। साथै Good for payment cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक विलाचरिङ्ग शुल्क बापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
९. शेयर खरिद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीका लागि तोकिएको Fit & Proper Test (अनुसुचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। साथै, विद्यमान संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्व:घोषणा समेत पेश गर्नुपर्नेछ।
१०. सबैभन्दा बढी मुल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी बोलकबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जँदा अन्तिम मुल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बिक्रीकर्ता बैंकमा निहित रहने छ।
११. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ।
१२. बोलपत्र मिति २०८०/०४/३१ गते बैंकिङ्ग समय भित्र श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ वा तोकिएको संकलन केन्द्रमा दर्ता भई सक्नु पर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रीत नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन।
१३. प्राप्त बोलपत्रहरु सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।
१४. कम्पनीको हकमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलाल कहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदि संलग्न गर्नुपर्नेछ ।
१५. स्वीकृत आवेदकलाई बाँडफाँड गर्न बिक्रीकर्ता बैंकले निर्णय गरेको ३ कार्य दिन पछि बाँडफाँडमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ।
१६. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ। कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्नेछैन । बाँडफाँडमा परेको सेयर तथा प्राप्त बोनस/हकप्रद शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
१७. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा आधिकारिक निक्षेप सदस्यकहाँ सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ।
१८. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website: www.nicasiacapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुने छ।

धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

Indrawati Rural Municipality
Office of The Rural Municipal Executive
Nawalpur, Sindhupalchok
Bagmati, Province, Nepal

INVITATION FORE- BID

Date of publication : 2080/04/24 (09/08/2023)

Indrawati Rural Municipality invites E-bid from eligible bidders for the supply of mentioned below under NCB procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Indrawati Rural Municipality website: www.indrawatimun.gov.np.

S. N.	Project Name	Contract ID	Last Date of Bid Submission	Date of Bid Opening	Bid validity period	Bid Security Amount	Bid Document Fee	Remarks
1.	Supplying and Delivery of Motor Bike	IRMSI/G/NCB/ 080/081-01	08/09/2023 12:00 hrs	08/09/2023 13:00 hrs	90 days	1,25,000	3,000.00	
2.	Supplying and Delivery of Scooter	IRMSI/G/NCB/ 080/081-02				30,000.00		

Chief Adminstrative Officer

चिकित्सा शास्त्राचार्यको उपाधिमाथि प्रश्न

सूक्ष्म जीवविज्ञान अध्ययन-अध्यापन हुने विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत सञ्चालित कार्यक्रमलाई चिकित्सा शिक्षा आयोगअन्तर्गत सञ्चालन गर्नु उपयुक्त हुन्छ



● सोमाकान्त बराल

अग्रलेख

त्रिभुवन विश्वविद्यालयअन्तर्गत विभिन्न उद्देश्यका लागि विभिन्न संकाय सञ्चालित छन्। ती संकायमा विभिन्न विधाको अध्ययन-अध्यापन गराइन्छ। यसअन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थान (आइओई) मा इन्जिनियरिङ विषयको अध्ययन गरिन्छ भने चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम) मा चिकित्सा शिक्षाको अध्ययन गरिन्छ। यसअन्तर्गतको विज्ञान तथा प्रविधि अध्ययन संस्थान (आइओएसटी) अन्तर्गत शुद्ध विज्ञान विषयको अध्ययन-अध्यापन गरिन्छ। यस संस्थानअन्तर्गतका विधामा वनस्पति विज्ञान, प्राणी विज्ञान, वातावरण विज्ञान, सूक्ष्म जीव विज्ञान, रसायन शास्त्र, भौतिक शास्त्र, जैविक प्रविधि विज्ञान आदि पर्छन्। यी सबै विषय चिकित्सा शिक्षामा नपर्ने त्रिचन्द्र क्याम्पस, वीरेन्द्र क्याम्पस सामान्य सरकारी क्याम्पस र केही निजी क्याम्पसमा अध्ययन हुन्छ। यसका धेरैजसो स्नातकोत्तर तह त्रिवि, कीर्तिपुरमा अध्ययन-अध्यापन हुने गर्छन्। यहाँ अध्यापन गराउने सबै प्राध्यापक सम्बन्धित विषयका विज्ञ (विज्ञान शास्त्राचार्य) हुने गर्छन्, उनीहरू चिकित्सा शास्त्राचार्य होइनन्।

हाम्रो जस्तो देशमा सबैभन्दा बढी दायरा भएको विषय नै चिकित्सा शिक्षा हो। सबैका बाबुआमाको एक मात्र सपना नै आफ्ना सन्तानलाई यही विषय पढाउने हुन्छ। त्यसैले, सबैभन्दा जेहेनदार विद्यार्थी चिकित्सा शिक्षाको सबैभन्दा कठोर प्रवेश परीक्षा पास गरेर अध्ययन गर्ने गर्छन्। चिकित्सा शिक्षामा प्रवेश पाउन कैयौँ वर्ष प्रतीक्षा गरेर कैयौँ कडा साधना र मिहिनेतपश्चात् मात्र अवसर पाइन्छ। चिकित्सा शिक्षाको अध्ययन गराउन चाहने संस्थाले ०७७ पछि चिकित्सा शिक्षा आयोगबाट स्वीकृति लिएर मात्र सञ्चालन गर्न पाउने व्यवस्था छ। यसरी उत्पादित जनशक्तिलाई मात्र सम्बन्धित परिषद्मा दर्ता भई लाइसेन्स पाउने प्रावधान छ। तर, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७ लागू (चिकित्सा शिक्षा आयोगको गठन) पूर्व भए सम्बन्धित परिषद्बाट सञ्चालन अनुमति लिएको हुनुपर्ने स्पष्ट व्यवस्था छ।

सबैलाई थाहा भएकै कुरा हो, त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत कहीँ कतै पनि चिकित्सा शिक्षा अध्ययन र अध्यापन हुँदैन किनकि यसको उद्देश्य चिकित्सा शिक्षाकर्मी उत्पादन गर्ने नै होइन। तसर्थ, यसअन्तर्गत सञ्चालित कुनै पनि कार्यक्रमले न त हिजो स्वास्थ्य व्यवसायी परिषद्बाट सञ्चालनार्थ अनुमति नै लिए, न त आज नै लिएका छन्। यस अर्थमा पनि त्यहाँबाट उत्पादित जनशक्ति स्वास्थ्य व्यवसायी हुन सक्दैनन् भन्ने प्रस्ट छ।

यति हुँदाहुँदै पनि हाल आएर त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत सञ्चालित ०७७ अघिका सूक्ष्म जीवविज्ञान विषयमा स्नातकोत्तर तह दुई वर्ष पढेर पूरा गरेका (विज्ञान शास्त्राचार्य)लाई अध्ययन गरेको विषयको नाम मिलेका आधारमा कार्यक्रम सञ्चालन भएको ३० वर्षपछि आएर चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गतको स्नातकोत्तर क्लिनिकल माइक्रो बायोलोजी (चिकित्सा शास्त्रमचार्य) तीन वर्षसरहको समकक्षता दिएर नेपाल स्वास्थ्य व्यवसायी परिषद्को न्यूनतम मापदण्ड पूरा गराई दर्ता दिने प्रक्रिया अगाडि बढाइएको छ। यसका लागि त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को १५ पुस ०७९ को निर्णयअनुसार रेक्टर (शिक्षाध्यक्ष) को संयोजकत्वमा नेपाल स्वास्थ्य व्यवसायी परिषद्को प्रतिनिधि पनि सदस्य रहने गरी आठ सदस्यीय समिति गठन गरियो। जुन समितिले एउटा प्रतिवेदन (कार्यविधि) तयार गरी कार्यकारी परिषद्मा पेस गर्‍यो र सो कार्यविधि त्रिवि कार्यकारी परिषद्ले सोहीअनुसार गर्ने भनी २३ फागुन ०७९ मा निर्णय गरी कार्यान्वयनका लागि चिकित्सा शास्त्र अध्ययन संस्थानलाई २८ फागुन ०७९ मा पत्राचार गरेको छ।

चिकित्सा शिक्षा आयोग (एमइसी) लाई प्रश्न : राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को प्रस्तावनामै चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन, सम्बन्धित शिक्षण संस्थाको स्थापना र सञ्चालनसँग सम्बन्धित कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर कायम गर्न भन्ने उल्लेख छ। साथै, ऐनको नियम ५३ अनुसार परिषद वा विश्वविद्यालयसँग सम्बन्धित कानुनमा जे लेखिएको भए पनि यसै नियमअनुसार हुने भन्ने स्पष्ट व्यवस्था छ। जसअनुसार चिकित्सा शिक्षाको सम्पूर्ण दायित्व (अनुमति, सञ्चालन, नियमन) हुने र त्यसपश्चात् परिषद्मा दर्ता पाउने व्यवस्था हुँदाहुँदै राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७ लागू हुनुपूर्वको अवस्था भए पनि नैतिक जिम्मेवारीबाट पन्छिन मिल्छ र ? निश्चित समूह (२०७७ अघि) लाई लक्षित गर्नुको पछाडिको कारण के हो ? खोजीको विषय बनेको छ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान, कीर्तिपुरलाई प्रश्न : सन् १९९० देखि आजसम्म सञ्चालित सूक्ष्म जीवविज्ञान विषयमा स्नातकोत्तर पढाउँदै आउँदा परिषद्मा दर्ता नै चाहिने भए आजसम्म पनि चिकित्सा शिक्षाअन्तर्गत राखी अध्ययन किन नगराएको ? अहिले आएर निश्चित समूह (२०७७ अघि) लाई मात्र किन लक्षित गरिएको ? अहिले अध्ययन गरिरहेका र भविष्यमा अध्ययन गर्ने विद्यार्थीबारे परिषद् दर्ता गराउन चिकित्सा शिक्षा आयोगअन्तर्गत राखी अगाडि बढाउने सोच हुनुपर्ने होइन र ? खालि कानुनी छिद्र खोजी हिँड्नुभन्दा र पढिसकेका भन्दा आफ्ना पढिरहेका र भविष्यमा पढ्ने विद्यार्थीबारे सोच्दा राम्रो होला कि ?



चिकित्सा शास्त्र अध्ययन संस्थानलाई प्रश्न : राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को प्रस्तावनामै उल्लिखित चिकित्सा शिक्षाको व्यवस्थापन र गुणस्तर कायम गर्ने काममा सरोकारवालाका नाताले लाग्नुपर्ने होइन र ? चिकित्सा शिक्षा आयोगअन्तर्गत सरोकारवाला चिकित्सा शिक्षा अध्ययन संस्थानलाई अहिले आएर समकक्षता दिन किन परेको रहेछ ? चासोको विषय बनेको छ। जसले भविष्यमा के असर पार्न सक्छ ? यसको लेखाजोखा गर्नुपर्दैन र ? चिकित्सा शिक्षा आचारसंहिताभित्र रहेर अध्ययन गर्ने र नगर्नेबीचको फरक छुट्याउन किन सकिएन ? युक्रेनमा सैनिक आचारसंहिताभित्र रहेर युद्ध गर्ने रसियन सैनिक र आचार संहिताभित्र नबस्ने वाग्नर समूहबीचको फरक छुट्याउन नसक्नुको परिणाम संसारसामु छर्लंगै छैन र ? स्नातकोत्तर क्लिनिकल माइक्रो-बायोलोजी विषय पढ्न जम्मा एकदेखि पाँचजनाले प्रतिवर्ष आइओए र एमइसीको प्रवेश परीक्षा पास भएपछि यति महँगो र पूर्ण आवासीय, पूर्णकालीन बनाएर तीन-तीन वर्ष अस्पतालमा आधारित भई प्राक्टिस गर्नुपर्ने किन बनाएको ? नाम मिल्दैमा गुण पनि मिल्छ र ? गुण मिलाउन खोज्दा पर्न जाने जनस्वास्थ्यमाथिको दूरगामी असरबारे सोच्नुपर्दैन र ? चिकित्सा शास्त्र अध्ययन संस्थानले आफ्नो क्षेत्राधिकारभित्र रहेर नेपाल स्वास्थ्य व्यवसायी परिषद्को क्षेत्राधिकारलाई हस्तक्षेप नगरी काम गर्नु राम्रो हुन्छ। अझ नेपाल स्वास्थ्य व्यवसायी परिषद्बाट तोकिएका प्रतिनिधिले परिषद्को अधिकार आइओएमलाई हस्तान्तरण गर्न खोजेर एउटा सच्चा लेन्डुपको भूमिका निर्वाह गर्दैमा त्यो नियमविपरीत कार्य चिकित्सा शास्त्र अध्ययन संस्थानले किन स्वीकार गरेको होला ? खोजीको विषय बनेको छ।

> चिकित्सा शिक्षाभित्र पनि नपरेका, कहिल्यै अस्पताल र बिरामी नदेखेका, स्वास्थ्यकर्मीको परिभाषाभित्रसमेत नपर्ने र स्वास्थ्यकर्मीद्वारा प्रशिक्षितसमेत नभएका आइओएसटीअन्तर्गत अध्ययनरत सूक्ष्म जीवविज्ञान विषयमा स्नातकोत्तर हासिल गरेका र चिकित्सा शिक्षा आयोग गठनअघिका विद्यार्थीलाई समकक्षता दिने निर्णय कसरी जायज हुन सक्छ ?

स्नातकोत्तर क्लिनिकल माइक्रो-बायोलोजी (चिकित्सा शास्त्राचार्य) पढ्न चिकित्सा शिक्षाअन्तर्गत रहेर स्नातक तह (बिएमएलटी, बिडिएस, एमबिबिएस) उत्तीर्ण गरेको हुनुपर्छ। यसबाट ती स्नातक तहमा रातदिन मिहिनेत गरेर चिकित्सा शिक्षा आचारसंहिताभित्र रहेर पढिरहेकामाथि अन्याय नहोला र ? कडा मिहिनेत र छनोटमा असफल भएर सजिलो बाटोतिर लाग्नेहरू घुमेर सजिलै त्यही बाटोमा आउन मिल्ला र ? त्यसो भए ती भीमकाय प्रवेश परीक्षा उत्तीर्णपश्चात् स्नातक र स्नातकोत्तर चिकित्सा शिक्षामा भर्ना लिनुको के अर्थ ? चिकित्सा शिक्षा यति सस्तो र जहाँ पनि पढ्न पाइने अवस्था हाम्रो देशमा छ र ?

नेपाल स्वास्थ्य व्यवसायी परिषद् (एनएचपिसी) लाई प्रश्न : नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन-२०५३ बमोजिम यस परिषद्को स्थापना भएको हो। यसै ऐनले दिइएको अधिकार प्रयोग गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली-२०५६ लागू भई परिषद्ले कार्य गर्दै आएको छ। यस नियमावलीको नियम ३ को उपनियम-२ बमोजिम विभिन्न तहमा स्वास्थ्य व्यवसायीका रूपमा परिषद्मा नाम दर्ता गराउन सम्बन्धित स्वास्थ्य व्यवसायीले परिषद्बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट तोकिएको शैक्षिक योग्यता, उपाधि, तालिम प्राप्त गरेको हुनुपर्ने स्पष्ट गरिएको छ। सोही नियमको उपनियम-४ बमोजिम परिषद्ले तोकेको सर्तअनुरूप सञ्चालन नभएका शिक्षण संस्थाले उपलब्ध गराएको प्रमाणपत्र वा अन्य उपाधिलाई परिषद्ले मान्यता नदिने व्यवस्था छ।

परिषद्ले आफ्ना व्यवसायीको काम कर्तव्यलाई व्यवस्थित र गुणस्तरीय बनाई संरक्षण गर्ने कार्यमा अगाडि बढ्नुपर्नेमा नियमविपरीत दर्ता प्रक्रिया अगाडि बढाउन खोज्नु दूषित देखिन्छ। अझ एनएचपिसीबाट तोकिएका एकजना प्रतिनिधिले आफ्नो अधिकार आइओएममा बुझाउन मिल्छ र ? त्यो पनि ऐन र नियमविपरीत। एनएचपिसी छुट्टै ऐनद्वारा सञ्चालित संस्था हो। जुन संस्था आइओएमको पछि लाग्नुपर्दैन, आफ्नै नियम र कानुनअनुसार अगाडि बढ्नुपर्छ। नयाँ नियुक्त एनएचपिसीका पदाधिकारीले परिषद्का तर्फबाट व्यवसायीको हितविपरीत र प्रदत्त एनएचपिसीको ऐन र नियमविपरीत गरिएका निर्णय र संलग्न प्रतिनिधिलाई सार्वजनिक गरी कार्बाही गर्न सक्नुपर्छ। साथै, दशकौँदेखि ऐनमै व्यवस्था गरिएको निर्वाचन हुन नसक्दा दर्ता भएका व्यवसायीको परिषद्मा प्रतिनिधित्व हुन नसकी यस्ता खालका राजनीतिक समूह स्वार्थयुक्त निर्णय हुन सक्ने र व्यवसायीको व्यवसायमै दूरगामी असर पर्ने भएकाले यथाशक्य यसतर्फ ध्यान दिन आवश्यक देखिन्छ।

हाल आएर पनि चिकित्सा शिक्षाभित्र नपरेका, कहिल्यै अस्पताल र बिरामी नदेखेका, स्वास्थ्यकर्मीको परिभाषाभित्रसमेत नपर्ने र स्वास्थ्यकर्मीद्वारा प्रशिक्षितसमेत नभएका आइओएसटीअन्तर्गत अध्ययनरत सूक्ष्म जीवविज्ञान विषयमा स्नातकोत्तर हासिल गरेका र चिकित्सा शिक्षा आयोग गठनअघिका विद्यार्थीलाई समकक्षता दिने निर्णय गर्ने त्रिवि, आइओए र त्यसमा कुनै सम्बन्ध नरहँदा-नरहँदै सघाउने नेपाल स्वास्थ्य व्यवसायी परिषद्को निर्णयले ठूलो नीतिगत भ्रष्टाचारलाई उदांगो बनाएको छ। तसर्थ, नीतिगत भ्रष्टाचारमा सामेलहरूलाई अनुसन्धानको घेरामा ल्याएर सम्बन्धित निकायले कार्बाही गरी निश्चित समूहकेन्द्रित निर्णय खारेज गरिनुपर्छ।

अन्त्यमा, सूक्ष्म जीवविज्ञानमा अध्ययनरत विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत सञ्चालित कार्यक्रमलाई चिकित्सा शिक्षा आयोगअन्तर्गत ल्याएर सञ्चालन गरी आउँदा पिँढीको भविष्यलाई सुनिश्चित गर्नुपर्छ। तर, केही व्यक्ति र राजनीतिक दलका कार्यकर्ताको स्वार्थका लागि वर्तमानमा नियम बनाएर भूतकालमा लागू गर्न लागिएका प्रपञ्च जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकाले यो नेपाल सरकारले प्रतिबद्धता जाहेर गरेको गुणस्तरीय स्वास्थ्यप्रतिको खेलबाड हो।

(बराल मनमोहन मेमोरियल इन्स्टिच्युट अफ हेल्थ साइन्सेसका सहायक प्राध्यापक (ल्याब मेडिसिन) हुन्)

---

३ प्रश्न

बिपी कोइराला लायन्स नेत्र अध्ययन केन्द्रका दृष्टि विशेषज्ञ **डा. हीरानाथ दाहाल**लाई



अहिले फैलिएको आँखा पाक्ने रोग कस्तो समस्या हो ?

यसलाई भाइरल कन्जन्टिभाइटिस भनिन्छ। भाइरसको संक्रमणपछि सामान्यतः दायाँ या बायाँ एउटा आँखामा समस्या देखिन थाल्छ। यसलाई हामी 'पिंक आई' भन्ने गर्छौं। यो निकै संक्रामक रोग हो।

यसको संक्रमण कसरी एक व्यक्तिबाट अर्को व्यक्तिसम्म फैलिन्छ ?

यो रोग संक्रमितको आँखामा हेर्दैमा या नजिक बस्दैमा सर्ने होइन। संक्रमितको आँसु या आँखा छोएको हात, टावेल आदिको सम्पर्क स्वस्थ आँखासम्म पुग्यो भने यो रोग सर्छ। संक्रमितलाई छोइसकेपछि साबुनपानीले राम्ररी हात धुनुपर्छ। एउटै टाबेल प्रयोग गर्नु हुँदैन। सुरुका तीन-चार दिनसम्म यो निकै संक्रामक हुन्छ। चिकित्सकको सहल्लाहमा औषधि प्रयोग गरियो भने यो बिस्तारै मत्थर हुँदै जान्छ र १०-१२ दिनमा पूर्ण निको हुन्छ। तर, हेलचेक्र्याइँ गरियो भने आँखा सुन्निने, नानीमा घाउ हुनेजस्ता समस्या पनि देखिन सक्छन्। यस्तो अवस्थामा आँखाको दृष्टि धमिलो हुन सक्छ।

यसबाट बच्न के-के उपाय गर्न सकिन्छ ?

यसबाट बच्ने उपाय भनेको नै सतर्कता अपनाउने हो। परिवारमा कसैलाई यस्तो समस्या देखिएको छ भने उसलाई छोइसकेपछि साबुनपानीले हात धुनुपर्छ। एउटै सिरानी र टाबेल प्रयोग गर्नुहुँदैन। चिकित्सकलाई नजँचाई आफूखुसी औषधि प्रयोग गर्नुहुँदैन। आँखामा जथाभावी एन्टिबायोटिक तथा इस्टेरोइड औषधि प्रयोग गर्नु हुँदैन। झोलिलो खानेकुरा बढी खानुपर्छ र पर्याप्त आराम गर्नुपर्छ।

प्रेरक प्रसंग

दुई साधु र तिनको विचार

कुनै एक गाउँमा दुई साधु एउटै कुटीमा बस्थे। दुवै बिहान-बेलुका गाउँकै दुई अलग-अलग मन्दिरमा पूजाआजा गर्थे। केही समय भिक्षाटन गर्थे। दिनमा मन्दिरपरिसरमा आइपुग्ने भक्तजनसँग कुराकानी गर्थे। साँझमा कुटीमा फर्किन्थे। रुखासुखा खान्थे। यसैगरी उनीहरूको दैनिकी चलिरहेको थियो।



एक दिन उनीहरू मन्दिरमै भएको समयमा जोडले हावाहुरी चल्यो। केही समयपछि मुसलधारे पानी पनि पर्‍यो। पानी रोकिएपछि उनीहरू कुटीतिर फर्किए। दिउँसोको हावाहुरी र मुसलधारे पानीका कारण उनीहरूको कुटीको आधा छानो उठाएको थियो। यो देख्दा कुटीमा पुग्ने पहिलो साधु भगवान्सित निकै रिसाए र भने- भगवान्! तँ जहिल्यै मेरो साथमा गलत गर्छस्। म हरेक साँझबिहान तेरो पूजा अर्चना गर्छु। तँरै नाम जपिरहन्छु। तैपनि, तैँले मेरो कुटीको छानो उडाएर मलाई उठिबास लगाइस्। गाउँमा कैयौँ चोर, डाँका, लुटेरा पनि छन्। तर, तिनको घरमा भने तैँले कुनै विनाश गरेको छैनस्। के तँलाई प्रेम, श्रद्धा र आदर गरेको फल यही हो ?

केहीबेरमा दोस्रो साधु पनि कुटीमा आइपुगे। उनले पनि आधा मात्र बाँकी रहेको कुटीको छानो देखे। त्यो देखेर उनी दंग परे। खुसीले नाच्न थाले। नाच्दानाच्दै उनले भगवान्लाई धन्यवाद दिए। उनले भने- भगवान्! तपाईं कति दयालु हुनुहुन्छ, तपाईं हामीलाई कति प्रेम गर्नुहुन्छ भन्ने आज पुष्टि भयो। त्यही प्रेमले गर्दा तपाईंले हाम्रो कुटीको आधा छानो जोगाइदिनुभयो। सायद तपाईं हाम्रो पूजाबाट खुसी हुनुभएको थियो। त्यसैले त आज हाम्रो कुटीको छानो आधा भए पनि जोगाएर हामीलाई रात काट्ने सुरक्षित ठाउँ दिनुभयो। आज मलाई तपाईंमाथि थप श्रद्धा र विश्वास बढ्यो। तपाईंको जय होस् भगवान्!

सायद 'फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार' भनेको यही त होला नि, होइन र ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सहयोगको अपिल

मेरी भाइबुहारी वर्ष २६ की अनुकुमारी चौधरी विगत केही वर्षदेखि दमको रोगी भई उपचाररत थिइन्। अहिले आएर उनका दुवै मिर्गौलामा संक्रमण भई गम्भीर अवस्थामा कोसी अस्पताल, विराटनगरमा भर्ना गरिएको छ। हाम्रो घर परिवारको आर्थिक अवस्था एकदमै कमजोर भएकाले उनको उपचार गर्न निकै कठिन भइरहेको हुँदा सहृदयी सहयोगी तथा दातासँग साथ र सहयोगको अपेक्षा गरेका छौँ। हामीलाई सहयोग गर्न चाहनुहुने दाजुभाइ, दिदीबहिनी र आमाबुबाहरूले ९८१८७२८९८६ मा प्रत्यक्ष सम्पर्क गर्न सक्नुहुनेछ। साथै, लक्ष्मी-सनराइज बैंकको कल्याणपुर शाखामा अनुकुमारी चौधरीको नाममा रहेको खाता नं. १२००९४४०११२०२००१ मा रकम जम्मा गरेर पनि सहयोग गर्न सक्नुहुनेछ। हामीलाई सद्भाव देखाएर सहयोग गर्नुहुने सबैमा हार्दिक आभार प्रकट गर्दछौँ।

● **नवीनकुमार चौधरी**, शम्भुनाथ नगरपालिका-८, सप्तरी

प्रतिबद्धता प्रशंसनीय छ

ललितानिवास प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईको सिआइबीको अनुसन्धानमा सघाउने प्रतिबद्धता प्रशंसनीय छ। मुलुकका पूर्वकार्यकारी प्रमुखको तहसम्म प्रहरी अनुसन्धानको दायरा पुग्नुलाई ऐतिहासिक घटनाका रूपमै लिनुपर्छ। यसबाट नक्कली मोही खडा गर्नेजस्तो अत्यन्त निकृष्ट कार्यमा प्रमुख भूमिका रहने भूमाफिया तथा त्यसमा संलग्न अन्य राजनीतिक तथा प्रशासनिक व्यक्तिको संलग्नता उजागर हुन सक्ने प्रचुर सम्भावना देखिनुले अनुसन्धानकर्तालाई ठूलो सहयोग हुने अपेक्षा गर्न सकिन्छ।

● **महेशप्रसाद ढुंगाना**
नयाँबानेश्वर, काठमाडौं

अनुसन्धानलाई व्यवस्थित बनाऊ

सर्वोच्च अदालतको आदेशपछि पूर्वप्रधानमन्त्रीहरू माधव नेपाल र डा. बाबुराम भट्टराईलाई समेत बयानमा बोलाउने सिआइबीले तयारी गरेको समाचार पढ्दा खुसी लाग्यो। यो देशमा ठूलाबडा र पहुँचवालाले जे गरे पनि हुन्छ भन्ने परिरहेको समयमा आएको सर्वोच्चको आदेश र सिआइबीको भनाइले हामी आमजनतामा झिनो नै भए पनि आशा जगाएको छ। यसलाई अब व्यवस्थित अनुसन्धानमार्फत टुंगोमा पुर्‍याउनुपर्छ। यो वा ऊ नभनी अनुसन्धानलाई अघि बढाइयोस्।

● **सुचित्रा केसी**
बालुवाटार, काठमाडौं

प्रधानमन्त्रीलाई अनुरोध

सम्माननीय प्रधानमन्त्रीज्यू,

सूर्यविनायक नगरपालिका वार्ड नं. ५ र ६ को बीचमा पर्ने चुनदेवी मन्दिर र ट्राफिक कार्यालयको पूर्व हुँदै घलाँते निस्कने महेन्द्रगल्लीको बाटो पिच भए पनि करिब आठ-दश मिटर बाटोचाहिँ ढलान गर्ने भनेर त्यसै छोडिएको छ। हाल सो खण्ड हुँदै गाडी तथा मान्छे हिँड्न सकस परिरहेको हुँदा यसमा ढलान गराइदिन वडा नं. ५ र ६ का वडाध्यक्षलाई भनिदिन प्रधानमन्त्रीज्यूलाई हार्दिक आग्रह गर्छौं।

ढलान गर्ने भनेर खाली छाडिएको सडकमा बर्खासँगै खाल्डो बढ्दै जाँदा पिचलाई समेत धक्का परिरहेको छ। तर, दुवै वडाका वडाध्यक्ष कानमा तेल हालेर बसिरहेका छन्। त्यसैले, हामी प्रधानमन्त्रीज्यूलाई नै अनुरोध गर्न बाध्य भएका हौँ।। स्मरण रहोस्, प्रायः प्रयोगमा नआउने ठाउँमा ६ नं. वडाले पाँच-६ लाख खर्च गरेर ढलान गर्‍यो, तर चल्तीको बाटोमा भने वास्तै गरेन। जति लेखे पनि, जति अनुरोध गरे पनि ५ नं. र ६ नं. वडाका वडाध्यक्षले जनताको गुनासोप्रति ध्यान नदिने भएकाले प्रधानमन्त्रीज्यूले नै पहल गरिदिन हार्दिक आग्रह गर्छौं। राजनीतिक दलले चाहिँ यस्ता वडाध्यक्षलाई कारबाही गर्न मिल्दैन ? यदि मिल्दैन भने ५ नं. का एमाले र ६ नं. का कांग्रेसका वडाध्यक्षका कारण आगामी चुनावमा कांग्रेस र एमालेले भोट पाउलान् त ? यसतर्फ दुवै पार्टीको ध्यान जाओस्।

● **रत्ननिधि रेग्मी र वडा नं. ५ र ६ का पीडित जनता**
सूर्यविनायक, भक्तपुर
shukracharya@yahoo.com.au

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विश्व-व्यवस्थामा अमेरिकी नेतृत्वको संकट

तीव्र अन्तर्राष्ट्रिय विरोध र राष्ट्रसंघीय सुरक्षा परिषद्को बर्खिलाप बुसले उतिखेर इराकमा आक्रमण गरेका कारण अमेरिकाले आफ्नो विश्वसनीयता गुमायो



देश/विदेश

● क्रिस प्याटन

इराकयुद्ध भएको करिब नौ महिना अर्थात् युद्धले इतिहासमा स्थान बनाइसकेको अवस्थामा डिसेम्बर २००३ मा तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यु बुसलाई के तपाईंको सरकारले अन्तर्राष्ट्रिय कानुन पालना गरेको छ ? भनेर प्रश्न गरिएको थियो। 'अन्तर्राष्ट्रिय कानुन भनेर तपाईंले के भन्न खोज्नुभएको हो, त्यसबारे मलाई थाहा छैन। म मेरै वकिलसँग परामर्श लिन्छु' भन्दै परिहासपूर्ण जवाफ दिएका थिए। बुसको घातक सैन्य साहसिक कारनामाले प्रस्ट रूपमा अन्तर्राष्ट्रिय मूल्य-मान्यता एवं संस्थाको महत्त्व मात्रै देखाएन, यसले यी मान्यतालाई लत्याउँदाको प्रभावसमेत झल्काएको थियो। तर, अहिले हामीले फेरि त्यसवेला सिकेको पाठ बिर्सिसकेका छौँ।

दोस्रो विश्वयुद्धयता राष्ट्र संघ अन्तर्राष्ट्रिय विधिमा आधारित व्यवस्थाको मूल स्तम्भ बनेको छ। रासायनिक हतियार, जैविक युद्ध, क्षेत्रीय स्थिरतालगायत मुद्दालाई कैयौँ अन्य अन्तर्राष्ट्रिय सम्झौताले सम्बोधन गरे पनि विश्व शान्ति एवं स्थिरता कायम गर्न राष्ट्र संघलाई नै विश्वास गरिएको थियो। राष्ट्र संघलाई थोरै समयका लागि भए पनि प्रभावकारी बनाउनुमा विश्वका उदार लोकतन्त्र र अमेरिकाका दुवै डेमोक्रेटिक र रिपब्लिकन सरकारको अविचलित समर्थनले मुख्य भूमिका खेलेको छ। अन्तर्राष्ट्रिय व्यवस्थामा अमेरिका लामो समयदेखि द्वैधताको रबैया अपनाइरहेको पनि सत्य हो। यसलाई अमेरिकाले लामो समयदेखि अन्तर्राष्ट्रिय फौजदारी अदालतमा सहभागी हुन अस्वीकार गरिरहेको तथ्यले पुष्टि गर्छ। त्यसबाहेक अमेरिकाले विश्व व्यवस्थाका सबै नियम-कानुन पालना गरेको छ, जबीक दोस्रो विश्वयुद्धपछि अथाह राजनीतिक एवं आर्थिक शक्ति जोडेको अमेरिकाले जे मन लाग्यो, त्यही गर्न सक्थ्यो। तर, उसले अन्तर्राष्ट्रिय विधि पालनाको उल्लंघन बुसले इराकमा अतिक्रमण गर्ने निर्णयसँगै सुरु गर्‍यो। बुसको निर्णयमा व्यापक अन्तर्राष्ट्रिय विरोध थियो र निर्णयलाई राष्ट्रसंघको सुरक्षा परिषद्को स्वीकृति पनि थिएन। यसो गरेर अमेरिकाले आफ्नो विश्वसनीयता गुमायो र विधिमा आधारित विश्व व्यवस्थाको अवमूल्यन गर्‍यो। नतिजा कैयौँ लेटिन अमेरिकी र अफ्रिकी राष्ट्रले युक्रेनमाथि रुसी अतिक्रमणको निन्दा गर्न आवश्यक ठानेनन्। भारतसमेतले तटस्थ नीति अपनायो र अमेरिकी नेतृत्वमा भएको नाकाबन्दीको फाइदा उठाउँदै छुटसहित रुसी तेल खरिद गरिरहेको छ। भारत यस्तो अवस्थामा तेल खरिद गरिरहेको छ, जब भारतको प्रमुख भूराजनीतिक प्रतिद्वन्द्वी चीनले रुससँग घनिष्टता बढाइरहेको छ।

२१औँ शताब्दीका जलवायु परिवर्तन र सामूहिक बसाइँसराइजस्ता महत्त्वपूर्ण विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्ने क्रममा उदारवादी लोकतन्त्रले ठूलो चुनौतीको सामना गरिरहेका छन्। किनभने इराक युद्धले सिर्जना गरेको अविश्वास र विभाजनको विरासतले अन्तर्राष्ट्रिय सम्झौता लागू गर्न ठूलो व्यवधान निम्त्याइरहेको छ। भविष्यका आप्रवासी दबाबलाई प्रभावकारी रूपमा सामना गर्न दक्षिणी गोलार्धका न्यून आय भएका देशसँग सहकार्य र अन्तर्राष्ट्रिय सम्झौता स्थापना गर्न आवश्यक छ।

अफ्रिकाको जनसंख्या सन् २०५० भित्रमा दोब्बर हुने अनुमान गरिएको छ। अफ्रिकाका जोखिमपूर्ण क्षेत्रका करोडौँ मानिसलाई राजनीतिक अस्थिरता, युद्ध र जलवायु परिवर्तनले निम्त्याएको आर्थिक दुरवस्थाको सिकार हुनबाट जोगाउन युरोपेली उदार लोकतन्त्रले नवप्रवर्तनीय राज्यसंयन्त्र, सुरक्षा हस्तक्षेप र ठोस विकास सहयोग गर्नुपर्ने हुन्छ। यदि यसो गर्न सकिएन भने पश्चिमा युरोपेली मुलुकले अथाह आप्रवासन झेल्नुपर्नेछ। हाल गैरकानुनी आप्रवासनका मामिलामा युरोप भूमध्यसागर वा इंग्लिस च्यानल पार गर्दा निम्तिने



तस्बिरः चार्ल्स ओमाने/गेटी इमेजेस

खतराले शरणार्थीलाई निरुत्साहित गर्नेछ भन्नेमा भर परेको देखिन्छ। बेलायतमा हालैका अनुभवले जोखिमयुक्त समुद्री यात्राले आप्रवासन निरुत्साहित हुने भन्नेमा दक्षिणपन्थी समूहले समर्थन गरे पनि समस्याको मूल कारणलाई सम्बोधन गर्न नसकेको देखिन्छ। युरोपेली राष्ट्र आश्रित बुढ्यौली जनसंख्याको वृद्धि र सक्रिय जनसंख्याको गिरावटसँग जुध्न थालेको अवस्थामा दीर्घकालीन आवश्यकतामाथि विचार गर्ने तर्कसंगत अध्यागमन नीतिको आवश्यकता बढ्दो रूपमा स्पष्ट हुँदै गएको छ। आगामी केही दशकका लागि आवश्यक आप्रवासनको सहजीकरण र गैरकानुनी प्रवेशलाई सन्तुलन गर्नु युरोपका लागि ठूलो चुनौती बन्नेछ। यसले राजनीतिक बहसमा प्रवेशमा पाइसकेको छ। सरकारलाई गिराउने स्तरमा मुद्दाले प्रवेश पाइरहेको छ, उदाहरणका लागि हालै नेदरल्यान्ड्स सरकार नै गिरेको छ। यो मुद्दाले दक्षिणपन्थी उग्रवादीलाई बढावा दिइरहेको छ। यी चुनौतीका बाबजुद युरोपको जनसांख्यिकीय अवस्थाले सार्वजनिक सेवा सुचारु राख्न र आर्थिक वृद्धिलाई प्रोत्साहन गर्न पर्याप्त संख्यामा आप्रवासीलाई स्विकार्न आवश्यक छ, जुन फ्रान्सको मरिन ले पेन र बेलायतको निगेल फराजजस्ता उग्र-दक्षिणपन्थीको प्राथमिकताविरुद्ध जान्छ।

जलवायु परिवर्तनको दबाबपूर्ण खतराले विकसित र विकासोन्मुख राष्ट्रबीच विश्वास निर्माण गर्ने महत्त्वपूर्ण आवश्यकतालाई जोड दिन्छ। महत्त्वपूर्ण रूपमा अन्तर्राष्ट्रिय समुदायले हरितगृह ग्यास उत्सर्जन कसरी कम गर्ने र विश्व तापक्रम वृद्धिको प्रभावबाट सबैभन्दा बढी प्रभावित हुने कम आय भएका देशलाई असमान बोझ नपर्ने अवस्था सुनिश्चित गर्नुपर्छ।

अमेरिकाले अझै निष्पक्ष नेतृत्व दिन सकेमा पश्चिमा उदारवादी लोकतन्त्रको महत्त्वपूर्ण चुनौतीको सामना गर्ने क्षमतामा विश्वको विश्वास बलियो हुनेछ। यद्यपि वासिंगटनमा रिपब्लिकनले अमेरिकी चुनावी राजनीतिको आधारलाई नै कमजोर बनाइरहेको अवस्थामा यो सम्भावना थप असम्भव बनाउँछ। अमेरिकामा विद्यमान घरेलु राजनीतिक विभाजन आंशिक रूपमा इराक युद्धको परिणाम पनि हो। फ्र्यांकलिन रुजवेल्ट, ह्यारी ट्रुम्यान र ड्वाइट आइजेनहावर जस्ता विगतका राष्ट्रपतिको प्रभावकारी नेतृत्वले चुनौतीपूर्ण समयमा पनि सुरक्षित र सुसंगत विश्व बनाउन सकिन्छ भनेर प्रमाणित गरेका थिए। अर्कातर्फ बुस प्रशासनले बिब्ल्याँटो बाटो देखायो र यो सत्य हो।

(हङकङका अन्तिम बेलायती गभर्नर प्याटन अक्सफोर्ड विश्वविद्यालयका कुलपति हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

चुनावी सरकारको माग गर्दै बंगलादेशमा चर्कियो प्रदर्शन

सत्ताको बागडोर सम्हालेदेखि आलोचकप्रति कठोर बन्दै आएकी प्रधानमन्त्री हसिनामाथि मानवअधिकार र अभिव्यक्ति स्वतन्त्रता हनन गरेको आरोप

बंगलादेशमा प्रधानमन्त्री सेख हसिनाको राजीनामाको माग गर्दै राजधानी ढाकाका मुख्य सडक अवरुद्ध गरिरहेका बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का समर्थकसँग प्रहरीको झडप भइरहेको छ। प्रदर्शनकारीमाथि प्रहरीले अश्रुग्यास र रबरका गोली प्रहार गरिरहेको छ। बिएनपीका अनुसार झडपमा दर्जनौं समर्थक घाइते भएका छन् भने एक सय २० भन्दा बढी प्रदर्शनकारी पक्राउ परेका छन्। बढ्दो मूल्यस्फीति र मूल्य संकटका माझ देशको आर्थिक संकट गहिरिँदै गएपछि बिएनपीले पछिल्ला महिनामा सडकमा लाखौं मानिस उतारेर ठुल्ठूला विरोध प्रदर्शन गरिरहेको छ। अहिलेको उथलपुथल सेख हसिना र उनको पार्टी अवामी लिगले पछिल्ला वर्ष सामना गरेको सबैभन्दा गम्भीर राजनीतिक संकट हो।

बिएनपी प्रधानमन्त्री हसिनाले राजीनामा दिऊन् र सन् २०२४ को जनवरीमा हुने भनिएको आगामी निर्वाचन तटस्थ कामचलाउ सरकारले गरोस् भन्ने चाहन्छ। शुक्रवार भएको ऱ्यालीमा बिएनपीका महासचिव मिर्जा फकरुल इस्लाम अलामगिरले 'वर्तमान सरकारको नेतृत्वमा निष्पक्ष निर्वाचन'को सम्भावना नभएको बताए।

'देशका हरेक महत्त्वपूर्ण संस्थालाई तहसनहस पारिएको छ भने जनताका अधिकार खोसिएका छन्। सबै अत्यावश्यक वस्तुको मूल्यवृद्धिले जनजीवन कष्टकर बनेको छ,' अलमगिरले समर्थकलाई सम्बोधन गर्दै भने। बिएनपीकी नेतृ तथा पूर्वप्रधानमन्त्री खालिदा जिया भ्रष्टाचार अभियोगमा हाल घरमै नजरबन्दमा छिन्। उनले हसिनाले सन् २०१४ र सन् २०१८ को निर्वाचनमा धाँधली गरेको आरोप लगाएकी थिइन्। तर, अबामी लिगले उक्त आरोपलाई बारम्बार अस्वीकार गर्दै आएको छ।

सन् २००९ मा सत्ताको बागडोर सम्हालेदेखि नै कठोर नियन्त्रण कायम गरिरहेकी प्रधानमन्त्री हसिनामाथि अधिनायकवाद र मानवअधिकारका साथै अभिव्यक्ति स्वतन्त्रताको हनन र विरोधमाथि दमनको आरोप लाग्दै आएको छ। उनका सुरक्षा बललाई हजारौं विपक्षी कार्यकर्तालाई हिरासतमा लिएको, सयौंलाई गैरन्यायिक मुठभेडमा मारेको र सयौं नेता तथा समर्थकलाई बेपत्ता पारेको आरोप लागेको छ। र्‍यापिड एक्सन बटालियन (आरएबी)का सातजना वरिष्ठ अधिकारीलाई सन् २०२१ मा वासिंटनले घिनै मानवअधिकार हननको आरोपमा प्रतिबन्ध लगाएको थियो।

यस्तो छ सरकारको अडान

अहिलेसम्म सरकारले कामचलाउ सरकार गठन गर्नु असंवैधानिक हुने भन्दै प्रतिपक्षको यो माग अस्वीकार गर्दै आएको छ। सन् २०११ मा यहाँको सर्वोच्च अदालतले १५ वर्ष पुरानो संवैधानिक प्रावधानलाई खारेज गरेको थियो, जसले वर्तमान सरकारलाई नयाँ संसदीय चुनाव गराउन गैरनिर्वाचित एवं गैरदलीय कामचलाउ सरकारलाई शक्ति हस्तान्तरण गर्न अनुमति दिन्थ्यो।



[केही दिनअघि मात्रै १४ अमेरिकी सांसदले संयुक्त राष्ट्र संघ र तटस्थ पक्षहरूको मध्यस्थतामा बंगलादेशमा निष्पक्ष चुनाव गराउन संयुक्त राष्ट्रसंघका लागि अमेरिकी राजदूतलाई पत्र लेखे। बंगलादेश सरकारले चाहिँ अमेरिका र उसका पश्चिमा सहयोगीले आफ्नो देशको आन्तरिक मामिलामा हस्तक्षेप गरेको आरोप लगाएको छ।]

अन्तर्राष्ट्रिय समुदायको प्रतिक्रिया

यसै महिनाको सुरुमा, एम्नेस्टी इन्टरनेसनलका दक्षिण एसियाका क्षेत्रीय अभियानकर्ताले बंगलादेशमा बढ्दो तनाव 'डरलाग्दो' भएको प्रतिक्रिया दिएकी थिइन्। 'मानिससँग विरोध र असहमति अभिव्यक्तिको स्वतन्त्रता हुनुपर्छ। उनीहरूको आवाजलाई दबाएर सरकारले देशभित्र फरक राजनीतिक विचार राख्नेहरू सह्य नहुने संकेत दिइरहेको छ,' प्रहरीलाई 'संयममता अपनाउन' आह्वान गर्दै एम्नेस्टीका क्षेत्रीय अभियानकर्ता यास्मिन कविरत्नेले भनिन्। संयुक्त राज्य अमेरिकाले पछिल्ला दुई राष्ट्रिय निर्वाचनमा धाँधलीको आरोप लागेकाले बंगलादेश सरकारलाई स्वतन्त्र र सहभागितामूलक निर्वाचन गराउन आह्वान गरेको छ। यसै हप्ताको सुरुमा १४ जना अमेरिकी संसद्ले संयुक्त राष्ट्रसंघ र तटस्थ पक्षहरूको मध्यस्थतामा बंगलादेशमा निष्पक्ष चुनाव गराउन संयुक्त राष्ट्रका लागि अमेरिकी राजदूतलाई पत्र लेखे। जवाफमा बंगलादेश सरकारले अमेरिका र उसका पश्चिमा सहयोगीले आफ्नो देशको आन्तरिक मामिलामा हस्तक्षेप गरेको आरोप लगाएको छ।

कठोर डिजिटल सुरक्षा ऐनमा संशोधन गरिँदै

बंगलादेशले आफ्नो 'कठोर' डिजिटल सुरक्षा ऐन (डिएसए) लाई नरम बनाउन यसलाई नयाँ ऐन (साइबर सुरक्षा ऐन, २०२३)ले प्रतिस्थापन गर्ने तयारी गरेको छ। कानुनमन्त्री अनिसुल हकले प्रस्तावित नयाँ कानुनले डिएसएका थुप्रै विद्यमान प्रावधान कायम राख्ने तर 'दुरुपयोग' हुने गुञ्जायस भएका खण्डलाई हटाउने बताए।

सन् २०१८ मा लागू गरिएको डिएसएलाई लामो समयदेखि अधिकारकर्मीले 'कालो ऐन'को रूपमा विरोध गर्दै आएका थिए। सरकारले यो ऐनलाई असहमति जनाउनेहरू र अभिव्यक्ति स्वतन्त्रतालाई दबाउन दुरुपयोग गरिरहेको उनीहरूले आरोप लगाउन गरेका छन्। यो कानुन खारेजीको माग बढ्दै जाँदा संयुक्त राष्ट्र मानवअधिकार प्रमुख भोल्कर टर्कले अप्रिलमा बंगलादेशलाई यसको प्रयोगमा 'तत्काल रोक लगाउन' र 'अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअनुसार नयाँ ऐन ल्याउन' यसका प्रावधानमा व्यापक सुधारको आग्रह गरेका थिए। मन्त्री हकले हसिना नेतृत्वको सरकारले उक्त अनुरोधलाई ध्यान दिएर डिएसए संशोधन गर्ने निर्णय गरेको बताए। 'तर, हाम्रो बढ्दो डिजिटल उपस्थिति र साइबर स्पेसका लागि हामीलाई पक्कै केही ऐन-कानुन चाहिन्छन्। हामी कानुनबिना काम गर्न सक्दैनौं। यसैले हामीले नयाँ साइबर सुरक्षा ऐन ल्याउन लागेका छौं,' उनले भने। उनले नयाँ कानुनले मानहानि मुद्दामा पत्रकारलाई 'कैद' को सट्टा 'मौद्रिक दण्ड'को प्रावधान समावेश गर्ने बताए।

'वास्तवमा, पत्रकारहरू डिएसएबाट सबैभन्दा धेरै पीडित थिए। गत अप्रिलमा अमेरिकी विदेश मन्त्रालयले एक प्रेस ब्रिफिङमा यसलाई 'पत्रकारका लागि संसारको सबैभन्दा कठोर कानुनमध्ये एक' भनेको थियो। उनले नयाँ कानुनमा पत्रकारलाई मानहानिको मुद्दामा जेल सजाय नहुने र त्यस्ता मुद्दामा अधिकतम जरिवाना ९२ हजार डलरको सट्टा २३ हजार डलर हुने बताए। तर, जरिवाना नतिरे तीनदेखि ६ महिनासम्म कैद हुन सक्नेछ।

अधिकारवादीहरूले डिएसए प्रतिस्थापनको सट्टा यसको खारेजीको माग गर्दै आएका थिए। बंगलादेशको सम्पादक परिषद्का अध्यक्ष महफुज अनम पत्रकारहरूको वर्षौंको विरोध र पीडापछि डिएसएमा 'सुधार' र 'आधुनिकीकरण'को निर्णय आएको बताए। 'हामी यो कदमका लागि सरकारलाई धन्यवाद दिन्छौं र सावधानीपूर्व आशा व्यक्त गर्छौं किनकि साइबर सुरक्षा ऐनमा के प्रावधान छन् र यसले प्रेस स्वतन्त्रतामा बाधा गर्छ कि गर्दैन भनेर हामीलाई अझै थाहा छैन,' उनले भने।

- अलजजिराबाट

नाइजरको 'कु'प्रति

पश्चिम किन यति धेरै चिन्तित ?



विगत एक दशकदेखि पश्चिमी अफ्रिकाको सुक्खा एवं विपन्न साहेल क्षेत्र (उत्तरमा सहारा र दक्षिणमा सुडानी साभाना क्षेत्रबीचको मध्यअफ्रिकी इलाका)मा हिंस्रक जिहादी, तानाशाह र विद्रोहीविरुद्धको लडाइँ चलिरहेको छ। साहेल क्षेत्रको महत्त्वपूर्ण मुलुक नाइजरमा गत २६ जुलाईमा भएको सैन्य 'कु'पछि यो संघर्ष संकटको बिन्दुमा पुगेको छ। केही समयपहिले माली र बुर्किना फासोमा सैन्य 'कु' भएपछि नाइजर यो क्षेत्रको अन्तिम अर्ध-सञ्चालित राज्य थियो। यहाँको पछिल्लो परिदृश्य तरबारको धारजस्तो देखिएको छ।

पश्चिमी अफ्रिकी राज्यहरूको एक समूह 'इकोवास'ले नाइजरमा निर्वाचित सरकारलाई अगस्ट ६ सम्ममा पुनर्स्थापित नगरे जुन्ता (सैन्य सरकार)विरुद्ध सैन्य कारबाही गर्ने धम्की दिएको छ र यो समय सकिएको छ। दीर्घकालीन परिदृश्यमा यो क्षेत्रको अस्थिरता अफ्रिकी महाद्वीपभर फैलने देखिन्छ। घाना र नाइजेरियाजस्ता ठूला अर्थतन्त्र खतरामा पर्नेछन् भने अतिवाद र आतंकवाद अफ्रिकाबाहिर समेत विस्तारित हुन सक्छ। नाइजरको दुःस्वप्न साहेलमा अस्थिरतातर्फको अर्को खतरनाक कदम हो र यो विश्वव्यापी सुरक्षा खतरा बन्दै छ।

नाइजरका जननिर्वाचित राष्ट्रपति मोहम्मद बजोमलाई 'कु'द्वारा अपदस्त गरी जनरल अब्दुरामाने चियानी नेतृत्वको सेनाले बारुदमा सलाई कोर्ने काम गरेको छ। यसपछि, पूर्वऔपनिवेशिक शक्ति फ्रान्सले नाइजरबाट आफ्ना नागरिकको उद्धार गरिरहेको छ। यहाँ जिहादीविरुद्ध लड्न फ्रान्सका १५ सय सैनिक तैनाथ छन्। प्रदर्शनकारीले राजधानी नियामेस्थित फ्रान्सेली दूतावासमा आगजनी गर्न खोजेपछि उसले आफ्नो हितविरुद्ध हुने कुनै पनि आक्रमणको 'सम्झौताहीन प्रतिक्रिया' दिने धम्की दिइसकेको छ। नाइजरको जुन्ताले इकोवासको 'आक्रमणको योजना'को प्रतिवाद गर्ने बताएको छ। माली र बुर्किना फासोको सैन्य सत्ताले नाइजरमाथिको आक्रमणलाई आफूहरूमाथिको युद्धको घोषणाका रूपमा लिने बताएका छन्।

अफ्रिकामा जिहादी संकटको परिमाण डरलाग्दो छ। साहेलका साथै लडाकुहरूले उत्तरपूर्वी नाइजेरिया र सोमालियाको विशाल भूभागलाई आफ्नो नियन्त्रणमा लिएका छन्। समग्रमा यी क्षेत्र १० प्रतिशतभन्दा बढी सब-सहारान अफ्रिकीको घर हो। गत जुनसम्मको एक वर्षमा जिहादीसँग सम्बन्धित हिंसामा यो क्षेत्रमा २२ हजारभन्दा बढी अफ्रिकीको मृत्यु भएको छ, जुन अघिल्लो वर्षको तुलनामा ५० प्रतिशत बढी हो भने सन् २०१४ मा इराकमा इस्लामिक स्टेटसँगको युद्ध उत्कर्षमा रहेका बखत मारिनेहरूको संख्याभन्दा दोब्बर हो। नाइजर 'कु'का योजनाकारले जिहादीविरुद्ध डटेर लड्ने र मुलुकलाई जिहादीमुक्त बनाउने दाबी गरेका छन्, तर बुर्किना फासो र मालीमा जुन्ताले निर्वाचित सरकारहरू ढालेपछि जिहादी हिंसा बढेको थियो। हरितन्नम, अवैध र जनताबाट कटेका सैन्य सरकारले यस्ता गहिरा समस्याको समाधान गर्दैनन्।

जिहादी हिंसा सामाजिक र आर्थिक पतनको संकेत हो। साहेलको सन्दर्भमा जनसंख्या वृद्धि र जलवायु परिवर्तनले भूमि र अन्य स्रोत हत्याउने प्रतिस्पर्धा बढाएको छ, साथै आन्तरिक आप्रवासनलाई अस्थिर बनाएको छ। भ्रष्ट र अक्षम सरकारले यस्ता समस्यालाई चर्काउँछन्, सिकारी नोकरशाही र क्रूर सेना सिर्जना गर्छन्, जसले साम्प्रदायिक तनावलाई बढावा दिने र जातीय अल्पसंख्यकलाई प्रताडित गरेर जिहादलाई बढावा दिन्छन्।

औपनिवेशिकतापछिको निराशा र पश्चिमाप्रतिको अरुचिले यो द्वन्द्वलाई अझ बढाएको छ। सन् २०१३ मा साहेलमा जिहादीविरुद्ध लड्न फ्रान्स नेतृत्वको सैन्य प्रयासले निराशाजनक नतिजा निकालेको थियो, जसको आंशिक कारण फ्रान्सप्रतिको अविश्वास पनि थियो। पश्चिमी मुलुकको सहयोगको सट्टा यहाँका केही देशले वाग्नरका भाडाका सैनिकलगायत खराब स्थानबाट सहयोग लिएका छन्। तिनको नेतृत्वचाहिँ येवगेनी प्रिगोजिनले गरेका छन्, जो भर्खरै रुसमा असफल विद्रोहको नेतृत्व गरेका व्यक्ति हुन् र उनलाई यो क्षेत्रमा शान्ति ल्याउनभन्दा पनि यहाँका खनिज सम्पदा आफ्नो हात पार्नमा बढी रुचि छ।

> अफ्रिकाका लागि अमेरिकाका एक वरिष्ठ सैन्य कमान्डरले यस वर्षको सुरुमै चरमपन्थी समूह बढ्दै जाँदा 'अमेरिकी नागरिक, दूतावास र अन्ततः अमेरिकाविरुद्ध नै आतंकवादी षड्यन्त्रको खतरा बढ्ने सम्भावना रहेको र यो महाद्वीपमा एकपटक खतरा उत्पन्न भएपछि त्यो विश्वव्यापी खतरामा परिणत हुने' चेतावनी दिएका थिए

बाँकी अफ्रिका र बाहिरी विश्वका लागि अब केही नगर्नु नै एउटा विकल्प भएको छ। आखिर अतिवादलाई नियन्त्रण गर्न र साहेलमा स्थिर सरकार स्थापना गर्न बारम्बार गरिएका प्रयास जो असफल भएका छन्। यो समस्या अब भौगोलिक रूपमा सीमित छैन। विद्रोहीहरूले सीमा पार गरेर पश्चिमतिर विस्तारित हुने र घाना र आइभोरी कोस्टलगायत तटीय क्षेत्रका धनी र घना आवादी भएका देशलाई अस्थिर पार्ने धम्की दिइरहेका छन्। घाना र आइभोरी कोस्ट सब-सहारा अफ्रिकाका दश ठूला अर्थतन्त्रमध्येका हुन्। यी जिहादी यो क्षेत्रको सबैभन्दा ठूलो अर्थतन्त्र नाइजेरियाका चरमपन्थीसँग जोडिन सक्छन्। अफ्रिकाका लागि अमेरिकाका एक वरिष्ठ सैन्य कमान्डरले यस वर्षको सुरुमै चरमपन्थी समूह बढ्दै जाँदा 'अमेरिकी नागरिक, दूतावास र अन्ततः अमेरिकाविरुद्ध नै आतंकवादी षड्यन्त्रको खतरा बढ्ने सम्भावना रहेको र यो महाद्वीपमा एकपटक खतरा उत्पन्न भएपछि त्यो विश्वव्यापी खतरामा परिणत हुने' चेतावनी दिएका थिए।

त्यसैले अफ्रिकी जिहादलाई नियन्त्रण गर्न विश्वव्यापी प्रयास आवश्यक छ। यसको अर्थ यसलाई समूल सम्बोधन गर्नुपर्छ भन्ने हो। विडम्बनापूर्ण तरिकाले नाइजरले यतैको बाटो देखाइरहेको छ। नाइजरमा पहिलो लोकतान्त्रिक सत्ता हस्तान्तरणमार्फत सन् २०२१ मा राष्ट्रपतिका रूपमा पदभार ग्रहण गरेका बजुमले स्वास्थ्य र शिक्षाजस्ता शासन र सेवामा सुधार गरेका छन्। उनले स्थानीय गुनासा र जातीय विवादलाई वार्ताको माध्यमबाट समाधानको प्रयास गरेका छन् र केही जिहादीलाई आममाफीको प्रस्ताव गरेर हतियार बिसाउन राजी गराएका छन्। उनले पश्चिमका सेनालाई बोलाएर आतंककारीसँग लड्न यहाँका सेनालाई तालिम दिलाएका छन्। उनको सरकारले इस्लामिक खतरा नियन्त्रणको दिशामा प्रगति देखाएको छ। त्यसैले, 'इकोवास'ले नाइजरको 'कु' उल्ट्याउन सक्छ भनेर आशा गर्न सकिन्छ। यो क्षेत्रमा यस्तो पहिले पनि भएको छ। इकोवासले विगत दुई दशकमा गाम्बिया, गिनी र साओ टोमलगायतमा 'कु'लाई उल्ट्याइसकेको छ।

यदि नाइजरको सत्तामा सैन्य जुन्ता रहिरह्यो भने पश्चिमले यो देशबाट आफ्ना सहयोग फिर्ता गर्नुपर्छ र यहाँको तटीय क्षेत्रका घना आवादीयुक्त देशलाई अफ्रिकी जिहादवादविरुद्ध डटेर लड्नमा सहयोगलाई केन्द्रित गर्नुपर्छ। अर्थात् यी राज्यलाई जिहादवादलाई रोक्न व्यापक दृष्टिकोण अपनाउन आग्रह गर्नुपर्छ। उनीहरूलाई नाइजरबाट (मोहम्मद बजोमकालका) विधिको शासन र सहज र सुलभ सेवाहरूको महत्त्वबारे सिक्न उत्प्रेरित गर्नुपर्छ। यसको अर्थ जिहादीविरुद्ध लड्ने सैनिकलाई स्थानीय जनतासँग निर्मम व्यवहार नगर्न र यस क्षेत्रका सरकारको निमन्त्रणामा पश्चिमा सेनाहरूको प्रत्यक्ष सैन्य हस्तक्षेपका लागि खुला रहन प्रशिक्षण दिनुपर्छ। र, यसको अर्थ जिहादवादविरुद्ध लड्न औपनिवेशिक शक्तिसहितको व्यापक गठबन्धन निर्माण गर्नुपर्छ भन्ने पनि हो। स्थिर र समृद्ध हुँदै गएको अफ्रिकाप्रति चीन र टर्कीलगायत अहिले धेरै देशको चासो छ। तिनले पनि यी देशलाई मद्दत गर्न आवश्यक छ। खतरा तात्कालिक छ र जिहादीहरू ढोकैमा छन्।


-द इकोनोमिस्टबाट

इतिहासमा आज

अगस्ट ९

सन् १९६५

सिंगापुर र मलेसियाबीचको तीनवर्षे एकता आजकै दिन तोडियो। यससँगै सिंगापुरले स्वतन्त्र राष्ट्रको रूपमा अघि बढ्ने निर्णय गऱ्यो। सन् १९६३ मा १४ वटा राज्य मिलेर मलेसिया बन्दा सिंगापुर भूगोलको हिसाबमा यसको सबैभन्दा सानो तथा जनसंख्याका हिसाबले सबैभन्दा ठूलो राज्यको रूपमा जोडिएको थियो। तर, आर्थिक असमझदारी र जातीय तनावले एकता टिकेन।



इसापूर्व ४८ : इपू ४९ देखि इपू ४५ सम्म चलेको रोमन गृहयुद्धको क्रममा जुलियस सिजरको फौजले आजकै दिन पोम्पेको फौजलाई हराएको थियो। हारपछि पोम्पे इजिप्ट भागे, जहाँ उनको हत्या भयो।

सन् ११७३ : इटलीको पिसा सहरमा विश्वचर्चित 'लिनिङ टावर'को निर्माण सुरु भयो।

सन् १९४५ : अमेरिकाले दोस्रो विश्वयुद्धअन्तर्गतको दोस्रो आणविक बम नागासाकीमा खासाल्यो। 'फ्याट म्यान' कोड नाम दिइएको उक्त बमले असी हजारभन्दा बढीको ज्यान लिएको थियो। अमेरिकाले तीन दिनअघि अर्को जापानी सहर हिरोसिमामा 'लिटर बोई' नाम दिइएको आणविक बम खसालेको थियो।

सन् १९७४ : तत्कालीन अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले पदबाट राजीनामा दिएपछि निक्सन प्रशासनमा उप-राष्ट्रपति रहेका जेराल्ड आर फोर्डले आजकै दिन बाँकी कार्यकालका लागि राष्ट्रपतिको पदभार सम्हालेका थिए। (निक्सन अमेरिकाको इतिहासमा राजीनामा दिने एक मात्र राष्ट्रपति हुन्।)

सन् १९९९ : तत्कालीन रुसी राष्ट्रपति बोरिस एल्तसिनले १७ महिनाभित्र उनका चौथो प्रधानमन्त्री सर्गेई स्तेपासिनलाई अपदस्थ गरे। स्तेपासिनको ठाउँमा एल्तसिनले देशको शक्तिशाली गुप्तचर निकायका प्रमुख भ्लादिमिर पुटिनलाई नयाँ प्रधानमन्त्री बनाएका थिए।

विश्व संक्षेप

जेल सजायविरुद्ध इमरान खानले दिए पुनरावेदन

इस्लामाबाद / भ्रष्टाचारको आरोपमा तीन वर्षको जेल सजायविरुद्ध पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानले आज पुनरावेदन दायर गरेका छन्। 'ट्रायल कोर्ट'को तीन वर्ष जेल बस्नुपर्ने निर्णयलाई चुनौती दिँदै नेता खानका वकिलले आज पुनरावेदन दायर गरेका हुन्। पुनरावेदनमा खानलाई धरौटीमा जेलमुक्त गर्न आग्रह पनि गरिएको छ। पुनरावेदनउपर बुधबार सुनुवाइ हुने बताइएको छ।

पाकिस्तानका पूर्वअन्तर्राष्ट्रिय क्रिकेट स्टार खानलाई गत शनिबार पक्राउ गरिएको थियो। गत वर्षको अप्रिलमा सदनमा विश्वासको मत नपाएपछि प्रधानमन्त्री पदबाट हटेका खानमाथि दुई सयभन्दा बढी मुद्दा लगाइएको छ। पदमा रहँदा आफूले प्राप्त गरेका उपहारको वास्तविक घोषणा नगरेको मुद्दामा अदालतले खानलाई तीन वर्षको जेल सजाय सुनाएको थियो। पूर्वप्रधानमन्त्री खानलाई राजधानी इस्लामाबादबाट करिब ६० किलोमिटर पश्चिममा रहेको ऐतिहासिक एटक सहरको बाहिरी भागमा रहेको औपनिवेशिक युगको जेलमा राखिएको छ। तल्लोस्तरको उक्त जेलमा अमानवीय ढंगले खानलाई राखिएको उनका वकिल मिसाल युसुफजाईले बताएका छन्।

मानवका लागि उपयुक्त नहुने स्थानमा पूर्वप्रधानमन्त्रीलाई कैद गरी राखिएको खानका वकिलले आरोप लगाए।

म्यानमारको युद्ध अपराधका घटनाप्रति राष्ट्रसंघ चिन्तित

नेपिड / संयुक्त राष्ट्रसंघका अनुसन्धानकर्ताले म्यानमारमा सामूहिक मृत्युदण्ड र यौनहिंसासहित बढ्दो युद्ध अपराधबाट आफूहरू चिन्तित भएको बताएका छन्। उनीहरूले ती जघन्य अपराधका प्रमाण संकलन गरेको जनाउँदै दोषीलाई कानुनको दायरामा ल्याउन मुद्दाका 'फाइल' तयार गरिरहेको बताएका छन्। सन् २०२१ को फेब्रुअरीमा प्रजातन्त्रवादी नेतृ आङ सान सुकीको निर्वाचित सरकारलाई अपदस्थ गरी सेनाले शासन हातमा लिएदेखि नै देशभर व्यापक प्रदर्शन हुँदै आएका छन्। सेनाले ती प्रदर्शन दबाउन अधिक बल प्रयोग गर्दा तीन हजारभन्दा बढीले ज्यान गुमाएका छन् भने हजारौं घाइते भएका छन्।

म्यानमारका लागि संयुक्त राष्ट्रसंघको स्वतन्त्र अनुसन्धान संयन्त्र (आइआइएमएम)ले म्यानमारको सेनाले बारम्बार युद्ध अपराध गरेको प्रमाण आफूहरूसँग रहेको बताएको छ। विरोधी लुकेको आशंकामा पूरै गाउँ जलाउने, सर्वसाधारणमाथि अन्धाधुन्ध बम खसाल्ने, थुनामा रहेकालाई मार्ने, भयानक यातना दिने र यौनशोषण गरेका प्रमाण आफ्नो प्रतिवेदनमा समावेश गरिने आइआइएमएमले बताएको छ। सेनाका यी अमानवीय एवम् क्रूरतापूर्ण कार्यले सबैलाई स्तब्ध पारेको उल्लेख गर्दै आइआइएमएमले योजनाबद्ध रूपमा गरिएको अपराधका दोषीलाई कारबाही गर्न अदालतलाई यथेष्ट प्रमाण जुटाइएको जनाएको छ।

पर्यटन विकासमा राष्ट्रिय ध्वजावाहकको भूमिका

राष्ट्रिय ध्वजावाहकलाई प्रतिस्पर्धी बनाई महँगो अन्तर्राष्ट्रिय हवाईभाडामा हस्तक्षेप गर्न सकिन्छ



अर्थ संवाद

● सुगतरत्न कंसाकार

नेपालमा उच्च वृद्धिको सम्भावना रहेका र बढी मात्रामा रोजगारी सिर्जना गर्ने क्षेत्रहरू के-के छन् भन्नेबारे करिब साढे चार वर्षअघि विश्व बैंकले गहन अध्ययन र विश्लेषण गरी प्रतिवेदन सार्वजनिक गरेको थियो । निजी क्षेत्रको सक्रिय सहभागितामा विकास र रोजगारी सिर्जनामा ठूलो टेवा दिन सक्ने दुई उच्च-सम्भाव्यताका क्षेत्र पर्यटन र कृषि व्यापार (एग्री-बिजनेस) भएको अध्ययनको निष्कर्ष थियो । देशको विकास रणनीतिमा निजी क्षेत्रको महत्त्वपूर्ण स्थान रहने प्रतिवेदनमा उल्लेख थियो ।

देशको विकास रणनीतिमा जलविद्युत् शक्तिको महत्त्वपूर्ण भूमिका हुने र त्यसको विकासले ठूलो मात्रामा थप विदेशी लगानी तथा स्रोत भित्रिने तथा निर्माणकार्य र सहरीकरणलाई प्रोत्साहित गर्छ । तर, त्यसले न्यून संख्यामा मात्र रोजगारी सिर्जना गर्ने र ठूलो परिमाणमा विद्युत् निर्यातले मुलुकको निर्यात प्रतिस्पर्धात्मकतालाई कमजोर पार्ने 'डच' रोगतर्फ डोऱ्याउन सक्ने प्रतिवेदनले औंल्याएको छ ।

देश विकासको प्रक्षेपण-पथ (ग्रोथ ट्राजेक्टरी) मा ठूलो प्रभाव पार्ने भनी प्रतिवेदनले पाँचवटा क्षेत्र तोकेकोमा पर्यटन एक नम्बरमा परेको छ । अरू चारवटा क्षेत्र कृषि-व्यापार, शिक्षा, स्वास्थ्य र सूचना प्रविधि रहेका छन् । पर्यटन क्षेत्रबारे विस्तृत अध्ययन गरेपछि विश्व बैंकको टोलीले एक आश्चर्यजनक तथ्यांकसमेत प्रस्तुत गऱ्यो- विश्वभरको औसत तथ्यांकअनुसार अन्य मुलुकमा ११ जना थप विदेशी पर्यटक आउँदा एकजना नागरिकले रोजगारी पाउँछ भने नेपालको हकमा ६ जना मात्र थप विदेशी पर्यटकको आगमनले एकजनाले रोजगारी पाउने । भयावह बेरोजगारीको विद्यमान अवस्थालाई मध्यनजर गर्दा पर्यटन उद्योगलाई उच्च प्राथमिकतामा राख्नुपर्ने एक कारण बेरोजगारी न्यून गर्नु पनि हो भनेर यो तथ्यांकले प्रस्ट हुन्छ ।

नेपाल विश्वमै महँगो हवाईभाडा हुने मुलुकहरूमध्ये पर्छ । यो परिप्रेक्ष्यमा पर्यटन क्षेत्रको द्रुत गतिमा विकास गर्न पनि राष्ट्रिय ध्वजावाहकको भूमिका महत्त्वपूर्ण छ भन्ने सजिलै बुझ्न सकिन्छ । धेरैलाई जानकारी नहुन सक्छ, विश्वको कुनै पनि राष्ट्रले अन्तर्राष्ट्रिय हवाई सेवामा लाग्ने भाडामा नियमन र नियन्त्रण गर्न पाउँदैन । यो एक अलिखित अन्तर्राष्ट्रिय कानुनजस्तै हो । नेपालमा हवाई सेवा सञ्चालन गर्दै आएको एक विदेशी एयरलाइन्सले विश्वको कुनै एक सहरबाट दिल्ली जाने भाडाभन्दा काठमाडौं आउने भाडा चारगुणासम्म बढी तोकेको छ । यस्तो समस्या समाधान गर्ने एउटै उपाय भनेको नेपाल वायुसेवा निगमको सञ्जाल विस्तार नै हो, गन्तव्य थप्दै जाने हो । विदेशी एयरलाइन्सहरूलाई निगमसँग प्रतिस्पर्धा गर्नैपर्ने अवस्था सिर्जना गरेर काठमाडौं आउने हवाईभाडा घटाउन बाध्य पार्न सकिन्छ । तसर्थ, जुनसुकै



> एक विदेशी एयरलाइन्सले विश्वको एक सहरबाट दिल्लीभन्दा काठमाडौंको भाडा चारगुणासम्म बढी तोकेको छ । यसको समाधान भनेको नेपाल वायुसेवा निगमको सञ्जाल फिँजाउने र गन्तव्य थप्दै जाने हो ।

> जुनसुकै मूल्य चुकाएर भए पनि राष्ट्रिय ध्वजावाहकलाई तीन दशक पहिलेको जस्तो सक्षम, फुर्तिलो र नाफामूलक संस्थामा परिणत गर्नु समग्र पर्यटन उद्योगका लागि अत्यन्त जरुरी छ

मूल्य चुकाएर भए पनि राष्ट्रिय ध्वजावाहकलाई तीन दशक पहिलेको जस्तो सक्षम, फुर्तिलो र नाफामूलक संस्थामा परिणत गर्नु समग्र पर्यटन उद्योगका लागि अत्यन्त जरुरी छ ।

विडम्बना के छ भने नेपाल वायुसेवा निगमको चर्चा हुनासाथ झिनामसिना व्यवस्थापकीय कमिकमजोरीहरूको बहस चलाएर विमान खरिद गर्दै उत्पादन क्षमता वृद्धि गर्नेजस्तो महत्त्वपूर्ण विषय ओझेलमा पार्ने गरिन्छ । निगमका कर्मचारीहरूको औसत क्षमता, इमानदारिता र उत्पादकत्व अन्य ४३ वटा सरकारी संस्थान र मन्त्रालयसहितका सरकारी निकायका कर्मचारीको भन्दा कमसल छैन । तर पनि निगमको आन्तरिक व्यवस्थापन किन र कसरी फितलो देखिन्छ भन्ने खोज्न जरुरी छ । विगत ३५ वर्षमा निगमले चारवटा मात्र जेट विमान खरिद गर्नेजस्तो लाजमर्दो विकासको गति के-कति कारणले क-कसको कमजोरीले भयो भनेर विश्लेषण गर्न जरुरी छ ।

जम्मा चारवटा जेट विमान चलाएर ७-८ वटा गन्तव्यमा उडान गरेर नाफा-नोक्सान बराबर हुने गरी ब्रेकएभेन बिन्दुसम्म पनि पुऱ्याउनु भनेको हवाईसेवाको व्यापारमा अत्यन्तै कठिन काम भनेर विश्वभर मानिन्छ । साथै, निगमले चारवटा विमान खरिद गर्न लिएको ऋणलाई नै 'बोझ'को संज्ञा दिनु भनेको उद्योग व्यापारको आधारभूत सिद्धान्त नै नबुझेकाहरूको मान्न सकिन्छ । निगमको मालिक सरकारको जमानतमा चारवटा विमान खरिद गरिसकेको हुँदा सही विकल्प भनेको पुनः जमानत बसेर निगमलाई थप विमान खरिद गर्न दिएर नाफामा ल्याउने हो । यसबाट नेपाल आउने विदेशी पर्यटकको संख्या बढ्न गई समग्र पर्यटन उद्योगमा ठूलो टेवा पुग्ने निश्चित छ । विमान खरिदबाट निगमलाई हुने नाफाभन्दा विदेशी पर्यटक संख्या बढेपछि देशको समग्र अर्थतन्त्रमा हुने लाभको लेखाजोखा सरकारले गर्नुपर्छ । रेमिट्यान्सपछि विदेशी मुद्रा मुलुकमा भित्र्याउने एक महत्त्वपूर्ण र दिगो स्रोत भनेको पर्यटन उद्योग नै हो र यो उद्योग फस्टाउन राष्ट्रिय ध्वजावाहकको उत्थान अपरिहार्य रहेको सरकारले मनन गर्नैपर्छ ।

अहिलेकै नेपाल वायुसेवा निगम ऐन, २०१९ अन्तर्गतको संरचनालाई नै कायम राखेर निगम सञ्चालन गर्दै जाने कि निजीकरण गरेर, रणनीतिक साझेदार ल्याएर वा पिपिपी मोडेलमा गएर निगमलाई अघि बढाउने भनेर बहस चलिरहेको २० वर्षभन्दा बढी भइसक्यो । कुनै पनि सरकारले अहिलेसम्म यस सम्बन्धमा ठोस निर्णय गरेको छैन । अर्को ठोस निर्णय नभएसम्मका लागि वर्तमान सरकारले यथास्थितिमा नै निगमलाई ऊर्जाशील बनाउनतर्फ ध्यान केन्द्रित गर्नु उचित हुन्छ । छिमेकी मुलुक भारतमा पनि राष्ट्रिय ध्वजावाहक एयर इन्डियालाई निजीकरण गर्ने सम्बन्धमा बहस चलेको झन्डै २० वर्षपछि बल्ल डेढ वर्षअघि मात्र शतप्रतिशत सेयर टाटा ग्रुपलाई बिक्री गरेको हो । यसमा ध्यान दिनुपर्ने कुरा के छ भने टाटा ग्रुप भारतकै एक विशाल निजी कम्पनी हो । नेपालमा राष्ट्रिय ध्वजावाहकको बहुमत सेयर खरिद गरेर अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालन गर्ने क्षमता राख्ने नेपाली कम्पनी पाउन मुस्किल हुने अनुमान गर्न सकिने भएकाले कुनै विदेशी एयरलाइन्सको जिम्मामा दिनैपर्ने बाध्यता सिर्जना हुने निश्चितजस्तै छ । साथै, हवाई सेवालाई धेरैजसो मुलुकले सामरिक महत्त्वको सेवाको रूपमा लिने भएकाले निगमलाई विदेशी कम्पनीलाई सुम्पने काम भूराजनीतिको विषयसमेत आकर्षित हुने प्रबल सम्भावना रहन्छ ।

शतप्रतिशत स्वामित्व सरकारको रहँदारहँदै पनि विश्वमै अत्यन्त सफल एयरलाइन्सको रूपमा स्थापित भएको इथियोपियन एयरलाइन्स अफ्रिकाको सबभन्दा ठूलो र विदेशी गन्तव्य संख्याका आधारमा विश्वकै चौथो ठूलो वायु सेवा कम्पनी बन्न सफल भयो । इथियोपिया सरकारले गर्न सकेको काम नेपाल सरकारले चाहेको खण्डमा गर्न नसकिने हुन सक्दैन । के-कस्तो ऐन कानुन, नियम, कार्यविधि, कार्यसंस्कार अपनाएर इथियोपियन एयरलाइन्स अब्बल दर्जाको बन्न सफल भयो भनेर अध्ययन विश्लेषण गर्नु उचित हुन्छ । सबैले हेक्का राख्नुपर्ने तथ्य के छ भने सन् १९९० अघिसम्म नेपाल वायुसेवा निगम दक्षिण एसियाको सबभन्दा राम्रो गुणस्तरको सेवा दिने एयरलाइन्स कहलाएको थियो । नेपाल वायुसेवा निगम ऐन, २०१९ कै परिधिभित्र रहेर निगमले आफ्नो क्षमता पहिले नै देखाइसकेको हुँदा सोही ऐन विद्यमान रहेको अहिलेको अवस्थामा के कारणले निगम उँभो लाग्न नसकेको होला भनेर पनि अध्ययन विश्लेषण गर्नु वाञ्छनीय हुन्छ ।

(कंसाकार नेपाल वायुसेवा निगमका पूर्वमहाप्रबन्धक हुन्)

अर्थ ज्ञान

वित्तीय प्रणालीलाई कसरी बुझ्न सकिन्छ ?

वित्तीय संस्था, वित्तीय उपकरण र वित्तीय मध्यस्थताको सामूहिक स्वरूपलाई समग्र वित्तीय प्रणालीको रूपमा बुझ्न सकिन्छ । वित्तीय प्रणाली भन्नाले वित्तीय साधनको परिचालन र उपयोग गर्ने कार्यमा संलग्न व्यक्ति, संस्था र संयन्त्र तथा यस्तो कारोबारका लागि आवश्यक कानुनी र नियमनकारी निकायको व्यवस्थासमेतलाई वित्तीय प्रणाली भनिन्छ ।

यस्ता तत्त्वमा वित्तीय संस्था, वित्तीय बजार, वित्तीय उपकरण, बचतकर्ता, ऋणी, बिमा क्षेत्र तथा नियामक निकायहरू वित्तीय प्रणालीमा पर्दछन्, जसले समाजमा छरिएर रहेको बचत तथा पुँजी (सरप्लस फन्ड) लाई एकत्रित गरी आवश्यक परेको क्षेत्र (डेफिसिट) उत्पादनशील क्षेत्रमा प्रवाह गर्न तथा परिचालन गर्न महत्त्वपूर्ण



भूमिका खेल्दछ । यी तत्त्वले राज्यको प्रचलित नियम कानुनअनुसार नियामक निकायको अधीनमा रही आफ्ना गतिविधि सञ्चालन गर्दछन् । देशमा उद्योगधन्दाको विकास र आधुनिकीकरणका अतिरिक्त रोजगारीका अवसरहरू सिर्जना गरी अर्थव्यवस्थाको सुदृढीकरणमा वित्तीय प्रणालीको विशेष भूमिका रहन्छ ।

- धितोपत्र बोर्ड

बिजनेस @



गोकर्णराज अवस्थी, महानिर्देशक, एफएनसिसिआई

विदेशमा भएका बखत औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउने व्यक्तिका आश्रित परिवारको कुनै एक सदस्यलाई सहुलियतपूर्ण कर्जा दिन सके औपचारिक माध्यमबाट रेमिट्यान्स भित्र्याउन र उद्यमशीलता विकासमा सकारात्मक प्रभाव पर्ने देख्छु म त । विदेशबाट फर्किएकालाई यो सुविधा अहिले पनि छ ।

गिरीश गिरी, स्वतन्त्र पत्रकार



बर्खा लागेपछि राजधानीबाटै पनि ढुक्क भएर बाहिर निस्कने कुनै बाटो सुरक्षित छैन । अन्तका त कुरै छाडौं, पञ्चायतकालमै बनेका यी राजमार्गलाई मर्मत चाहिएको थियो । तर, हाम्रो ध्यान बाटोको अवस्थाभन्दा नाम परिवर्तनमा केन्द्रित भयो र लोकमार्ग भन्न लगायौं । लोकलाई यसबाट के फाइदा भयो ?



मुमाराम खनाल, राजनीतिक विश्लेषक

ढल पोलिथिन र प्लास्टिकका झोलाले अवरुद्ध, खोला अतिक्रमण र अवैध निर्माणले अवरुद्ध, योजना औसत क्षमताका नीतिनिर्माता र भ्रष्ट कर्मचारीहरूले अवरुद्ध, मुलुक बिचौलिया र भ्रष्ट नेताहरूबाट अवरुद्ध !

अंक र अर्थ

नेपालको व्यापार घाटा उच्च रहेका दश देश

आर्थिक वर्ष	आयात (रु. करोडमा)	निर्यात (रु. करोडमा)	घाटा (रु. करोडमा)
भारत	१०२७८४	१०६६८	९२११६
चीन	२२२७१	१७६	२२०९५
इन्डोनेसिया	४१८२	३१	४१५१
युएई	३२२१	१०७	३११३
अर्जेन्टिना	२४८६	०.७३	२४८५
मलेसिया	२२४०	३१	२२०९
युक्रेन	१८४३	१	१८४२
अस्ट्रेलिया	१८६०	१६१	१६९८
कतार	१३३०	११	१३१९
थाइल्यान्ड	११२८	७	११२१

वैदेशिक व्यापारमा नेपालले नाफा गरेका दश देश

आर्थिक वर्ष	आयात (रु. करोडमा)	निर्यात (रु. करोडमा)	घाटा (रु. करोडमा)
डेनमार्क	४०	९१	५१
अमेरिका	१९४२	१९७५	१४
नर्वे	१०	२०	१०
अल्जेरिया	०.०४	७	७
कम्बोडिया	७	१२	५
नाइजर	०.०६	५	५
उरुग्वे	०	४	४
चड	०	४	४
अफगानिस्तान	०	२	२
लाट्भिया	२	४	२


स्रोत : भन्सार विभाग

सेयर बजार

२३ साउन ०८०

नेप्से २,०१९.८५ ▼ -२८.४० -१.३८%

कारोबार रकम	जम्मा सेयर
१,७३,७०,१४,४९९.५६	४८,६०,७४१



[अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं । email: arthapatrika@gmail.com]

डढेलोले तहसनहस युरोपको पर्यटन तंग्रिएला ?

डढेलो प्रकृतिका लागि हानिकारक त छ नै, यसले जनजीविका पनि तहसनहस बनाउँछ, जसको असर अर्थतन्त्रमा पनि पर्छ

ग्रिसको रोड्स आइल्यान्डमा सल्किएको आगो (डढेलो)ले विकराल रूप लियो । आगोबाट बच्न पर्यटक भाग्दै हिँडिरहेका तस्बिर तथा भिडियोले युरोपेली मिडियामा राम्रै चर्चा बटुल्यो । यही चर्चाको बीचमा भूमध्यसागरीय क्षेत्र गर्मीछुट्टीका लागि लोकप्रिय गन्तव्य बन्ला या नबन्ला भन्ने प्रश्न उठ्न थालेको छ ।

भविष्यमा लूजस्तो मौसमी घटना युरोपमा धेरैधन्दा धेरै बढ्न सक्ने वैज्ञानिकको अनुमान छ । विश्व मौसम संगठनका अनुसार भूमध्यसागरआसपासको क्षेत्र तीव्र रूपमा तात्न थालेको छ । चर्को घामले सुक्खा बनेको जमिनमा झन् डढेलो फैलिएको छ ।

अप्रिलमा स्पेनमा अत्यधिक तापक्रम मापन गरिएको थियो । ग्रिसमा जुलाईमा चलेको लू देशकै मौसमी इतिहासमा सबैभन्दा लामो अवधि चलेको लू मानिएको छ । युनानमा जुलाईमा मात्रै ५० हजार हेक्टरभन्दा बढी जमिन डढेलोको चपेटमा आएको छ । यो क्षेत्र जर्मनीको राजधानी बर्लिनको आकारभन्दा थोरै मात्र कम हो । युरोपियन फरेस्ट फायर इन्फर्मेसन सिस्टम (इएफएफआइएस) को तथ्यांकअनुसार स्पेनमा अप्रिलको सुरुवातमै डढेलो सल्किएको थियो । नियन्त्रणबाहिर गएको उक्त डढेलोले ठूलो क्षतिसमेत पुऱ्याएको थियो ।

सन् २०२२ भरिमा युरोपेली संघभित्र मोन्टेनेग्रो देशको करिब आठ लाख हेक्टर इलाका डढेलोले ध्वस्त बनायो । युरोपेली संघमा मानवीय सहयोग र संकट व्यवस्थापन आयुक्त यानेस लेनारचिकले जनवरीमा उक्त डढेलोले कम्तीमा पनि दुई अर्ब युरोबराबरको क्षति भएको बताएका थिए ।

जिडिपीमा आउन सक्छ गिरावट : कैयौं दिनसम्म भड्किएको डढेलो प्रकृतिका लागि हानिकार त छ



> जर्मनीमा कार उद्योगभन्दै ग्रिसमा पर्यटन उद्योग महत्त्वपूर्ण छ । युनानको करिब २० प्रतिशत आर्थिक उत्पादन पर्यटनसँग जोडिन्छ । स्पेन र इटालीमा यो क्रमशः १२ र नौ प्रतिशत छ ।

नै, यसले जनजीविका पनि तहसनहस बनाउँछ । जसले गर्दा अर्थतन्त्रमा संकट देखा पर्छ । बर्मिङ्घम युनिभर्सिटीमा मौसमी चरमता र डढेलोको दुष्प्रभावबारे शोध गरिरहेकी सारा मायरा जहाँ आगो सल्किन्छ, त्यहाँ कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा पनि गिरावट आउने बताउँछिन् । 'पर्यटन क्षेत्रमा रोजगारको तथ्यांकले देखाउँछ कि डढेलोको घटनापछि कमै मात्र मानिस रोजगारी पाउन सक्षम हुन्छन्,' मायरा भन्छिन् ।

२७ सदस्यीय देशसहितको युरोपेली संघ (इयू)मा डढेलोबाट प्रभावित देशले ब्रसेल्स (इयूको राजधानी) मा सहयोगका लागि आवेदन दिन सक्ने व्यवस्था छ । युनानमा आगलागी हुँदा बाहिरी देशबाट पाँच सयभन्दा बढी दमकल आगो नियन्त्रणका लागि बोलाइएको थियो । यसमा इयूले आगो निभाउन सहयोग गर्ने नौवटा अतिरिक्त विमान पनि उपलब्ध गराएको थियो । यी सबै सुविधा इयूले विपद् राहत प्रणालीमार्फत उपलब्ध गराउँदै आएको छ । यसबाहेक इयू सोलिडारिटी फन्ड (ऐक्यबद्धता कोष)मार्फत पनि पुनर्निर्माणका लागि आर्थिक सहायता पाउन सकिन्छ । तर यसका लागि युरोपेली संसद्को अनुमति आवश्यक पर्छ ।

आगलागी र पर्यटन : जर्मनीमा कार उद्योग महत्त्वपूर्ण भएझैं ग्रिसमा पर्यटन उद्योग महत्त्वपूर्ण छ । युनानको करिब २० प्रतिशत आर्थिक उत्पादन पर्यटनसँग जोडिन्छ । स्पेन र इटालीमा यो क्रमशः १२ र नौ प्रतिशत छ । तर, दक्षिणी युरोपका पर्यटकीय स्थलले आगामी दिनमा गर्मी र डढेलोले गर्दा आफ्नो आकर्षण गुमाउन सक्छन् । अन्तर्राष्ट्रिय रेटिंग्स एजेन्सी मुडिजको हालसालैको प्रतिवेदनअनुसार गर्मी र आगलागीका घटना भएमा अर्थतन्त्रमा हानि पुग्नेछ ।

जर्मनीको हार्स युनिभर्सिटीमा पर्यटन शोध संस्थानका निर्देशक हेराल्ड साइज भन्छन्, 'गर्मी, खडेरी र डढेलोको आशंका गरिएको छ । तर, भूमध्यसागरीय क्षेत्रमा पर्यटन रातारात ध्वस्त हुँदैन ।' पर्यटनको मौसममा परिवर्तनको आशा रहेको साइजको भनाइ छ । उनका अनुसार भूमध्यसागरीय क्षेत्रमा गर्मीको सट्टा वसन्त या जाडो बिदा मनाउन पर्यटक आउन सक्छन् ।

पर्यटन बचाउने नयाँ तरिका : आगामी दिनमा डढेलो नियन्त्रण गर्न नयाँ तौरतरिका खोज्नुपर्ने ग्लोबल फायर मनिटरिङ सेन्टरका निर्देशक योहान गोल्डामर सुझाउँछन् । बढ्दो सहरीकरणले अधिकांश जमिन बाँझै रहन्छ । जसले गर्दा जलवायु परिवर्तनसँगै खडेरी र लू पनि चल्न सक्छ । यसले जमिनमा थप प्रहार गर्छ र त्यसबाट आगो निस्कने निश्चितजस्तै हुन्छ ।

सन् २०२१ मा ग्रिक द्वीप इयुबोइआमा भीषण आगलागी भयो । उक्त आगलागीपछि गोल्डामरले एउटा प्रस्ताव युनानी सरकारसमक्ष पेस गरे । उक्त प्रस्तावमा लामो अवधिसम्म भूउपयोगको अवधारणा र डढेलो नियन्त्रण गर्ने उपाय थिए । 'केवल दमकल क्षमता बढाएर मात्रै हुँदैन,' गोल्डामर भन्छन्, 'बरु रोकथामका अन्य उपाय पनि खोज्नुपर्ने हुन्छ ।'

पोर्चुगलमा सन् २०१७ मा डढेलो लाग्यो । त्यसपछि उसले ठोस उपाय अवलम्बन गऱ्यो । आगोलाई थप फैलिन नदिन पोर्चुगल सरकारले युकेलिप्टसका बिरुवा पुनः रोप्न प्रतिबन्ध लगायो । कारण युकेलिप्टसका बोटबिरुवामा छिटै आगो सल्किन्छ । इएफएफआइएसका तथ्यांकअनुसार स्पेन र इटालीमा झैं पोर्चुगलले भीषण डढेलोको सामना गरेको छैन ।

- एजेन्सी

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २४ साउन ०८०

७५३ पालिकामा २३७ मात्रै पशु चिकित्सक

स्थानीय तहमा पशु चिकित्सकको अभावले लम्पी स्किन नियन्त्रणमा कठिनाइ

भोजराज भण्डारी/नयाँ पत्रिका

सबै स्थानीय तहमा दरबन्दीअनुसार पशु चिकित्सक (भेटेरिनरी डाक्टर) खटाउन नसक्दा गाई-भैंसीमा फैलिएको लम्पी स्किन रोग नियन्त्रण गर्न सरकारलाई कठिनाइ उत्पन्न भएको छ।

पशु चिकित्सक परिषद्का अनुसार सात सय ५३ स्थानीय तहमध्ये दुई सय ३७ पालिकामा मात्रै पशु चिकित्सक कार्यरत छन्। बाँकी पाँच सय १६ स्थानमा पशु चिकित्सक खटाउन सकिएको छैन। सुरुमा दुई सय ८३ पालिकामा पशु चिकित्सक खटाइएको भए पनि विभिन्न असन्तुष्टिका कारण ४६ जनाले जिम्मेवारी छाडेको परिषद्को भनाइ छ। जसकारण हाल दुई सय ३७ स्थानमा मात्रै पशु चिकित्सक कार्यरत छन्।

परिषद्का प्रवक्ता डा. मनोजकुमार शाहीले प्रदेश लोक सेवाबाट समयमै पर्याप्त मात्रामा पदपूर्ति हुन नसक्दा स्थानीय तहमा पशुविज्ञ चिकित्सकहरूको अभाव भएको बताए। 'समयमा हुन नसकेको पदपूर्ति र तहगत संरचना नमिल्दा अभाव भएको हो,' उनले भने।

स्थानीय तहमा समायोजन हुँदा एक तह घटुवा हुने भएकाले पनि पशु चिकित्सकहरूको अभाव हुन थालेको उनको भनाइ छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ०७५ मा समायोजन गर्दा जम्मा एक सय २६ जना दर्तावाल पशु चिकित्सकहरू स्थानीय तहका लागि छानिएका थिए। त्यस्तै, संघको ससर्त अनुदान कार्यक्रमअन्तर्गत एक पालिका एक पशु चिकित्सक र केही स्थानीय तहले आफ्नो स्रोतबाट खर्च हुने गरी करारमा कुल एक सय ५७ पशु चिकित्सक भर्ना गरेका थिए।

परिषद्का अनुसार देशभरिका संघ, प्रदेश र स्थानीय तहमा कुल एक हजार दुई सय एकजना पशु चिकित्सक र पशु विकास अधिकृतहरूको दरबन्दी छ, तर समयमै भर्ना नखुलाउँदा र स्थानीय तहमा जाँदा तह घटुवा हुने हुँदा पदपूर्ति हुन सकेको छैन। चिकित्सक अभावकै कारण माडी नगरपालिकाबाहेक अन्य स्थानीय तह आफैंले भेटेरिनरी अस्पतालसमेत सञ्चालन गरेका छैनन्। प्रदेशस्तरीय भेटेरिनरी अस्पताल पनि छैन। ७७ मध्ये ५१ जिल्लामा भेटेरिनरी अस्पताल



तथा पशु सेवा विज्ञ केन्द्र सञ्चालनमा छन्। संघीयता कार्यान्वयनपछि जिल्लाको पशु सेवा कार्यालयलाई भेटेरिनरी अस्पतालमा स्तरोन्नति गरी प्रदेशमार्फत सञ्चालन गर्न थालिएको छ।

■ स्थानीय तहमा किन अभाव ?

संघीयताअघि पशु चिकित्सकहरू शाखा अधिकृत तहबाट सेवा प्रवेश थालेका थिए। त्यतिखेर मेडिकल चिकित्सकलाई आठौं तहमा र पशु चिकित्सकलाई सातौं तहमा समायोजन गर्न थालिएको थियो।

तर, अधिकांश स्थानीय तहले आफ्नो संगठन पुनर्संरचना गर्दा पशु चिकित्सकलाई छैटौं तहमा सेवा प्रवेश गराउने व्यवस्था गरेका छन्। तह नै घटाएर सेवा प्रवेश गराउने स्थानीय तहको नियमपछि पशु चिकित्सकहरू आकर्षित नभएको परिषद्का प्रवक्ता शाही बताउँछन्।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले समेत आव ०७९/८० मा 'स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९' लाई कार्यान्वयन गर्दै तीन सय ४६ पशु चिकित्सकहरूलाई ससर्त अनुदानमा स्थानीय तहमा करारमा पठाउँदा छैटौं तहमा नियुक्त गर्ने व्यवस्था गरेको थियो।

त्यतिखेर दरबन्दी खाली रहेका अधिकांश स्थानका लागि आवेदन माग गरे पनि एक सय २० पशु चिकित्सकले मात्रै आवेदन दिएका थिए। 'एक तह घटाएर सेवामा पठाउने व्यवस्था लागू भएपछि असन्तुष्टि चुलिएको छ। अर्कोतिर दुर्गम जिल्लामा पनि दुर्गम भत्ताबाहेक छैटौं तहको तलब राखेर संघबाट पशु चिकित्सक पठाउने व्यवस्था सुरु गरियो,' शाही भन्छन्, 'यसरी अन्यायपूर्ण तरिकाले स्थानीय तहमा कसरी पशु चिकित्सक काम गर्न जान्छन् ?'

मेडिकल चिकित्सकलाई जस्तै गरेर पशु चिकित्सकलाई पनि आठौं तहमा पदपूर्तिको व्यवस्था गर्न सके अहिलेको अभाव हटाउन सकिने सुझाव परिषद्ले दिएको उनको भनाइ छ। बागमती प्रदेशले भने पशु चिकित्सकलाई आठौं तहमा पदपूर्ति गर्ने गरी प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकार सञ्चालन ऐन केही समयअघि जारी गरेको छ।

प्राविधिक व्यवस्थापन गर्न ६० करोड बजेट आवश्यक : विभाग

पशु सेवा विभागले पशु चिकित्सक र पशु प्राविधिकको अभाव हुँदा रोग नियन्त्रणमा सकस भएको बताएको छ। विभागका अनुसार हाल स्थानीय तहमा एक पालिका एक भेटेरिनरी डाक्टर र एक गाउँ एक प्राविधिक कार्यक्रम समावेश नभएको हुँदा छुटेका सबै पालिकामा चिकित्सक र सबै वडामा प्राविधिकको व्यवस्थापनका लागि ६० करोड बजेट व्यवस्था गर्न आवश्यक देखिन्छ। प्रवक्ता ढकालले भने, 'पशुधन क्षति भएका किसानलाई लक्षित गरी प्रभावित कृषकलाई स्थानीय सरकारबाट राहत र पुनर्स्थापनासम्बन्धी कार्यक्रम छैन, यसले समस्या निम्त्याएको छ।' रोग नियन्त्रणका लागि आवश्यक औषधि खरिद र आपूर्ति गर्न हरेक स्थानीय तहमा पाँच लाखका दरले ३७ करोड ६५ लाख रकम व्यवस्थापन गर्न आवश्यक देखिएको विभागको भनाइ छ।

लम्पी स्किन संक्रमणले ४८ हजार पशु मरे
मनाङ र मुस्ताङ पूर्ण नियन्त्रणमा

लम्पी स्किन संक्रमणले हालसम्म देशभर ४८ हजारभन्दा बढी गाई-भैंसी मरेको पशु विभागले जनाएको छ। विभागका अनुसार हालसम्म ११ लाखभन्दा बढी पशुमा संक्रमण हुँदा आठ लाख ६७ हजार निको भएका छन्। अहिले संक्रिय संक्रमित पशुको संख्या एक लाख ८३ हजार रहेको विभागका प्रवक्ता चन्द्र ढकालले बताए। उनका अनुसार तीन लाख ५० हजार नौ सय २६ पशुमा खोप लगाइएको छ। संक्रमणबाट सबैभन्दा धेरै सुदूरपश्चिम प्रदेशमा करिब २४ हजार गाई-भैंसी, पाडापाडी मरेका छन्। ७७ वटै जिल्लामा संक्रमण पुष्टि भएकोमा मनाङ र मुस्ताङ जिल्लामा रोग पूर्ण रूपमा नियन्त्रणमा आइसकेको विभागले जानकारी दिएको छ। कोसी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा रोग नियन्त्रणउन्मुख रहेको ढकालले बताए। उनले भने, 'यी क्षेत्रमा नयाँ संक्रमित पनि फाट्टफुट्ट मात्र फेला परेका छन् र रोग देखिएका पशुहरू उपचारबाट निको भएका छन्।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ नेपालमा लम्पी स्किनको अवस्था

प्रदेश	हालसम्म जम्मा संक्रमित	सक्रिय संक्रमित	निको भएका पशु	मरेका पशु	खोप लगाइएका पशु
कोसी	२२५५४३	१७५१२	२०२९८९	५०४२	१०७५२०
मधेस	५२६८६	२७२७७	२३७०९	१७००	१०३२५
बागमती	१३९८३८	७३४३५	६२९२७	३४७६	९७३५१
गण्डकी	५५५४२	१८३९१	३४९९१	२१६०	१०३२३०
लुम्बिनी	८४०००	२५४००	५४६००	४०००	१२०००
कर्णाली	२१७०८३	१३००५	१९५३७५	८७०३	१७५००
सुदूरपश्चिम	३२५७९९	८७८१	२९३२१९	२३७९९	३०००
जम्मा	११००४९१	१८३८०१	८६७८१०	४८८८०	३५०९२६

स्रोत : पशु सेवा विभाग

■ रोग नियन्त्रण गर्न प्रदेश र पालिका सक्रिय

कोसी प्रदेशले आकस्मिक रोग नियन्त्रणका लागि ५० लाख खोप गरिद गर्न हरेक जिल्लामा दुईदेखि तीन लाख बजेट विनियोजन गरेको छ। त्यस्तै, मधेस प्रदेशमा संक्रमण वृद्धि हुने क्रममा रहेको विभागका प्रवक्ता ढकालले बताए। उक्त प्रदेशमा एक हजार सात सय दुधालु, गाई-भैंसी, पाडापाडी मरेका छन्। २७ हजार दुई सय ७७ सक्रिय संक्रमित रहेको उक्त प्रदेशमा रोग नियन्त्रणका लागि ६४ हजार खोप खरिद गरिसकेको ढकालले बताए।

मधेस प्रदेशले खोप खरिदका लागि ५० लाख छुट्याएर आकस्मिक रोग नियन्त्रण गर्न हरेक जिल्लामा पाँच लाख बजेट विनियोजन गरेको छ। त्यस्तै, गण्डकी प्रदेशले खोप खरिदका लागि एक करोड बजेट विनियोजन गरेको छ। त्यस्तै, बागमती प्रदेशले खोप खरिदका लागि ६५ लाख आकस्मिक रोग नियन्त्रणका लागि छुट्याएको छ। हरेक जिल्लामा पाँचदेखि नौ लाख बजेट विनियोजन गरी २५ साउनदेखि ३१ सम्म खोप लगाउने कार्यक्रम राखिएको छ। लुम्बिनी प्रदेशमा पनि खोप कार्य चालू रहेको र खोप खरिद कार्यका लागि थप दुई करोड ८३ लाख बजेट व्यवस्था प्रक्रिया अघि बढाएको छ। त्यस्तै, सुदूरपश्चिमका पहाडी जिल्लाहरूमा रोग नियन्त्रणको क्रममा रहेको छ। हालसम्म विभागको सिफारिसमा निजी क्षेत्रबाट आयात भएको १० लाख ३७ हजार डोज खोप प्राप्त भएको ढकालले जानकारी दिए।

नेपालमा चिनियाँ लगानी र पर्यटक बढाउन महासंघको आग्रह

नयाँ पत्रिका

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा चिनियाँ लगानी र पर्यटक आगमन बढाउन नेपालका लागि चिनियाँ राजदूत छन सोंगलाई आग्रह गरेका छन्। महासंघमा मंगलबार भएको औपचारिक भेटवार्तामा अध्यक्ष ढकालले नेपाल चिनियाँ लगानी र पर्यटनको मुख्य गन्तव्य बन्न सक्ने बताए।

नेपालको उत्पादनमूलक क्षेत्र, ऊर्जा, पर्यटन पूर्वाधारलगायतका क्षेत्रमा विदेशी लगानीको राम्रो सम्भावना रहेको भन्दै उनले राजदूतको ध्यानाकर्षण गराए। उनले पर्यटन प्रवर्द्धनका लागि चीनका मुख्य सहरबाट नेपालका सबै अन्तर्राष्ट्रिय विमानस्थलहरूमा सीधा उडान आवश्यक रहेकोसमेत बताए। उनले लगानी तथा पर्यटक भित्र्याउने नेपालको पहलमा सहयोग गर्न राजदूतलाई आग्रह गरे। चिनियाँ पर्यटकहरूको मुख्य गन्तव्य सूचीमा नेपाललाई प्राथमिकतासाथ समावेश गर्नसमेत उनले आग्रह गरे।

महासंघले साना उद्यमशीलता प्रवर्द्धनमा काम गरिरहेको भन्दै ती उद्यमीलाई चीनको अवलोकन भ्रमणका लागि राजदूतावासमार्फत पहल गरिदिन पनि उनले आग्रह गरे।

नेपालमा चिनियाँ बैंक आउने सक्ने सम्भावनातर्फ पनि अध्यक्ष ढकालले राजदूतसँग ध्यानाकर्षण गराए। लामो समयदेखि बन्द रहेको तातोपानी नाकाको प्रभावकारी सञ्चालनका लागि पनि चीन सरकारले पहल गर्नुपर्नेमा अध्यक्ष ढकालले जोड दिए।



■ लगानीको वातावरण बनाउन राजदूतको सुझाव

भेटका क्रममा राजदूत सोंगले नेपालमा लगानी गर्न चिनियाँ लगानीकर्ता उत्सुक रहेको बताए। उनले नेपालले आवश्यक लगानीको वातावरण बनाउनुपर्नेमा जोड दिए। उत्पादनमूलक उद्योग, कृषि, ऊर्जालगायतका क्षेत्रमा चिनियाँ लगानीकर्ता आकर्षित रहेको उल्लेख गर्दै विदेशी लगानी भित्र्याउन सहज वातावरण बनाउनुपर्ने र प्रतिफल सहजै लान सक्ने व्यवस्था गरिनुपर्ने राजदूत सोंगले बताए। चीनमा पनि सुरुमा विदेशी लगानीसँग नीति-निर्माता सशंकित भए पनि पछि सुधार गर्दै गएको बताए। लगानीकर्तालाई नीतिगत स्थायित्व सहज व्यवहार आवश्यक रहने पनि उनले बताए। चीन विदेशी लगानीकै कारण अहिले संसारकै मुख्य उत्पादक बन्न सकेको उदाहरण राजदूत सोंगले प्रस्तुत गरे। यसैगरी, तातोपानी नाका खोल्ने र नेपालमा चिनियाँ बैंक आउनेबारे छलफल भइरहेको जानकारी पनि राजदूत सोंगले दिए।

टेरामक्स कार्यान्वयनमा एनटिसी र प्राधिकरणबीच विवाद

मुना कुँवर/नयाँ पत्रिका

दूरसञ्चार प्रविधिको गुणस्तर बढाउन तथा अवैध कल नियन्त्रण गर्न नेपाल दूरसञ्चार प्राधिकरणले कार्यान्वयनमा ल्याउन खोजेको टेरामक्स प्रविधिको विषयमा नेपाल टेलिकम र प्राधिकरणबीच विवाद भएको छ। प्राधिकरणले निर्देशन दिए पनि कार्यविधि नहुँदा कार्यान्वयनमा अप्ठ्यारो परेको नेपाल टेलिकमले स्पष्टीकरण दिएको छ। तर, प्राधिकरणले भने एनटिसीले विभिन्न बहाना गरी टेरामक्स कार्यान्वयनमा अटेरी गरेको आरोप लगाएको छ।

दूरसञ्चार ऐनबमोजिम प्राधिकरणले दूरसञ्चार क्षेत्रको विकास लागि विभिन्न निर्देशन दिन र निर्णय गर्न सक्छ। सोही अधिकारअनुसार टेरामक्स इन्टर कनेक्सन प्रविधि सञ्चालनमा ल्याउन खोजिएको प्राधिकरणले जनाएको छ। टेरामक्सले दूरसञ्चारको गुणस्तर वृद्धि हुने र अवैध कल बाइपास रोकेर राजस्व वृद्धि गर्ने प्राधिकरणको दाबी छ।

प्राधिकरणले ०७४ सालदेखि नै यो प्रविधिको जडान गर्ने पहल सुरु गरेको थियो। यसका लागि प्राधिकरणले तीन करोड लगानी गरी प्रविधिसमेत भित्र्याएको छ। तर, यो हालसम्म प्रयोगमा ल्याउन सकेको छैन।

पछिल्लोपटक प्राधिकरणले ८ साउनमा एक सूचना जारी गर्दै एक साताभित्र प्रविधिको प्रयोगमा ल्याउन आदेशसमेत दिएको थियो। त्यसपछि निजी क्षेत्रको कम्पनी एनसेलले १५ दिनको समय मागेर सफ्टवेयर इन्स्टलको प्रक्रिया अगाडि बढाए पनि एनटिसीले कुनै प्रक्रिया अगाडि नबढाएको प्राधिकरणका सहायक प्रवक्ता अच्युतानन्द मिश्रले बताए। उनका अनुसार प्राधिकरणले एनसेलको डाटा सेन्टरमा सफ्टवेयर इन्स्टल गरिसकेको छ। २७ साउनपछि एनसेलमा कार्यान्वयन हुने उनले बताए। तर, एनटिसीले भने विभिन्न बहाना गरेको प्राधिकरण सहायक प्रवक्ता मिश्रले बताए।

एनटिसीका सहायक प्रवक्ता परमात्मा भट्टराईले भने प्राधिकरणले दिएको निर्देशन आफैंमा जटिल भएको बताए। 'कार्यविधि बनाएको भए सोहीबमोजिम काम गर्न सकिन्थ्यो। तर, निर्देशनसहितको पत्र मात्रै छ। त्यसैले के-कसरी कार्यान्वयन गर्नमा अलमल भएको हो,' उनले भने।

■ टेरामक्सले ग्राहकको भ्वाइस रेकर्ड गर्दैन : प्राधिकरण

टेरामक्स प्रविधिले ग्राहकको एसएमएस कन्टेन्ट हेर्न नसक्ने नेपाल दूरसञ्चार प्राधिकरणले जिकिर गरेको छ। यस प्रविधिले प्राप्त गर्ने भ्वाइस तथा एमएमएसको सिग्नल आरटिपी प्रोटोकल ट्याग गर्ने हुँदा एसएमएसको कन्टेन्ट पढ्न नसक्ने प्राधिकरणले स्पष्ट पारेको छ। यस प्रविधिको अपरेटरको मिडिया फाइलसम्म पहुँच नपुग्ने हुँदा भ्वाइस रेकर्ड हुन सक्दैन। साथै, मोबाइल नेटवर्क अपरेटर सिस्टमको क्षमता पनि नघटाउने प्राधिकरणको भनाइ छ।

टेरामक्स प्रणालीका लागि प्राइमरी डाटा सेन्टर प्राधिकरणको चाबहिलस्थित भवन र डिजास्टर रिकभरी सेन्टर नेपाल सरकारको हेटौंडास्थित डिआरसीमा हुने भएकाले कुनै विवरण वा सूचना विदेश नजाने पनि प्राधिकरणले स्पष्ट पारेको छ।

मोबाइल अपरेटरहरूले आफ्नो ग्राहकको डाटा प्राइभेसीलगायत विषयलाई राखेर प्राधिकरणसँग कानुनी सम्झौता पनि गर्न सक्ने प्राधिकरणले जनाएको छ। प्राधिकरणसँग कानुनी सम्झौताअनुसार भए-नभएको सम्बन्धमा सेवाप्रदायकले थर्ड पार्टी सिस्टम अडिटरमार्फत अडिट गर्न सक्ने सुविधा पनि छ।

■ मोबाइल अपरेटरको आम्दानी खस्किँदै

मोबाइल अपरेटहरूको आम्दानी हरेक वर्ष खस्किँदै गएको छ। प्राधिकरणको तथ्यांकअनुसार आर्थिक वर्ष ०७८/७९ मा मोबाइल अपरेटरको कारोबार ७७ अर्बबराबरको थियो। यो रकम विगत पाँच वर्षको अवधिमा करिब २१ अर्बले कमी हो। अपरेटरको आम्दानी घटे पनि ग्राहक संख्या भने वार्षिक रूपमा बढ्दै गएको छ। तथ्यांकअनुसार गत आवमा दुई करोड ७१ लाख ग्राहक संख्या भएको प्राधिकरणको दाबी छ।

आव ०७७/७८ मा भने अपरेटहरूको आम्दानी ७५ अर्ब ७१ करोड रुपैयाँ थियो। सो अवधिमा अपरेटरको ग्राहक संख्या दुई करोड ८४ लाख थिए। आव ०७६/७७ मा कम्पनीहरूको आम्दानी ८१ अर्ब १२ करोड थियो भने ग्राहक संख्या एक करोड ९४ लाख थिए।

आव ०७५/७६ मा कम्पनीहरूको आम्दानी ९२ अर्ब १२ करोड थियो भने ग्राहक संख्या एक करोड ४५ लाख थिए। आव ०७४/७५ मा भने कम्पनीहरूले ९८ अर्ब ६८ करोड रुपैयाँ आम्दानी गरेको प्राधिकरणको तथ्यांक छ। नेपालमा प्रतिवर्ष ग्राहक संख्या बढेपछि सेवाप्रदायकको आम्दानी भने घटेको छ। यसै विषयमा अध्ययन गर्न टेरामक्स प्रविधि सञ्चालनमा ल्याउन लागेको प्राधिकरणको दाबी छ। प्राधिकरणका अनुसार ०६८ बाट ०७६ को अवधिमा कल बाइपासबाट १२ अर्बभन्दा धेरै आम्दानी गुमेको छ।

वर्ष	ग्राहक संख्या करोडमा	आम्दानी रकम रु अर्बमा
०७४/७५	-	९८.६८
०७५/७६	१.४५	९२.१२
०७६/७७	१.९४	८१.१२
०७७/७८	२.८४	७५.७१
०७८/७९	२.७१	७७.०५

एनटिसीले बहाना मात्रै गरेको छ

● **अच्युतनान्द मिश्र**, सहायक प्रवक्ता, नेपाल दूरसञ्चार प्राधिकरण



एनटिसीले बहाना मात्रै गरेको छ। पहिला कानुनी बहाना देखाएको थियो। त्यसलाई हामीले स्पष्ट पार्‍यौं। अब अहिले कार्यविधिको बहाना मात्रै गरेको हो। यदि कार्यविधि चाहिन्छ भने पत्र पठाओस्। हामी कार्यविधि बनाएर दिन्छौं।

कार्यविधि नहुँदा अलमल भएको हो

● **परमात्मा भट्टराई**, सहायक प्रवक्ता, नेपाल टेलिकम



प्राधिकरणको निर्देशन आफैंमा अन्योल छ। प्राधिकरणले कार्यविधि ल्याएर टेरामक्स कार्यान्वयन गर्न निर्देशन दिएको भए हामीलाई सहज हुन्थ्यो। हामी कार्यान्वयनका लागि अलमलमा परेका छौं।

विद्युत् ऐन जारी गर्न इप्पानको माग

'ऊर्जा क्षेत्रको द्रुत विकासका लागि संसद्मा राजनीतिक दलले प्रतिबद्धता व्यक्त गर्नुपर्ने'

नयाँ पत्रिका

संसद्को पूर्वाधार विकास समितिका सांसदहरूले ऊर्जा क्षेत्रको द्रुत विकासका लागि संसद्मा राजनीतिक दलले प्रतिबद्धता व्यक्त गर्नुपर्ने बताएका छन्। मंगलबार समितिको बैठकमा बोल्दै उनीहरूले यस्तो बताएका हुन्। कार्यक्रममा ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले जिडिपीको वृद्धिदर ७ प्रतिशत हाराहारी कायम राख्न सकेमा आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् स्वदेशमै खपत हुने बताए।

बैठकमा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले अहिले नेपालले बिजुली बेचेर वैदेशिक मुद्रा आर्जन गरिरहेको भए पनि उद्योगले मागेजति बिजुली नपाएको बताए। प्रवर्द्धकले उत्पादन गरेको बिजुली खेर गइरहेको बताउँदै उनले जलविद्युत् विकासमा प्रसारण लाइन निर्माणमा भने मुख्य अवरोध भएको धारणा राखे।

इप्पानका उपमहासचिव प्रकाश दुलाललले संसद्बाट ऊर्जा विकास दशक पारित गरी १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्नुपर्ने बताए। त्यसका लागि तत्काल विद्युत् ऐन जारी गर्न, विद्युत् बिक्रीमा भ्याट लगाउन, ऊर्जा क्षेत्रमा बैंकहरूको लगानी १० वर्षमा २० प्रतिशत पुऱ्याउन, ऊर्जा विकासमैत्री राजनीतिक वातावरण बनाउन, निजी क्षेत्रलाई आन्तरिक तथा बाह्य विद्युत् व्यापार गर्न अनुमति दिन आग्रह गरे। दश वर्षमा आन्तरिक १० हजार विद्युत् आन्तरिक खपत गर्दा पेट्रोलियमको खपतमा ५० प्रतिशत कटौती भई डेढ अर्ब वैदेशिक मुद्रा बचत हुने बताए। नेपाली कांग्रेसका सांसद प्रदीप पौडेलले ऊर्जा क्षेत्रको विकासका लागि राजनीतिक दलले प्रतिबद्धता जनाएमा स्थानीयस्तरमा हुने धेरै अवरोधको समस्या समाधान हुने बताए।

त्यस्तै, नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले पनि राजनीतिक एक हिसाबले प्रतिबद्धता गरेर जानुपर्नेमा आफू सहमत भएको बताए। नेकपा एमालेका सांसद ठाकुर गैरेले ऊर्जा क्षेत्रलाई राष्ट्रिय महत्त्वको क्षेत्र घोषणा गरेर यसको द्रुत विकासका लागि केही ऐन-नियम निलम्बन गरेरै भए पनि अघि बढ्नुपर्ने धारणा राखे।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद एवं निवर्तमान ऊर्जा राज्यमन्त्री दीपकबहादुर सिंहले जलविद्युत्को विकासमा सहयोग पुग्ने गरी एउटा समन्वय समिति बनाउनुपर्ने बताए। समन्वय समितिको नेतृत्व ऊर्जा मन्त्रालयले गरेर सातवटा मन्त्रालय र २३ वटा विभाग धाउनुपर्ने बाध्यताको अन्त्य गर्नुपर्ने उनले बताए। जनमत पार्टीका सांसद सिके राउतले विकास आयोजना बनाउँदा स्थानीय जनतालाई अधिकतम लाभ दिनेतर्फ ध्यान दिनुपर्ने बताए।

भाउ बढेपछि अलैंची किसान हर्षित

ताप्लेजुङ/ कालो सुनले चिनिने नगदेबाली अलैंची पूर्वी पहाडी जिल्लाहरूमा धेरै उत्पादन हुने अलैंचीको मूल्य चार वर्षयताकै उच्च भएको छ। बर्सेनि ओरालो लागेको अलैंचीको भाउ नयाँ उत्पादन बजार निस्कनै लाग्दा उच्च भएपछि किसान हर्षित भएका छन्।

ताप्लेजुङमा अलैंची प्रतिमन (४० किलो)को ५५ देखि ६० हजारमा बिक्री भइरहेको अलैंची व्यवसायी महासंघ ताप्लेजुङकाका अध्यक्ष भद्रवीर रेग्मीले बताए।

जिल्लामा भदौको पहिलो हप्तादेखि अलैंचीको नयाँ उत्पादन बजार निस्कन थाल्छ। अन्तर्राष्ट्रिय बजारमा अलैंचीको माग बढेको, तर किसान तथा व्यापारीसित मागअनुसार अलैंची पर्याप्त नहुँदा भाउ बढेको अध्यक्ष रेग्मीले बताए।

यस वर्ष भाउ बढे पनि अलैंचीको उत्पादन भने धेरै नहुने देखिएको छ। हिउँदमा पर्याप्त वर्षा नभएको र रोगका कारण केही अलैंचीका बोट मरेपछि उत्पादन घट्ने सम्भावना रहेको अध्यक्ष रेग्मीले बताए। ताप्लेजुङमा चार हजार पाँच सय हेक्टर जमिनमा अलैंची खेती हुँदै आएको कृषि ज्ञानकेन्द्र ताप्लेजुङले जनाएको छ।

भदौमा इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स अन्तर्राष्ट्रिय प्रदर्शनी

काठमाडौं/ काठमाडौंको भृकुटीमण्डपमा भदौ १५ देखि १७ सम्म इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स अन्तर्राष्ट्रिय प्रदर्शनी आयोजना हुने भएको छ। विद्युत, विद्युतीय उपकरण र ऊर्जासँग सम्बन्धित यो दोस्रो संस्करणको प्रदर्शनी हो।

नेपाल इलेक्ट्रिक, इलेक्ट्रोनिक्स, पावर, लाइट तथा कन्जुमर इलेक्ट्रोनिक्स एन्ड होम अपलायन्सेससम्बन्धी बृहत् अन्तर्राष्ट्रिय प्रदर्शनी मिडिया स्पेस सोलुसन्स (एमएसएस)का साथै एक्जिबिसन एन्ड ट्रेड सर्भिसेस इन्डिया प्रालि तथा फ्युचरेक्स ट्रेड फेयर्स एन्ड इभेन्ट्स प्रालिको संयोजकत्वमा आयोजना हुन लागेको जनाइएको छ। यो नेपालको पहिलो एक मात्र बृहत् अन्तर्राष्ट्रिय ऊर्जा र विद्युत्सँग सम्बन्धित प्रदर्शनी भएको आयोजकको दाबी छ।

प्रदर्शनीले आधारभूत रूपमा प्रदर्शनी, सम्मेलन र साझेदारी गरी तीन सोचहरूको समायोजन गर्न खोजेको जनाइएको छ। यी तीन सोचहरूबाट नेपालमा विद्युत, विद्युतीय उपकरण, घरबारमा प्रयोग हुने विद्युतीय सामग्रीहरू तथा ऊर्जासँग आबद्ध विभिन्न उद्योगहरूले आपसी साझेदारी गर्ने, सम्बन्ध बढाउने तथा व्यवसायका अवसरहरू निर्माण गर्ने केन्द्रको भूमिका निर्वाह गर्ने आयोजकको अपेक्षा छ।

उपभोक्ताले प्रयोजन गर्ने इलेक्ट्रोनिक्स सामान जस्तै एयर कन्डिसनर, इलेक्ट्रिक फ्यान र फ्रिजको माग बढेकाले प्रदर्शनीमा सरोकारवालाको ध्यानाकर्षण हुने आयोजकले जनाएका छन्। नेपालभित्र आयात हुने करिब ६० प्रतिशत इलेक्ट्रोनिक तथा विद्युतीय उपकरण भारतबाट आउने भएका कारण प्रदर्शनीमा भारतीय उपमहाद्वीपका सरोकारवालाको सहभागिता उल्लेखनीय हुने आयोजकको दाबी छ। प्रदर्शनीले नयाँ प्रविधियुक्त विद्युतीय उपकरणहरू पनि प्रस्तुत गरी नेपाली उपभोक्तालाई नयाँ प्रकारका विद्युतीय उपकरणसँग साक्षात्कार गराउने उल्लेख गरिएको छ।

प्रदर्शनीमा निःशुल्क प्रवेशको व्यवस्था हुनुका साथै विद्युत, विद्युतीय उपकरण र बत्तीसँग सम्बन्धित क्षेत्रहरूमा प्राविधिक सामग्री र ज्ञान साझेदारी निर्माण गर्ने उद्देश्यसहितको सम्मेलनका कार्यक्रम पनि हुने आयोजकको भनाइ छ।

ऊर्जा क्षेत्रको विकासका लागि परिसंघ र इप्पान मिलेर अगाडि बढ्ने

नयाँ पत्रिका

नेपाल उद्योग परिसंघ र स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले ऊर्जा क्षेत्रको विकासका लागि मिलेर अघि बढ्ने प्रतिबद्धता जनाएका छन्। परिसंघले इप्पानका नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा स्वागत गर्न आयोजना गरेको कार्यक्रममा दुवै संगठनले मिलेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका हुन्।

यसअघि परिसंघ सचिवालयमा आयोजित कार्यक्रममा परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले इप्पानका नवनिर्वाचित अध्यक्ष गणेश कार्कीसहित पदाधिकारी एवं कार्यसमिति सदस्यहरूलाई स्वागत गरेका थिए। परिसंघका अध्यक्ष अग्रवालले ऊर्जा क्षेत्र विदेशी मुद्रा आर्जन गर्ने दिगो माध्यम रहेको बताए। ऊर्जा क्षेत्रको समग्र विकास, नीतिगत सुधारका लागि सहकार्य गरेर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो। उनले भने, 'नेपाल उद्योग परिसंघले ऊर्जा क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै परिसंघमा ऊर्जा परिषद् गठन गरी यस क्षेत्रमा कार्य गर्दै आएको छ।' पिपिए खुला गरिनुपर्ने तथा नेपाल विद्युत् प्राधिकरणको पुनर्संरचना गरिनुपर्ने उनको धारणा थियो।



इप्पानका अध्यक्ष गणेश कार्कीले ऊर्जा क्षेत्रको विकासका लागि ऊर्जा संकटकाल घोषणा गर्न सरकारलाई सुझाव दिएको बताए। ऊर्जा क्षेत्रको सन्दर्भमा निजी क्षेत्रको सुझावमा एकरूपता हुनुपर्ने उनको भनाइ थियो।

निजी क्षेत्रलाई आन्तरिक एवं बाह्य क्षेत्रमा विद्युत् व्यापार गर्न दिनुपर्ने, विद्युत् निर्यातका लागि सीमा क्षेत्रसम्म प्रसारण लाइन निर्माण हुनुपर्ने, उद्योगीहरूले आवश्यक बिजुली पाउनुपर्नेलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउँदै आएको उनले बताए।

कार्यक्रममा परिसंघका उपाध्यक्ष वीरेन्द्रराज पाण्डे, रोहित गुप्ता, परिसंघ महानिर्देशक दीपकराज जोशीलगायत सहभागी थिए।

समृद्धि फाइनान्स र हिमालयन क्यापिटलबीच सम्झौता

काठमाडौं/ समृद्धि फाइनान्स र हिमालयन क्यापिटल लिमिटेडबीच पिएमएस व्यवस्थापन सम्बन्धमा सम्झौता भएको छ। सम्झौतामा समृद्धिका प्रमुख कार्यकारी अधिकृत टीकानिधि लोहनी र हिमालयनका प्रमुख कार्यकारी अधिकृत परमेश्वर पन्तले हस्ताक्षर गरेका हुन्।



सम्झौताअनुसार हिमालयन क्यापिटलले उक्त संस्थामा आबद्ध ग्राहकको पिएमएस व्यवस्थापनका लागि आवश्यक बैंकिङ सुविधाका लागि समृद्धि फाइनान्समार्फत सहकार्य गर्ने जनाइएको छ। फाइनान्सले हाल १३ वटा शाखामार्फत कारोबार गर्दै आएको तथा आरटिजिएस, आइपिएस, कनेक्ट आइपिएस, रेमिट्यान्स, क्लियरिङलगायतका बैंकिङ र मोबाइल बैंकिङ, डेबिट कार्ड, क्युआर कोडजस्ता डिजिटल सुविधा प्रदान गरिरहेको जनाएको छ।

नेसनल लाइफ इन्स्योरेन्सको एनुअल बिजनेस लिडर्स कन्क्लेभ

काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले 'सिफ्टिङ द पाराडाइम २०८०/८१' भन्ने नाराका साथ चारदिने वार्षिक सम्मेलन गरेको छ। कम्पनीले पोखरामा 'एनुअल बिजनेस लिडर्स कन्क्लेभ' आयोजना गरेको हो।



कार्यक्रम आव ०७९/८० मा उत्कृष्ट व्यवसाय गर्ने शाखालाई सम्मान तथा पुरस्कृत गर्दै कम्पनीको व्यवसायसँग सम्बन्धित समीक्षा तथा नयाँ योजना बनाउने उद्देश्यले आयोजना गरिएको कम्पनीले जनाएको छ। सम्मेलनको उद्घाटन गर्दै प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले जीवन बिमा व्यवसाय दिन-प्रतिदिन प्रतिस्पर्धात्मक र जटिल हुँदै गइरहेकाले कार्यदक्षता र मिहिनेतका साथ व्यवसाय वृद्धि गर्नुपर्ने दायित्व कम्पनीमाथि आएको बताए।

कार्यक्रममा आपसी समन्वय गरी तोकिएको व्यावसायिक लक्ष्य पूरा गर्दै कम्पनीलाई बिमा बजारमा अग्र स्थानमा पुऱ्याउन आवश्यक रणनीति र कार्यक्रम तय गर्नेबारे छलफल भएको जनाइएको छ। सम्मेलनमा विभागीय प्रमुख तथा देशभरिबाट प्रदेश प्रमुख, शाखा प्रमुख र मार्केटिङ कर्मचारीहरू गरी एक सय ५० जनाभन्दा बढीको सहभागिता रहेको उल्लेख छ।

सम्मेलनमा सहभागी कर्मचारीलाई नियमनकारी निकाय नेपाल बिमा प्राधिकरणका उपनिर्देशक हृदयेश्वर पण्डितले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा प्रशिक्षण दिएको कम्पनीले जनाएको छ। त्यस्तै, मनोक्रान्तिका संस्थापक डा. योगी विकासानन्दले सहभागी कर्मचारीलाई तनावमुक्त भई काम गर्दा आफ्नो कार्य दक्षतामा वृद्धि हुने भएकाले आफ्नो मनमस्तिष्कलाई सन्तुलन राखी तनाव व्यवस्थापन गर्न सकिने विषयमा प्रशिक्षण दिएको जनाइएको छ।

कार्यक्रममा आव ०७९/८० मा शाखा सञ्चालनका विभिन्न आयाममा उत्कृष्ट कार्य गर्ने पाँच शाखा तथा उत्कृष्ट व्यवसाय गर्ने शाखाहरूका साथै विभिन्न विधामा उत्कृष्ट रहेका शाखालाई प्रमुख कार्यकारी अधिकृत खत्रीले सम्मान तथा पुरस्कार प्रदान गरेको कम्पनीले जनाएको छ।

सिटिजन्स सुपर ३० म्युचुअल फन्ड सूचीकृत



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड कोष प्रवर्द्धक रहेको सिटिजन्स सुपर ३० म्युचुअल फन्ड नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत भएको छ। सिटिजन्स क्यापिटल लिमिटेडको योजना व्यवस्थापनमा सिटिजन्स म्युचुअल फन्डअन्तर्गत सञ्चालन भइरहेको उक्त बन्दमुखी योजनाको सात करोड ५० लाख ७२ हजार तीन सय ९० इकाइ सूचीकृत भएको हो।

सूचीकरणसम्बन्धी कार्यक्रम नेप्सेका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर कार्की र क्यापिटलका प्रमुख कार्यकारी अधिकृत सबिरबादे श्रेष्ठलगायतका पदाधिकारीहरूको उपस्थितिमा सम्पन्न भएको जनाइएको छ। उक्त म्युचुअल फन्ड योजनाको बुधबारदेखि दोस्रो बजारमा कारोबार हुने क्यापिटलले जनाएको छ।

एक्सपर्ट एजुकेसन एन्ड भिसा सर्भिसेज २१ वर्षमा

चितवन/ एक्सपर्ट एजुकेसन एन्ड भिसा सर्भिसेजले स्थापनाको २० वर्ष पूरा गरेको छ। सन् २००३ अगस्ट ८ मा अस्ट्रेलियाको सिड्नीबाट उच्च शिक्षा तथा आप्रवासनसम्बन्धी परामर्श दिँदै आएको एक्सपर्ट एजुकेसन एन्ड भिसा सर्भिसेजले २०औँ स्थापना दिवसको दिन पारेर 'एक्सपर्ट डे' मनाएको हो।



अहिले एक्सपर्टले विश्वका १६ देशमा ६० भन्दा बढी शाखा कार्यालयबाट शैक्षिक परामर्श सेवा दिँदै आइरहेको जनाएको छ। एक्सपर्टले विश्वभर नै स्थापनाको दिनलाई 'एक्सपर्ट डे'का रूपमा मनाउँदै आइरहेको जनाइएको छ। नेपालसहित विश्वभरि नै विशेष समारोह कार्यक्रमसहित केक काटेर एक्सपर्टले वार्षिकोत्सव मनाएको एक्सपर्ट डाइरेक्टर सागर अर्यालले बताए। एक्सपर्टले हाल अस्ट्रेलियासँगै क्यानडा, युके, युएसए, न्युजिल्यान्डलगायत देशमा विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि परामर्श दिँदै आइरहेको जनाएको छ।

Nepal Hydro Developer Limited
Dillibazar, Kathmandu, Nepal

Unaudited Statement of Financial Position
As at Ashad 31, 2080 (July 16, 2023)

Amount In "000" Unless Specified

Particulars	This Quarter Ending Ashad 2080	Previous Quarter Ending Chaitra 2080	Previous Year Corresponding Quarter Ending Ashad 2079
Assets			
Property, Plant and Equipment (Net Blocks)	659	706	820
Intangible Assets (Net Blocks)	410,212	417,192	438,122
Investment Advances	35,500	35,500	5,500
Total Non Current Asset	**446,371**	**453,398**	**444,442**
Total Current Assets	115,321	110,660	95,371
Total Assets	**561,692**	**564,058**	**539,813**
EQUITY AND LIABILITIES			
Equity			
Share Capital	335,926	335,926	319,930
Reserve and Surplus	42,726	39,992	21,252
Total Equity	**378,652**	**375,918**	**341,182**
Long Term Loan	71,000	97,842	128,124
Short Term Loan	105,392	83,250	64,444
Other Current Liabilities	6,648	7,048	6,063
Total Current & Non- Current Liabilities	**183,040**	**188,140**	**198,631**
Total Equity and Liablilities	**561,692**	**564,058**	**539,813**

Unaudited Statement of Profit or Loss Account and Other Comprehensive Income
for the period ended Ashad 31, 2080 (July 16, 2023)

Amount In "000" Unless Specified

Particulars	This Quarter Ending Ashad 2080	Previous Quarter Ending chaitra 2079	Previous Year Corresponding Quarter Ending Ashad 2079
Power Sales	100,525	81,998	94,205
Less: Plant Operating Expenses	(17,850)	(13,021)	(18,737)
Gross Profit (Loss)	**82,675**	**68,977**	**75,468**
Add:			
Other Income	2,060	1,326	422
Less: Administrative selling and Distribution Expenses	(2,049)	(1,811)	(17,426)
Operating Profit (Loss)	**82,686**	**68,492**	**58,464**
Less:			
Financial Cost	(14,589)	(10,426)	(9,488)
Depreciation	(28,097)	(21,070)	(28,126)
Profit and Loss before Bonus, CSR and Tax	**40,000**	**36,996**	**20,850**
Less: Provision for Bonus	(784)	(725)	(409)
Less: Provision for CSR	(388)	(359)	(202)
Profit Before Tax	**38,828**	**35,912**	**20,239**
Current Tax	(515)	(332)	(85)
Profit for the Period	**38,313**	**35,580**	**20,154**

Ratio	This Quarter Ending Ashad 2080	Previous Quarter Ending chaitra 2079	Previous Year Corresponding Quarter Ending Ashad 2079
Earning Per Share (Annual)	11.41	14.12	6.30
Market Value Per Share	377.0	397.0	350
Price Earning Ratio	33.06	28.11	55.59
Current Ratio	1.03	1.23	1.35
Return On Assets	27.28%	25.23%	14.93%
Net worth Per Share	112.72	111.91	106.64

FOURTH QUARTER DISCLOSURE AS OF 16th July, 2023 AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION, 2073 Annexure -14
(Related to Sub regulation 1 of Regulation 26)

1) FINANCIAL STATEMENTS
- The unaudited financial statements for the Fourth quarter and financial ratios have been published along with this report.
- Transaction with related parties - Not Applicable (N/A).
- Important Financial Ratios: As attached in the unaudited financial statement.
- Company has amortized the intangible assets over the life of the project starting from the commercial Operation Date and in case of other fixed assets depreciation has been calculated based on Written Down Value as per the provision of Income Tax Act.
- Income Tax provision on interest income from term deposit has been accounted @ 25%

2) MANAGEMENT ANALYSIS
- The company has planned to develop new Hydropower project.
- Revenue from sale of Energy has been increased by 6.71% compared to the corresponding previous year's quarter ending. As a result net profit for the Fourth quarter of 2079/80 has been increased.

3) LEGAL PROCEEDINGS
- Case filed by or against the company during the quarter, if any : N/A
- Case filed by or against the company or its promoter or Director for violation of the prevailing regulation or committing the criminal offence, if any: N/A
- Case filed against the Promoter or Director on financial crime, if any: N/A

4) ANALYSIS OF SHARE TRANSACTION OF THE COMPANY
- The shares of Nepal Hydro Developer Ltd listed in NEPSE on 6th November, 2017 and transacted from 14th November, 2017.
- The major highlights of share transactions during the quarter are as follows:

Maximum Price	Minimum Price	Closing Price	Total day of Transactions	No of Transactions	No of share Traded	Turnover of share Transactions
Rs 421.90/-	Rs. 364/-	Rs. 377/-	62	3431/-	393206/-	Rs. 15,57,71,319.4/-

5) PROBLEMS AND CHALLENGES

Internal Challenges
- To maintain Operational efficiency

ExternalChallenges
- As per the Posted Rate Agreement the company is eligible to claim additional rate from Baisakh 2072 to Chaitra 2078. The company has invoiced Nepal Electricity Authority additional rate amount as per agreement and remaining amount of Rs. 3,62,53,384.79/-is yet to be received which has affected cash flow of the company.
- Possibility of flood in monsoon season in rivers at power house area and disturbance in transmission line due to storm & technical fault.
- Difficult to get hydropower equipment's spare parts in time.

Strategies followed by the management
- Use of internal manpower and taking expert agency advice to minimize the issues.

6) Corporate Governance
- The regular meeting of Board of Directors, Audit committee, Management and operation team is being conducted for strengthening good corporate governance within the company.

7) DECLARATION

I, the Chairman/Director of the company, take the responsibility of accuracy of the information and details mentioned in this report for the period up to Fourth quarter of Financial year 2079-80, hereby declare that the information and details provided in this report are true, based on the facts and complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

सुमेरु सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड
ललितपुर महानगरपालिका-३, पुल्चोक, ललितपुर
फोन नं. ०१-५४५५५५०/०१-५४४४५५५ Email: sumeru@wlink.com.np

कर्जा चुक्ता गर्न आउने बारेको १५ दिने सूचना

प्रकाशन मिति : २०८० साल श्रावण २४ गते बुधबार

यस सहकारी संस्थाको कार्यालय ललितपुर महानगरपालिका वडा नं ३ पुल्चोक, ललितपुरबाट व्यापार व्यवसाय गर्नकोलागि घर जग्गा/घडेरी धितो राखि कर्जा लिनु भएको तपशिलका ऋणी सदस्यले उपभोग गर्नु भएको कर्जाको साँवाँ तथा ब्याज समेत नतिरी नबुझाई लिखत बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जाको साँवाँ ब्याज तिर्ने तर्फ कुनै प्रकारको पहल नगर्नु भएकोले मिति २०८०।०३।०२ र मिति २०८०।०३।१२ गतेका दिन निज ऋणीहरुको नाउँमा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको अलग अलग ३५ दिने सार्वजनिक सूचना तीन पुस्ते सहित नाम प्रकाशित गरिएकोमा सो अवधि भित्रमा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै कदम नचालेकोले निजहरुको नाउँमा पुनः कर्जा चुक्ता गर्न आउने बारेको यो १५ दिने तीन पुस्ते नाम सहितको सूचना प्रकाशित गरिएको छ। यो सूचनाको अवधि भित्र छिटो भन्दा छिटो कर्जा चुक्ता गर्नु हुन तपशिलमा उल्लेखित गरिएका ऋणी सदस्यहरुलाई सूचित गरिन्छ। अन्यथा संस्थासँग गरेको शर्त, कबुलियत साथै तमसुक बमोजिम धितो राखिएको घर/जग्गा जे जस्तो छ सोही अवस्थामा सहकारी ऐन, नियमावली, संस्थाको विनियम र प्रचलित कानुन बमोजिम लिलाम डाँक बढाबढ गरी बेचबिखन गरी कर्जा असुल गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

ऋणीको विवरण	जमानीको विवरण
ऋणीको नाम : नजिरा मिया बुवाको नाम : जन्मदिन मिया बाजेको नाम : दिन मोहम्मद मिया जिल्ला धादिङ गजुरी गा.पा. वडा नं. ६,	जमानी दिने पिता : जन्म दिन मियाँ जमानी दिने भाई : रम्जान खान मियाँ

धितो रहेको सम्पत्तिको विवरण					
जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
ललितपुर	सैंवु	१०/४ग	१३४५	०-६-०-०	घर जग्गा

ऋणीको विवरण	जमानीको विवरण
ऋणीको नाम : उर्मिला श्रेष्ठ पतिको नाम : रमेश कुमार श्रेष्ठ ससुराको नाम : प्रेमकृष्ण श्रेष्ठ जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. २३,	जमानी बस्ने : अन्जना श्रेष्ठ जमानी बस्ने : नविन कुमार श्रेष्ठ जमानी बस्ने : प्रविन कुमार श्रेष्ठ

धितो रहेको सम्पत्तिको विवरण					
जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
काठमाडौं	का.म.न.पा.	२३	१७०७	०-०-३-१	घर जग्गा
काठमाडौं	विष्णु बढानिलकण्ठ	३ख	८३७	०-०-०-३	जग्गा
काठमाडौं	विष्णु बढानिलकण्ठ	३ख	८३५	०-३-०-१	जग्गा

ऋणीको विवरण	जमानीको विवरण
ऋणीको नाम : शंकर नारायण श्रेष्ठ बुवाको नाम : बखत नारायण श्रेष्ठ बाजेको नाम : विष्णु कुमार श्रेष्ठ श्रीमतीको नाम : सरिता कुमारी श्रेष्ठ जिल्ला तनहुँ व्यास न.पा. वडा नं. १०,	जमानी बस्ने पिता : बखत नारायण श्रेष्ठ जमानी बस्ने : सजिब बराल जमानी बस्ने : सुमन थापा जमानी बस्ने : बोधराज त्रिपाठी जमानी बस्ने : सरिता कुमारी श्रेष्ठ

धितो रहेको सम्पत्तिको विवरण					
जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
तनहुँ	फराकचौर	५ज	७६८	०-८-०-०	जग्गा
तनहुँ	फराकचौर	५ज	७६५	०-२-०-०	जग्गा
तनहुँ	काँहुशिवपुर	२घ	१०१	२-०-०-०	जग्गा
तनहुँ	काँहुशिवपुर	२घ	१४	५-०-०-३	जग्गा
तनहुँ	काँहुशिवपुर	२ख	५	३-१४-१-१	जग्गा
तनहुँ	फराकचौर	५ज	२७७४	०-३-०-१	जग्गा

ऋणीको विवरण	जमानीको विवरण
ऋणीको नाम : शोभा थापा पतिको नाम : राम कुमार थापा ससुराको नाम : राम बहादुर थापा जिल्ला ललितपुर सैंवु वडा नं. ५,	जमानी बस्ने छोरा : धिरज थापा जमानी बस्ने : भिम बहादुर कार्की

धितो रहेको सम्पत्तिको विवरण					
जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
ललितपुर	सैंवु	५क	३४४	०-५-०-०	घर जग्गा
ललितपुर	सैंवु	५क	३४५	०-०-३-२	घर जग्गा
ललितपुर	सैंवु	५क	३६८	०-०-२-२	घर जग्गा

ऋणीको विवरण	जमानीको विवरण
ऋणीको नाम : चन्द्र प्रसाद श्रेष्ठ पिताको नाम : तिर्थलाल मकाजु श्रेष्ठ बाजेको नाम : कृष्णलाल श्रेष्ठ ठेगाना : जिल्ला काभ्रे धुनीवेशी न.पा-५ स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा. वडा नं. १०, बुद्धनगर	श्रीमती : कविता श्रेष्ठ छोरा : आरोहण श्रेष्ठ साक्षी : गोपाल शाह

धितो रहेको सम्पत्तिको विवरण					
जिल्ला	न.पा./ गा.वि.स	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
काठमाडौं	का.म.न.पा.	१०	१५२ र १५४	०-२-२-२	घरजग्गा

ऋणीको विवरण	जमानीको विवरण
ऋणीको नाम : विदुर लामा पिताको नाम : चित्र बहादुर लामा बाजेको नाम : हर्क बहादुर लामा ठेगाना : जिल्ला काठमाडौं चाल्लाखेल वडा नं. ७,	जमानी बस्ने : विष्णु बहादुर राउत जमानी बस्ने : शोभाकर पोखेल जमानी बस्ने : मोहनकृष्ण लामा

धितो रहेको सम्पत्तिको विवरण					
जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
काठमाडौं	चाल्लाखेल	५ख	१५	४-१४-०-०.३	जग्गा

सुमेरु सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड
ललितपुर महानगरपालिका-३, पुल्चोक, ललितपुर ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०४/२४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनावाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनावाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

कम्पनी ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय काठमाण्डौमा कम्पनी ऐन २०६५ अन्तर्गत मिति २०६५/१२/१८ मा प्रा.लि.न. ६१५३४/०६५/०६६ कायम भई दर्ता रहेको पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. १६, पर्सा स्थित रजिष्टर्ड कार्यालय रहेको **नेपाल मेटल एण्ड वायर इण्डष्टिज प्रा.लि.** (सञ्चालक बुचाई साहको नातिनि, सिताराम साहको छोरी, सत्य नारायण साहको पत्नी, सप्तरी जिल्ला, नार्घो गा.वि.स.वडा नं. ५, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगंज उप.म.ना.पा. वडा नं. १३, बस्ने **रेणु कुमारी साह** (ना.प्र.नं.२२०३, जारी मिति २०६२/०७/०४, जिल्ला प्रशासन कार्यालय पर्सा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. बुचाई साहको नातिनि, सिताराम साहको छोरी, सत्य नारायण साहको पत्नी, सप्तरी जिल्ला, नार्घो गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगंज उप.म.ना.पा. वडा नं. १३, बस्ने **रेणु कुमारी साह** (ना.प्र.नं.२२०३, जारी मिति २०६२/०७/०४, जिल्ला प्रशासन कार्यालय पर्सा।
२. कारी साह हलुवाईको नाति, सत्य नारायण साहको छोरा, सप्तरी जिल्ला, नार्घो गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगंज उप.म.ना.पा. वडा नं. १३, बस्ने **बिशाल साह** (ना.प्र.नं.३४/०१/७३/०६२२०, जारी मिति २०७३/०५/२७, जिल्ला प्रशासन कार्यालय पर्सा)।
३. फचाई साहको नाति, कारी साह हलुवाईको छोरा, रेणु कुमारी साहको पति, सप्तरी जिल्ला नार्घो गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगंज उप.म.ना.पा. वडा नं. १३, बस्ने **सत्य नारायण साह** (ना.प्र.नं.७००२४०८४, जारी मिति २०५०/०२/०३, जिल्ला प्रशासन कार्यालय सप्तरी)।

धितो सुरक्षणको विवरण :

१. **नेपाल मेटल एण्ड वायर इण्डष्टिज प्रा.लि.** नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, चोरनी गा.वि.स./न.पा वडा नं. ७ स्थित कित्ता नं. ७६६ र ७६८ को क्षेत्रफल क्रमशः ०२७६७.८३ र ०३०८९.५ (व.मि) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. धनि कुमारी बैंक लि.(साबिक एन.सि.सि बैंक लि.) र ऋणी **नेपाल मेटल एण्ड वायर इण्डष्टिज प्रा.लि.** नाममा वागमती प्रदेश यातायात व्यवस्था कार्यालय ललितपुरमा दर्ता कायम च्यासिस नं. MDHFBADD0M9032343 ईन्जिन नं. E098449, सवारी नं. वागमती प्रदेश ०१ ०२६ च २७१८, को NISSAN MAGNITE, थान १।
३. ऋणी **नेपाल मेटल एण्ड वायर इण्डष्टिज प्रा.लि.** को सम्पूर्ण चल अचल श्री सम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी गरिदिने धितो सुरक्षण लिखत वा हाईपोथिकेशन।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय कलैया, बारा फोन नं. ०५३-५५११९५

जम्बो कमिटी बनाउँदा पनि नेविसंघमा असन्तुष्टि

संस्थापनइतर समूहका असन्तुष्ट नेताहरू समानान्तर समिति गठनको तयारीमा, रणनीति बनाउन छलफलमा सिटौला समूह

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

इतिहासकै जम्बो तदर्थ समिति गठन हुँदा पनि नेपाल विद्यार्थी संघमा असन्तुष्टि उत्पन्न भएको छ। कांग्रेस सभापति शेरबहादुर देउवाले सोमबार नेविसंघ तदर्थ समितिमा सात सय १० जना केन्द्रीय सदस्य मनोनीत गरेका थिए। डेढ वर्षअघि नेविसंघको अध्यक्षमा दुजाङ शेर्पालाई मनोनीत गरिएको थियो। देउवा आफैं नेविसंघको अध्यक्ष भइसकेका हुन्। नेविसंघको इतिहासमा यति ठूलो कार्यसमिति गठन भएको थिएन।

सबै समूहलाई समेट्न ७१० सदस्यीय जम्बो कार्यसमिति घोषणा भए पनि संस्थापनबाहेक कांग्रेसको शेखर-गगन समूह र सिटौला समूह असन्तुष्ट देखिएको छ। दुवै समूहले सहमतिअनुसार आफ्नो समूहबाट पठाइएको नाम संस्थापन समूहले मनोमानी ढंगले हटाएर आफूखुसी समिति घोषणा गरेको आरोप लगाएका छन्। नेविसंघमा लामो समय राजनीति गरेका र नेतृत्वमा आउने सम्भावना भएकालाई हटाएर तदर्थ समितिमा नाम घोषणा भएको दुवै समूहका नेताहरूले आरोप लगाएका छन्।

डा. शेखर कोइराला र महामन्त्री गगन थापा समूहका असन्तुष्ट विद्यार्थी नेताहरूले बुधबार नेविसंघको समानान्तर कमिटी घोषणा गर्ने तयारी गरेका छन्। इतर निकट विद्यार्थी नेता विनोद शाही ठकुरीले संगठनमा लामो समयसम्म काम गरेकालाई पाखा लगाउने गरी समिति ल्याइएको दाबी गर्दै बुधबार २ बजे कांग्रेस केन्द्रीय कार्यालय सानेपामा नेविसंघको समानान्तर समिति गठन गरेर अगाडि बढ्न लागेको बताए। 'विधानविपरीत मनोमानी ढंगले कार्यसमिति बनाइयो। यसरी बनेको कार्यसमितिको कुनै औचित्य छैन। यस्तो स्वेच्छाचारी कदमविरुद्ध हामी विधानसम्मत समानान्तर केन्द्रीय समिति घोषणा गर्ने अभियानमा लागेका हौं। कस्तो केन्द्रीय समिति बन्छ भेलाबाटै तय हुन्छ,' उनले भने।

असन्तुष्ट नेताहरूले नेतृत्व तहमा आउने सम्भावना भएकालाई पाखा लगाउने गरी संख्या पुर्‍याउन मात्र समिति घोषणा गरिएको आरोप लगाएका छन्। सिटौला समूहले पनि सहमतिअनुसार पठाइएको नाम समावेश नभएको जनाएको छ। यो समूह भने नेतृत्व तहमा सहमतिको प्रयास गर्ने र नभए कसरी अगाडि बढ्ने भन्ने 'पर्ख र हेर'को रणनीतिमा छ। यसका लागि नेविसंघ पूर्वमहामन्त्री कुन्दनराज काफ्लेले मंगलबार नै पार्टी सभापति शेरबहादुर देउवासँग भेटेर छलफल गरेका छन्। नेतृत्वबाट समाधान हुने अवस्था नभए आवश्यक कदम चाल्ने उनले बताए।

'समिति आउँदा जेनिउन साथीहरू छुट्नुभयो। यत्रो संख्या विधानमा व्यवस्था भएअनुसार आएको होइन। तर, किन छुटाइयो ? नेविसंघको राजनीति गर्दा संस्थाका लागि काम गरेकाहरू जान नपाउने र फलानो दाइदिदी नभनी राजनीतिमा आउन नसक्ने अवस्था आउनु हुँदैन। यो गलत हो। यसरी सिन्डिकेट गर्न कम्युनिस्ट संगठन हो कांग्रेसको ? यसमा हाम्रो असहमति छ। यसबारे हामीले पार्टी सभापतिसँग भेटेर कुरा गरेका छौं। नेतृत्व उत्पादनको नर्सरीमै समस्या आउन दिँदैनौं। त्यसका लागि जे आवश्यक पर्छ त्यो कदम चाल्न हामी बाध्य हुनेछौं,' काफ्लेले भने। सिटौला समूहका विद्यार्थी नेताहरूका अनुसार सूचीमा रहेका दीपक ओझा, योगेन्द्र रावल, सुनिता बोहोरा, सुशील अधिकारी, निराजन शाहीलगायत २० भन्दा बढी नाम हटाइएको थियो। जसलाई सिटौला समूहले आफ्नो समूहबाट नेतृत्वका दाबेदारका रूपमा लिएको थियो। यस विषयमा सिटौला समूह छलफलमै छ।

इतरको एक समूहले समानान्तर समिति बनाउने घोषणा गरे पनि यो समूहबाट कार्यसमितिमा मनोनीत भएका केन्द्रीय सदस्यहरू भने भेलामा सहभागी नहुने भएका छन्। केन्द्रीय सदस्य भुवन भट्टले भेलामा कार्यसमितिमा मनोनीत भएकाहरू सहभागी नहुने जानकारी दिए। संख्या बढाएर भए पनि सबैलाई समेटेर लैजानुपर्ने बताउँछन्। सबैलाई समेट्न नसक्दा असन्तुष्टि देखिएको र यसलाई नेतृत्वले संवादका माध्यमबाट समेटेर लैजानुपर्ने उनले बताए।

■ नेविसंघ अध्यक्ष दुजाङ शेर्पा भन्छन्- **आवश्यकता हेरेर समेट्छौं, विरुद्ध गए क्षम्य हुँदैन**

नेविसंघ अध्यक्ष दुजाङ शेर्पाले समिति बनाउँदा सबैलाई समेट्न नसकिएको बताए। छुटेकाहरूलाई आवश्यकताअनुसार समेटेर लाने उनको भनाइ छ। शेर्पाले अबको गन्तव्य महाधिवेशन सम्पन्न गर्ने भएको बताए। उनले समानान्तर समिति गठनजस्ता संस्थाको हितविपरीत गतिविधि भए क्षम्य नहुने चेतावनी दिए। 'समिति बनाउँदा केही महत्त्वपूर्ण साथीहरू छुट्नुभएको छ। जसकारण केही असन्तुष्टि देखिएका छन्। तर, छुटेका साथीहरूलाई संगठनको आवश्यकताअनुसार समेटेर र आवश्यक जिम्मेवारी दिएर अगाडि बढ्छौं। तदर्थ समितिले पूर्णता पाएपछि हाम्रा लागि एक भएर महाधिवेशन सम्पन्न गर्ने बाटोमा अगाडि बढ्ने समय हो। यस्तो अवस्थामा संगठनविरुद्ध गतिविधि भए क्षम्य हुँदैन,' शेर्पाले भने।

मुलुक समावेशिताको बाटोमा छ : देउवा



काठमाडौं/ कांग्रेस सभापति शेरबहादुर देउवाले मुलुक समावेशिताको बाटोमा अगाडि बढिरहेको बताएका छन्। मंगलबार लोकतन्त्रवादी आदिवासी जनजाति महासंघले राजधानीमा गरेको कार्यक्रममा उनले सबैको अस्तित्वलाई स्वीकार गरेर जाने बाटोमा कांग्रेस रहेको बताए। देउवाले नेपाललाई प्राकृतिक रूपबाट मात्र नभई बहुसांस्कृतिक विशेषतालाई प्रचार गर्नुपर्ने आवश्यकता रहेको बताए। सांस्कृतिक सम्पदालाई विकास गरेर अन्तर्राष्ट्रिय रूपमा पहिचान बनाइनुपर्ने उनको भनाइ थियो। 'कांग्रेसले सबैको देश हो भन्ने बनाउन समावेशी बनाउन काम गरिरहेको छ। पार्टीलाई पनि यसअनुसार अगाडि बढाएका छौं। पार्टी पनि समावेशिताको बाटोमा गइरहेका छौं, राष्ट्रिय राजीति पनि त्यो बाटोमा छ। यो देश सबैको हो यो पार्टी सबैको हो भन्ने बनाउनुछ,' उनले भने।

पार्टी महामन्त्री गगन थापाले कांग्रेसलाई गुनासो गर्ने छुट नभएको बताए। उनले सांस्कृतिक विविधता नेपालको पहिचान भएको बताए। थापाले आदिवासी जनजातिलगायतको समस्या समाधान गर्न संविधानको कार्यान्वयन, आवश्यक कानुन निर्माण र स्रोतसाधनको व्यवस्थापन कांग्रेसले नै गर्नुपर्ने उल्लेख गरे। उनले कांग्रेसले हाल तीनवटै सरकारको नेतृत्व गरिरहेकाले गुनासो गर्ने छुट नभएको पनि बताए। महामन्त्री थापाले कांग्रेसले अहिलेको अवस्थामा सक्ने काम गर्ने र आगामी निर्वाचनमा बाँकी कामका लागि मत माग्ने अवस्था बनाउन लाग्नुपर्ने बताए। 'आज पनि कांग्रेस नेतृत्वमा गठबन्धन छ। प्रधानमन्त्री कांग्रेसले नै बनाएको हो। कांग्रेस नेतृत्वमा रहेको सरकार हो। हामी केन्द्रमा पनि छौं। चार प्रदेशमा हाम्रो नेतृत्वमा सरकार छ। सबै प्रदेश सरकारमा सहभागी छौं। तीन सय ३२ वटा स्थानीय सरकारको प्रमुख छ। अब कांग्रेसलाई गुनासो गर्ने सुविधा छैन। जुन सरकारमा छौं, कानुन बनाउन परे बनाउने हो। स्रोतसाधन छुट्याउनुपर्छ छुट्याउने हो। यो कामको नेतृत्व पनि अरू कसैले गर्दैन, कांग्रेसले नै गर्ने हो। संविधानको नेता पनि हामी हौं, कार्यान्वयन गर्ने पनि हामीले नै हो,' थापाले भने।

चारको मृत्यु...

पृष्ठ १ बाट क्रमशः

पहिरोमा बेपत्ता भएका १९ वर्षीय पासाङ घिसिङलाई भने १२ घन्टापछि घटनास्थलबाट करिब पाँच किलोमिटर टाढा बगेरीस्थित बागमती किनारबाट उद्धार गरिएको मकवानपुर प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए। शरीरभरि चोट लागेका उनलाई उपचारका लागि हेटौंडा पुर्‍याइएको छ। सिन्धुली घर भएका उनी पाहुना लाग्न पुगेका थिए। बेपत्ताहरूको बुधबार बिहानबाट फेरि खोजी गरिने कार्कीले बताए।

धनुषा, रौतहट र महोत्तरीमा तीनको मृत्यु, दम्पती बेपत्ता

त्यस्तै, स्थानीय बसही खोला तर्ने क्रममा बाढीले बगाउँदा धनुषाको मिथिला नगरपालिका- २ आनन्दपुरका १७ वर्षीय सुबोध यादवको मृत्यु भएको छ। प्रहरीले उनलाई उद्धार गरेर अस्पताल पुर्‍याए पनि चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक दीपक कार्कीले बताए। कमला नदीमा आएको बाढीमा दाउरा निकाल्ने क्रममा धनुषाका एक दम्पतीलाई बगाएको छ। गणेशमान चारनाथ नगरपालिका- ७ पोर्ताहाका ३५ वर्षीय सान परियार र उनकी श्रीमती माया परियारलाई बाढीले बगाएको हो।

रौतहटको गढीमाई नगरपालिका- २ का ६५ वर्षीय सहिद राय भाँटको खेतमा काम गरेर फर्किने क्रममा बागमती नदीको बाढीमा डुबेर मृत्यु भएको छ। बागमतीपारि सर्लाही बरहथवा नगरपालिका-४ स्थित खेतमा काम गर्दा मंगलबार दिउँसो बाढीमा डुबेर उनको मृत्यु भएको रौतहट प्रहरीका एसपी वीरबहादुर बुढामगरले बताए।

त्यस्तै, महोत्तरीको सोनमा गाउँपालिकामा मरहा नदी तर्ने क्रममा बाढीले बगाउँदा ३८ वर्षीय जाबिर अन्सारीको ज्यान गएको छ। महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी दिलीपकुमार गिरीका अनुसार उनको शव नेपालको सीमाबाट चार किलोमिटर टाढा भारतको मझौरामा फेला परेको हो।

सप्तकोसीले खतराको तह पार गरेपछि ब्यारेजका २६ ढोका खोलिए

सप्तकोसी नदीले खतराको तह पार गरेपछि ब्यारेजका २६ ढोका खोलिएका छन्। सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी लेवन काश्यप अधिकारीका अनुसार लगातारको वर्षाले बहाव बढेर प्रतिसेकेन्ड दुई लाख १७ हजार तीन सय १५ क्युसेक पानी बहन थालेपछि पछि मंगलबार राति २६ ढोका खोलिएको हो। त्यसअघि साँझसम्म २४ ढोका खोलिएको थियो पानीको बहाव एक लाख ५० हजार काट्नेपछि सर्वसाधारणलाई सचेत गर्न रातो बत्ती बाल्ने गरिन्छ। कोसी ब्यारेजमा ५६ ढोका छन्।

कैलालीमा बाढीबाट साढे चार सय परिवार प्रभावित

बाढी बस्तीमा पस्दा कैलालीमा चार सय ६२ परिवार प्रभावित बनेका छन्। तीमध्ये केही परिवार विस्थापित भएका छन्। जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीका अनुसार कान्द्रा नदीको बाढी बस्ती पस्दा भजनी नगरपालिका- ७ शिराधानी शिविरमा एक सय ५० परिवार प्रभावित भएका छन्। यस्तै, भजनी-५ कुटीका ५० र पुलियापुरका १६ घरमा बाढी पसेको छ।

त्यस्तै, कटैनी खोलाको बाढीले कैलारी गाउँपालिका-७ वसन्ताका ८५, बड्की वसन्ताका ५० र भुईंयाफाँटाका २० घर प्रभावित बनेका छन्। जोशीपुर गाउँपालिकाको फाँडिया र भित्तरियाका ५६ घरमा काँढा नदीको बाढी पसेको छ।

■ वर्षाले मधेसमा राहत

लामो समयको खडेरीपछि भएको वर्षाले मधेसमा राहत मिलेको छ। असारमा खासै वर्षा नहुँदा वीरगन्जलगायत क्षेत्रमा खानेपानीको समेत अभाव भएको थियो भने यसपटक धान रोपाइँसमेत घटेको थियो। तर, सोमबारदेखि यस क्षेत्रमा वर्षा भइरहेको छ, जसकारण किसान खुसी भएका छन्। यद्यपि, अन्य क्षेत्रको तुलनामा मधेसमा अझै कम वर्षा छ। वीरगन्ज श्रीपुरका जितेन्द्र साहले लामो खडेरीका कारण चापाकलबाट समेत पानी आउन छाडेकामा अब वर्षा भएपछि खानेपानीको समस्या हट्ने विश्वास रहेको बताए। सिमरा विमानस्थलस्थित मौसम कार्यालयका नायब मौसम विज्ञान सहायक लक्ष्मणप्रसाद कँडेलका अनुसार पछिल्लो २४ घन्टामा वीरगन्जमा ७०.९, सिमरामा १२५.९, परवानीपुरमा १०० र कलैयामा १३८ मिलिमिटर वर्षा भएको छ। वर्षाका कारण बारा र पर्सा क्षेत्रका नदी र खोलामा बाढी आएको छ। बाढी पूर्वानुमान महाशाखाले सूचना जारी गर्दै नदीमा जलसतह बढ्दो क्रममा रहेकाले सतर्कता अपनाउन अनुरोध गरेको छ।

बाढीबाट सबैभन्दा बढी प्रभावित भजनी भएको छ। कान्द्रा, काँढा, मोहना र पथरैया नदीमा बाढी आएपछि बस्ती डुबानमा परेको भजनीका मेयर केवल चौधरीले बताए। उनका अनुसार नदीले कटान गर्दा घर बगाएपछि भजनी-२ का दुई परिवार विस्थापित भएका छन्।

प्रभावित क्षेत्रमा उद्धारका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली खटिएको छ। केही ठाउँमा बस्ती डुबानमा परेपछि प्रभावितलाई सुरक्षित ठाउँमा सारिएको छ। भजनी नगरपालिका- ८ मा डुबानमा परेका ६ परिवारलाई प्रहरीले उद्धार गरेको छ। प्रहरी चौकी जनकपुरबाट खटिएको टोलीले उनीहरूको उद्धार गरेर सुरक्षित ठाउँमा राखिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुलदीप चन्दले बताए।

भीमदत्त राजमार्ग अवरुद्ध, तराईसँग सुदूरपश्चिमका सात पहाडी जिल्लाको यातायात विच्छेद

सुदूरपश्चिमका सात पहाडी जिल्लालाई तराईसँग जोड्ने भीमदत्त राजमार्ग पहिरोले अवरुद्ध भएको छ। कैलालीको गोदावरी, बुढीतोलाका विभिन्न ठाउँमा पहिरोले सडक पुरिनुका साथै भासिएको छ। ठाउँठाउँमा गरी करिब चार सय मिटर सडक बिग्रिएको सडक डिभिजन कार्यालय कञ्चनपुरले जनाएको छ।दुईवटा डोजरले मंगलबार दिनभर पहिरो पन्छाउने काम गरे पनि राजमार्ग सञ्चालन हुन समय लाग्ने सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय अत्तरियाका प्रमुख ट्राफिक प्रहरी उपरीक्षक नेत्रमणि गिरीले बताए। 'कतिपय सवारीसाधन फर्किए, कतिपय बाटोमै रोकिएका छन्, एम्बुलेन्स पनि रोकिएका छन्,' गिरीले भने, 'सडक बगेको र भासिएकाले राजमार्ग सञ्चालन गर्न केही समय लाग्ने देखिन्छ।' राजमार्ग सञ्चालन गर्न एक-दुई दिन लाग्न सक्ने सडक डिभिजनले जनाएको छ। राजमार्ग अवरुद्ध भएपछि दर्जनौं सवारीसाधन रोकिएका छन् भने यात्रु अलपत्र परेका छन्। केही यात्रु हिँडेर तराई झरेका छन्। सातवटा पहाडी जिल्लाबाट तराईका लागि आएका सवारीसाधन रोकिएका छन्।

बर्दियामा १२४ घर डुबानमा, यातायात अवरुद्ध

बाढीले बर्दियामा एक सय २४ घर डुबानमा परेका छन्। ओराही, तलबेलुवा र गिठे खोलाको बाढीले ठाकुरबाबा नगरपालिका- २ का ४५, वडा नम्बर ६ का १७ र ७ का ५० घर डुबानमा परेको जिल्ला प्रशासन कार्यालय बर्दिया प्रशासकीय अधिकृत लोकप्रसाद ढकालले बताए। बबई नदीको बाढीले गुलरिया नगरपालिका- ५ का १२ घर डुबानमा परेका छन्। यीमध्ये कैयौं परिवार विस्थापित भएका र उनीहरूलाई सम्बन्धित पालिकासँग समन्वय गरी खाना तथा आवासको व्यवस्था गरिएको ढकालले बताए। बाढी प्रभावितलाई सुन्दर मावि शिवसुन्दरमा बस्ने र खाने व्यवस्था मिलाइएको छ। सदरमुकाम गुलरियाबाट बर्दिया राष्ट्रिय निकुञ्ज जोड्ने सडक अवरुद्ध भएको छ। मधुवन नगरपालिका- १ मा ओराही खोलामा रहेको पक्कीपुलको छेउको ढुंगा माटो नदीले कटान गरेपछि आवतजावत ठप्प भएको छ। अविरल वर्षा र नदीमा आएको बाढीले पुलको पश्चिमतर्फको भाग कटान भएपछि पुल जोड्ने सडक पूरै भासिएको छ। पुल भासिएपछि बर्दिया राष्ट्रिय निकुञ्जबाट र डल्ला होमस्टे भएर गुलरिया आउने-जाने सवारीसाधन ठप्प भएका छन्।

सिन्धुलीका पाँच घरमा पहिरोले क्षति पुर्‍यायो

पहिरोले सिन्धुलीको कमलामाई नगरपालिका र मरिण गाउँपालिकाका पाँच घरमा क्षति पुर्‍याएको छ। मरिण गाउँपालिका- २ का तीन घर र कमलामाई- १० का एक तथा वडा नम्बर १ मझिनीदमारको एक घरमा क्षति पुगेको छ। प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले नदी-खोलामा बहाव बढेकाले सचेत रहन आग्रह गरिन्। कमला नदीले खतराको बिन्दु पार गरेर बहाव तीन मिटर ३० सेन्टिमिटर पुगेको छ। खतराको बिन्दु तीन मिटर हो। मरिण, बागमती, चँदाहा नदी, सुनकोसी र अन्य साना नदीमा बहाव उच्च छ।

मोहनाको बाढीले सीमास्तम्भ बगायो

मोहना नदीको बाढीले धनगढी उपमहानगरपालिका- ९ भैंसीघाटस्थित नेपाल-भारत सीमास्तम्भ बगाएको छ। प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीका अनुसार ७४८/३ नम्बरको सीमास्तम्भ मोहनाको बाढीले बगाएको हो। उक्त सीमास्तम्भ मोहना नदी कटानको जोखिममा थियो। नदी कटानले बग्ने जोखिम भएपछि यसअघि त्यहाँ बोरामा बालुवा राखेर सीमास्तम्भको वरिपरि राखिएको थियो।

कञ्चनपुरमा दोदा र मोहना नदी बस्ती पस्यो

कञ्चनपुरमा दोदा र मोहना नदी गाउँ पस्दा एक सयभन्दा धेरै घर डुबानमा परेका छन्। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रकाश डाँगीका अनुसार दोदा नदीको बाढी पुनर्वास नगरपालिका- ५ सिमरी गाउँका ५० र मोहना नदीको बाढी कृष्णपुर नगरपालिका- ७ शान्तिगाउँका ६० घरमा पसेको हो। बछेला खोलाको तटबन्ध भत्किँदा शान्तिटोलमा बाढी पसेको हो। महाकाली र जगबुढा नदीको मिलन बिन्दु क्षेत्र कुतियाकबरमा कटान सुरु भएको छ। त्यस्तै, सशस्त्र प्रहरीले स्याली नदी र ओदाल नदीको बाढीमा फसेका शुक्लाफाँटा र कृष्णपुरका चारजनाको उद्धार गरेको छ। घाँस काट्न गएका तथा खेतबारीमा काम गरेर घर फर्किने क्रममा बाढी आएपछि उनीहरू घर फर्कन सकेका थिएनन्।

बजारमूल्यभन्दा...

पृष्ठ १ बाट क्रमशः

कम्पनीले आवेदन दिएकामा महानगरले प्राविधिक त्रुटि भएको भन्दै पुनः अर्को बोलपत्र आह्वान गरेको थियो, जसमा विना एग्रो इन्टरप्राइजेज प्रालिको मात्रै आवेदन परेको थियो। महानगरको यान्त्रिक तथा राजस्व शाखाका अनुसार पहिलोपटक २६ असोज ०७९ मा गरिएको इ-बिडिङमा खेसारी चन्द्र वर्णवाल, नेपाल ट्रेड एन्ड सर्भिस लिंक, तुलस्यान ट्र्याक्टर्स, अर्थ अटोबिल्स प्रालि र ओमनी अटो मोबाइल्सले आवेदन दिएका थिए। तर, मूल्यांकन समितिले उनीहरूको आवेदन प्राविधिक रूपमा ठीक नभएको भन्दै खारेज गरिदियो। त्यसपछि १४ चैत ०७९ मा दोस्रोपटक बोलपत्र आह्वान भयो। यसपटक पहिलोपटकका एउटै पनि कम्पनीले आवेदन दिएनन् भने पहिलोपटक आवेदन नै नदिएको वीरगन्ज- १८ (हाल १५) बाइपास रोडमा रहेको विना एग्रो इन्टरप्राइजेज प्रालिले मात्रै आवेदन दियो। र, मूल्यांकन समितिले त्यसैलाई सदर गर्‍यो।

उक्त मूल्यांकन समितिमा महानगरको लेखा शाखाका अधिकृत रामकुमार कुसवाहा, यान्त्रिक तथा राजस्व शाखाका प्रमुख मनोज कर्ण, योजना तथा पूर्वाधार शाखाका प्रमुख वरिष्ठ इन्जिनियर अवधेशप्रसाद कुसवाहा र इन्जिनियर प्रकाश अधिकारी थिए। इन्जिनियर अधिकारीले पहिलोपटक पाँच कम्पनीले दिएको निवेदनमा उल्लेख गरिएका ट्र्याक्टर र ट्रेलर प्राविधिक रूपमा गुणस्तरीय नभएपछि खारेज गरिएको बताए।

समितिका इन्जिनियर प्रकाश अधिकारीले प्राविधिक रूपमा ठीक नभएपछि आवेदन खारेज गरिएको बताए। 'आवेदन प्रक्रियामा मूल्यांकन समितिले सुरुमा प्राविधिक र त्यसपछि आर्थिक गरी दुई पाटोलाई हेर्छ। सुरुका पाँचवटै कम्पनीको निवेदन मूल्यांकन गर्दा उनीहरूले उपलब्ध गराउने भनिएका ट्र्याक्टर र ट्रेलर प्राविधिक रूपमा गुणस्तरीय देखिएनन्। महानगरले भनेको कोटेसनअनुसार आवेदन नपरेपछि बोलपत्र रद्द गरिएको हो,' उनले भने।

यान्त्रिक तथा राजस्व शाखा प्रमुख कर्ण र प्रमुख प्रशासकीय अधिकृत पौडेलले पनि समान जवाफ दिए। कर्णले सुरुमा महँगो ट्र्याक्टर र ट्रेलर वितरण गर्ने योजना बनाइएकोमा दोस्रोपटक कम गरिएको पनि दाबी गरे। 'दोस्रोपटक एक मात्र कम्पनीले आवेदन दिएकाले सोही कम्पनीलाई छान्नुपर्ने अवस्था निम्तिएको हो,' उनले भने, 'खरिद प्रक्रियामा कुनै अनियमितता भएको छैन, सबै पारदर्शी नै गरिएको छ।'

पहिलोपटकको बेलपत्रमा आवेदन दिएको तुलस्यान ट्र्याक्टर्सका सञ्चालक सन्दीप तुलस्यानले महानगरमा पदाधिकारीले योजनाबद्ध रूपमै गुणस्तरीयताको बहाना बनाएर आफ्नानिकटका व्यक्तिको कम्पनीलाई खरिद जिम्मा लगाउन पहिलो चरणको बोलपत्र रद्द गरेको आरोप लगाए। 'मैले आफूलाई परेको मूल्यमा जम्मा २५ हजार नाफा राखेर ट्र्याक्टर र ट्रेलरको दररेट तोकेर आवेदन दिएको थिएँ, तर मूल्यांकन समितिले महानगरका पदाधिकारीको योजनाअनुसार निकटको कम्पनीलाई ठेक्का पार्न गुणस्तरीयताको विषय उठाई बोलपत्र नै रद्द गरिदियो,' उनले भने, 'योजनाबद्ध भएको बुझेपछि दोस्रोपटक आवेदन दिन उचित ठानिनँ।'

ट्र्याक्टर र ट्रेलरका लागि ठेक्का पार्नेदेखि वितरणसम्ममा मेयर राजेशमान सिंह, उपमेयर इम्तियाज आजम, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल र यान्त्रिक शाखा प्रमुख मनोज कर्णको योजनाबद्ध मिलेमतो रहेको महानगर स्रोतले जनायो। यस अनियमितताबारे बुझ्न खोज्दा उपमेयर इम्तियाज सम्पर्कमा आउन चाहेनन्।

भूल सुधार

मिति २०८०/४/२२ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित धितो लिलामीको सूचनामा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ हुनु पर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

गोर्खा एकता बचत तथा ऋण सहकारी संस्था लि.
GURKHA EKATA SAVING & CREDIT CO-OPERATIVE LTD.
चण्डोल-४, काठमाडौं, नेपाल
फोन: ०१-४५२९२५६, ०१-४५२४१५०
E-mail: gurkhaekata@gmail.com

ग्लोबल आइएमई बैंक लिमिटेडको शाखा कार्यालयहरूको आन्तरिक सजावट तथा स्थिर सम्पत्तिहरू बिक्री सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०४/२४)

ग्लोबल आइएमई बैंक लि. र बैंक अफ काठमाण्डु लिमिटेड एक आपसमा गाभिई ग्लोबल आइएमई बैंक लिमिटेडको नामबाट एकिकृत कारोबार सुरु गरिएको सन्दर्भमा विभिन्न स्थानहरुमा शाखा कार्यालयहरु दोहोरीन गई सो दोहोरीएका शाखा कार्यालयहरु मध्ये एक शाखा कार्यालयलाई निरन्तरता दिई कारोबार संचालन गरी निरन्तरता नदिइएको तथा स्थानान्तरण गरीएका शाखा कार्यालयहरुको आन्तरिक सजावट तथा त्यहाँ रहेका स्थिर सम्पत्तिहरु यथास्थितिमा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था, बिमा कम्पनी, सहकारी संस्था तथा अन्य कार्यालय प्रयोजनको लागि समेत उपयुक्त तथा तयारी अवस्थामा रहेको कार्यालय खरिद गर्न इच्छुक संघ/संस्थालाई यो सूचनाको मितिले पन्ध्र (१५) दिन भित्र खरिद गर्न चाहेको मूल्य सहितको प्रस्ताव बैंकको कमलादी स्थित कार्यालयको सामान्य सेवा विभागमा पेश गर्नुहुन अनुरोध छ।

क. साबिकको बैंक अफ काठमाण्डू लिमिटेडको शाखाहरु

क्र.सं.	शाखा कार्यालय	शाखाको ठेगाना
१	तुल्सीपुर	बी.पी. चोक, तुल्सीपुर, दाङ
२	टिकापुर	जमरापारी मनुवारोड टिकापुर ९, कैलाली
३	न्युरोड गेट	न्यूरोड गेट, काठमाण्डौ
४	भालुवाङ	राप्ती गाउँपालिका-१, भालुवाङ
५	डडेलधुरा	अमरगढी नगरपालिका-५, टुफान डाँडा
६	धरान	धरान उपमहानगरपालिका-२, देशीलाइन
७	घोराही	घोराही उपमहानगरपालिका-१५, भानु चोक
८	वीरगंज	बीरगंज महानगरपालिका-१०, आदर्शनगर

ख. ग्लोबल आइएमई बैंक लि.को शाखाहरु

क्र.सं.	शाखा कार्यालय	शाखाको ठेगाना
१	तुल्सीपुर	क लाईन वि.पी चोक तुल्सीपुर, दाङ
२	टिकापुर	टिकापुर नगरपालिका १, टिकापुर, कैलाली
३	खैरेनी	देवदह नगरपालिका ५, खैरेनी, रुपन्देही
४	न्युरोड	रन्जना गल्ली न्युरोड, काठमाण्डौ
५	डोगडाकेदार	डोगडाकेदार गाउँपालिका-७, खोच्लेक बजार
६	सिराहा	सिरहा नगरपालिका-१, सिरहा बजार
७	तिनकुने	काठमाण्डौ महानगरपालिका-३२, प्रभु कम्प्लेक्स, तिनकुने

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

दुई चिनियाँ...

पृष्ठ १ बाट क्रमशः

रहेका चिनियाँ पक्राउ परेपछि यसमा थप प्रस्ट हुन्छ।'

राजस्व अनुसन्धान विभागले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको सहयोगमा यसमा संलग्न १८ जनालाई पक्राउ गरेकोमा एक भन्सार एजेन्टलाई स्वास्थ्यका कारण हाजिरी जमानीमा छाडी १७ जनालाई सिआइबीको जिम्मा लगाएको छ। सिआइबीले संगठित अपराध र भन्सार छलीको मुद्दामा अनुसन्धान गर्न सोमबार जिल्ला अदालतबाट अनुमति लिइसकेको छ। ब्युरोले एसपी सञ्जयसिंह थापाको नेतृत्वमा अनुसन्धान टोली गठन गरेर यसमा अनुसन्धान थालिसकेको छ।

पक्राउ परेकामध्ये चिनियाँ मूलका भारतीय नागरिक थुप्तेन छिरिङ र चिनियाँ मूलका बेल्जियमका नागरिक दावा छिरिङमाथि सिआइबीको अनुसन्धान केन्द्रित छ। भारतीय नागरिक थुप्तेन नेपालतर्फ सुन तस्करीको व्यवस्थापन मिलाउने व्यक्ति हुन्। उनले नै गरिब नेपालीको नाममा कम्पनी दर्ता गरी सवारीसाधनका पाटपुर्जा तथा अन्य सामानमा लुकाएर तस्करीको वातावरण बनाएका थिए।

त्यस्तै, दावाको नेपालमा नेता तथा सुरक्षा अधिकारीसम्म चिनजान देखिएको छ। नेपाली महिलासँग बिहे गरेर व्यवसायसमेत गर्दै आएका उनी पाँच वर्षदेखि नेपालमा बस्दै आएका छन्। हुन्डीदेखि जडीबुटी, सुन तस्करीलगायत धेरै किसिमको अपराधमा उनको संलग्नता देखिएको छ। प्रहरीका उच्च हाकिमसँग पनि उनको सम्बन्ध पनि भेटिएको छ। नेपाल प्रहरीका एक पूर्वप्रहरी महानिरीक्षकले उनलाई 'फोन नै रिसिभ भएन त भाइ' भन्दै ह्वाट्सएपमा म्यासेज पठाएको अनुसन्धान अधिकारीले पत्ता लगाएका छन्। छिरिङ नेपालीसमेत बोल्छन्। उनले उच्च प्रहरी अधिकारीलाई दाइ भन्ने गरेका थिए। विगतमा कल बाइपासदेखि अवैध कल सेन्टरको धन्दामा पनि उनको सम्पर्क देखिए पनि प्रहरीले उनीमाथि कारबाही गर्न सकेको थिएन। जसकारण यो काण्डमा केही पूर्वप्रहरी अधिकारीमाथि समेत छानबिन हुने सम्भावना छ।

दावा र थुप्तेनको मोबाइल प्रहरीको डिजिटल फरेन्सिक ल्याबमा पठाइएको छ। पक्राउ पर्नुअघि नै उनीहरूले मोबाइलका धेरै डेटा डिलिट गरिसकेका थिए। रिकभर हुन सकेमा सुन तस्करीको उच्च तहको नेटवर्क पत्ता लाग्ने प्रहरी अधिकारीहरू बताउँछन्। उनीहरूले वी च्याटमार्फत कारोबारीबीच संवाद गर्दै आएका थिए। तस्करीमा संलग्न अन्य चिनियाँ गिरोहका सदस्यको नाम पत्ता लागे पनि उनीहरू भने फरार भइसकेका छन्। उनीहरूले काठमाडौंका चार ठाउँमा गोदाम राखेर सुन लुकाउने, गाल्ने र बाँडफाँट गर्दै आएका थिए।

पहिलोपटक...

पृष्ठ १ बाट क्रमशः

राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापनाको पनि परिकल्पना गरिएको छ।'

सरकारले २४सै घन्टा सञ्चालन गर्ने गरी साइबर सुरक्षा केन्द्र स्थापना गर्न लागेको छ। सहसचिव सुवेदीका अनुसार केन्द्र स्थापनाको प्रक्रिया यसअघि नै थालिसकिएको छ। राज्यका कुनै निकायमाथि साइबर आक्रमण हुँदा तत्कालै सूचना लिएर त्यसको क्षति रोक्ने, अनुसन्धान गर्ने तथा नियमन गर्ने उद्देश्यले यस्तो केन्द्र स्थापना गर्न लागिएको हो। सरकारी सर्भरमा खासगरी बिदाको दिन पटक-पटक विदेशबाट आक्रमण हुँदै आएको छ। तत्काले त्यसलाई रोक्न सक्ने सरकारी संयन्त्र नहुँदा समस्या हुँदै आएको छ।

साइबर सुरक्षा नीतिमा भनिएको छ, 'साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्द्धन, जनचेतना अभिवृद्धि, साइबर सुरक्षासम्बन्धी तयारी, रोकथाम, पहिचान, प्रतिक्रिया तथा पुनर्लाभ गर्न सातै दिन २४सै घन्टा सम्पर्क निकायको रूपमा कार्य गर्न, डिजिटल फरेन्सिकको अनुसन्धान गर्न तथा साइबर सुरक्षासँग सम्बन्धित निकायको नियमनकारी निकायका रूपमा समेत कार्य गर्ने गरी राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गरिनेछ।'

नीति बनेपछि अब इन्टरनेसनल टेलिकम्युनिकेसन युनियन (आइटियू)को ढाँचाअनुसार काम गरिने सञ्चार मन्त्रालयका प्रवक्ता सुवेदीले बताए। यसले साइबर सुरक्षा सूचकांकमा पनि सुधार हुने अपेक्षा गरिएको छ।

सञ्चार प्रविधिको सुरक्षाका लागि संस्थागत संरचना बनाउने, साइबर सुरक्षासम्बन्धी जनशक्ति उत्पादन र क्षमता विकास गर्ने, साइबर सुरक्षाको विषयमा जनचेतना अभिवृद्धि गर्नेलगायतका उद्देश्य नीतिको छ।

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बुधबार २४ साउन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

मच्छिन्द्रले दोस्रो चरणमा मोहन बगानसँग खेल्ने

पहिलोपटक दोस्रो चरणमा स्थान बनाएको मच्छिन्द्र ३१ साउनमा भारतको इन्डियन सुपर लिग खेल्ने मोहन बगानसँग भिड्दै



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

नयाँ पत्रिका

मच्छिन्द्र फुटबल क्लबले एएफसी कप छनोटअन्तर्गत प्लेअफको दोस्रो चरणमा भारतको मोहन बगानसँग प्रतिस्पर्धा गर्ने भएको छ । मच्छिन्द्रले मंगलबार दशरथ रंगशालामा प्रारम्भिक छनोट चरणमा भुटानको लिग च्याम्पियन पारो एफसीलाई ३-२ ले हराउँदै दोस्रो चरणको स्थान बनाएको हो । मच्छिन्द्रले पहिलोपटक एएफसी कपको प्रारम्भिक चरण पार गरेको हो । अघिल्लोपटक पहिलो चरणबाटै बाहिरिएको मच्छिन्द्रले अब ३१ साउनमा कोलकाताको साल्टलेक रंगशालामा मोहन बगानको सामना गर्नेछ । मोहन बगान भारतको इन्डियन सुपर लिग खेल्ने क्लब हो ।

मच्छिन्द्र र मोहन बगानबीचको विजेताले समूह चरणमा स्थान बनाउनेछ । यस टोलीले बंगलादेशको अवाहानी ढाका र माल्दिभ्सको क्लब इगल्सको विजेतासँग भिड्नेछ । गत वर्ष श्रीलंकाको ब्लु स्टारसँग मच्छिन्द्र प्रारम्भिक चरणमै पराजित भएको थियो । पारोविरुद्धको खेलमा मच्छिन्द्रका लागि विमल घर्तीमगर, आयुष घलान र ओलावाले आफिजले समान एक गोल गरेका थिए । अनुभवी खेलाडीको साथ पाएको पारोले रंगशालामा खेलको छैटौं मिनेटमै १-० को अग्रता लिएको थियो । काजुओकोले अप्रत्याशित रूपमा मच्छिन्द्रविरुद्ध अग्रता गोल गरेका हुन् । डिबक्सभित्रको बायाँ साइडमा यशी दोर्जीको सटिक पासमा काजुओले सहजै गोल गरे ।

मच्छिन्द्रका गोलरक्षक विशाल श्रेष्ठले उनको प्रहारलाई बचाउन प्रयास नगरेका होइनन्, तर बल श्रेष्ठको ग्लोबमा लाग्दै गोलमा परिणत भयो । चार हजार एक सय ५० घरेलु दर्शकमाझ मच्छिन्द्रले खेलको १२औं मिनेटमै बराबरी गोल फर्काउन सफल भयो । विमलले घरेलु टोलीलाई बराबरीमा ल्याएका हुन् । उनले आयुषको क्रसमा हेडिङ गोल गरे । खेलमा फर्किएको मच्छिन्द्रले पारोमाथि बिस्तारै दबाब राख्न सफल भयो । खेलको १५औं मिनेटमा आयुषले मच्छिन्द्रलाई २-१ को अग्रता दिलाए ।

मध्यान्तरअघि तीन गोल

मच्छिन्द्रको दोस्रो गोलमा उत्कृष्ट तालमेल बनेको थियो । स्ट्राइकरद्वय विमल र आयुषबीचको उत्कृष्ट तालमेलका कारण मच्छिन्द्रको गोल सम्भव भएको हो । विमलले डिबक्सभित्र उपलब्ध गराएको पासमा आयुषले पहिलो टचमै गोल ठोके । त्यसपछि खेलको ३९औं मिनेटमा मच्छिन्द्रले ३-१ को अग्रता लियो । यसपटक आफिजले काउन्टर एट्याकमा गोल गरे । मिडफिल्डमा ओमोलाजाले आफिजलाई पास दिए । ओमोलाजाको क्रसमा आफिजले हेडिङ गोल गर्दै मच्छिन्द्रलाई तेस्रो गोलको अग्रता दिलाए । सुरुवातमा उत्कृष्ट प्रदर्शन गरेको पारोले मच्छिन्द्रले बराबरी गोल फर्काएलगत्तै पकड गुमाएको थियो ।

मच्छिन्द्रले भने बिस्तारै बल पोसेसन बनाउँदै विपक्षीमाथि दबाब कायम गरेको थियो । मध्यान्तरपछि पारोले खेलमा सुधार गरेको थियो । पारोले मच्छिन्द्रका खेलाडीले गल्ती गर्दा गोल प्रयास गरेको देखिन्थ्यो । खेलको ५८औं मिनेटमा दोर्जीको गोल प्रयासलाई मच्छिन्द्रका गोलरक्षक विशालले बचाए । निरन्तर खेलमा फर्कने प्रयास गरिरहेको पारोले खेलको ७१औं मिनेटमा ३-२ को गोलअन्तर बनायो । एभान्सले यसपटक पारोका लागि गोल गरे । पारोका करिमको एक सटिक फ्रिकिक गोलपोस्टभन्दा माथि गएको थियो ।

'ए' लाइसेन्स अनिवार्य

खेलको अन्तिम समयमा गोलरक्षक तथा कप्तानसमेत रहेका विशालले एभान्सले ६ यार्ड बक्सबाट प्रहार गरेको बल क्लियर गर्दै मच्छिन्द्रलाई दोस्रो चरणको स्थान पक्का गराए । यद्यपि, खेलको अन्तिम इन्जुरी समयमा विमललेे मच्छिन्द्रको अग्रतालाई ४-२ पुऱ्याउन चुके । उनले लगभग खाली पोस्टमै गोल गर्न सकेनन् । गत सिजनको सहिद स्मारक 'ए' डिभिजन लिगको विजेता चर्च ब्वाइजसँग एएफसी 'ए' लाइसेन्स नभएका कारण मच्छिन्द्र भाग्यमानी हुँदै एएफसी कपको प्रारम्भिक चरण खेल्न अवसर पाएको हो । लिगमा मच्छिन्द्र उपविजेता हो । एएफसी कपको प्रारम्भिक चरणमा खेल्न 'ए' लाइसेन्स अनिवार्य हुनुपर्छ । नेपालका विभागीय तीनवटै क्लबसँग 'ए' लाइसेन्स छ ।

दबाबपूर्ण खेल थियो


■ **किशोर केसी**, प्रशिक्षक, मच्छिन्द्र



यो खेल निकै दबाबपूर्ण थियो । हामीले पहिलो हाफमा निकै राम्रो खेल्यौं । यद्यपि, सुरुवातीमै गोल बेहोर्दा अलि कमजोरजस्तो देखियो । त्यसपछि तीन गोल हुँदा खेलमा पकड बनायौं । तर, जुन लक्ष्यका साथ मैदानमा ओर्लियौं, त्यो पूरा नभएकोजस्तो लाग्छ । धेरै गोलअन्तरमा जित निकाल्ने योजना थियो । पारोसँग प्रेसर खेल हुँदा नै खेलाडीले फोकस गर्न सकेनन् । खेलाडीले जितका लागि सबै प्रयास गरे । जसरी पनि जित नै निकाल्ने योजना थियो । अहिले भएका गल्तीलाई अर्को चरणमा सच्याउने प्रयास हुनेछ । दोस्रो चरणमा मोहन बगानसँग खेल छ । उनीहरूको खेलबारे राम्रो जानकारी लिँदै योजना बनाउनेछु । अहिलेदेखि नै कस्तो हुन्छ भन्न सकिन्न । अर्को खेलमा सुरुमै अग्रता लिनुपर्छ ।

पहिलो हाफमा फोकस भएन

■ **पुष्पलाल शर्मा**, प्रशिक्षक, पारो



सुरुवातमै अग्रता लिँदा खेलमा पकड बनाएकोजस्तो लागेको थियो । तर, मच्छिन्द्रले मध्यान्तरअगाडि नै तीन गोल गर्न सफल भयो । यहीं नै हाम्रो फोकस गुमेकोजस्तो लाग्छ । एक प्रशिक्षकका रूपमा 'परफेक्ट' टिम बनाउने हो । मैले यस टिमलाई एक उत्कृष्ट टिम बनाउने कोसिस गरेको थिएँ । प्रतिस्पर्धामा मैदानले पनि धेरै असर गरेको देखियो । नेचुरल मैदानमा खेल्न खेलाडीलाई समस्या भयो । भुटानमा हामीले फरक किसिमको मैदानमा अभ्यास गरेका थियौं । वर्षाका कारण मैदान ओसिलो थियो । खेलाडीले बल पोसेसन बनाउन सकेनन् ।

मोहन बगान कस्तो प्रतिद्वन्द्वी ?

भारतको फुटबल इतिहासमा मोहन बगान पुरानो क्लबका रूपमा चिनिन्छ । सन् १८८९ मै कोलकातामा यस क्लबको स्थापना भएको थियो । एसियाको सबैभन्दा पुरानो क्लबमा यो पर्छ । यस क्लबले रेकर्डका रूपमा राष्ट्रिय फुटबल लिगको उपाधि जितेको छ । यसैगरी, दुईपटक आइलिग उपाधि हात पारेको छ । यसैगरी, इन्डियन सुपर लिगमा मोहन बगानले एकपटक ट्रफी उचालेको छ । मोहन बगानमा धेरैजसो खेलाडी स्थानीय नै छन् । पछिल्लो समयमा तीन अस्ट्रेलियन खेलाडीले यस क्लबबाट खेलिरहेका छन् । यसैगरी, अल्बानिया र फ्रान्सका खेलाडी पनि यस क्लबमा छन् ।

मनाङ मात्रै समूह चरणमा

नेपालबाट मनाङ मर्स्याङ्दी क्लबले मात्रै सीधै समूह चरणमा प्रतिस्पर्धा गरेको इतिहास बनाएको छ । यसबाहेक अन्य क्लबको एएफसी कप रेकर्ड राम्रो छैन । पछिल्ला सिजन मच्छिन्द्र दशरथ रंगशालामा श्रीलंकाको ब्लु स्टारसँग प्रारम्भिक चरणमै पराजित हुँदै बाहिरिएको थियो । एएफसी कपको प्रारम्भिक छनोट खेलेको त्रिभुवन आर्मी क्लब दोस्रो चरणमा पुगेको थियो ।

खेल संक्षेप

किंग्स कपको तयारी पूरा

काठमाडौं/ दोस्रो किंग्स कप पुरुष भलिबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजकले जनाएको छ । प्रतियोगिता २३ देखि २७ साउनसम्म हुनेछ । अहिलेसम्म आठ टोलीको सहभागिता रहने पक्का भएको क्लबका महासचिव लक्ष्मण काप्रीले जानकारी गराए । नेपाल भलिबल संघले स्वीकृति प्रदान गरिसकेको प्रतियोगिताको अनुमानित बजेट १७ लाख रुपैयाँ रहेको छ । यस प्रतियोगिताको पुरस्कार धनराशि चार लाख रहेको छ । काभा नेसन्स लिगमा सहभागी राष्ट्रिय टोलीका १२ खेलाडीले भाग लिन नपाउने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेताले दुई लाख दुई हजार रुपैयाँ र दोस्रो हुनेले एक लाख एक हजार रुपैयाँ हात पार्नेछन् । तेस्रो हुने टोलीले ५० हजार पाँच सय रुपैयाँ र चौथो हुनेले २२ हजार रुपैयाँ जित्नेछन् । सर्वोकृष्ट खेलाडीले आठ हजार रुपैयाँ र हरेक विधाका उत्कृष्ट खेलाडीलाई जनही तीन हजार रुपैयाँ प्रदान गरिनेछ ।

राष्ट्रिय उमा कुङफु भदौमा

काठमाडौं/ नेपाल उमा कुङफु संघको आयोजनामा छैटौं राष्ट्रिय उमा कुङफु प्रतियोगिता २२ भदौमा हुने भएको छ । प्रतियोगितामा सातै प्रदेशका ३३ जिल्लाबाट दुई सय खेलाडीको सहभागिता रहने संघका अध्यक्ष सिद्धार्थ लामाले जानकारी दिएका छन् । सान्डा र प्याटर्नमा गरी जम्मा ४७ स्पर्धामा खेल हुनेछ । सान्डा र प्याटर्नमा उत्कृष्ट हुने पुरुष र महिला खेलाडीलाई जनही १५ हजार रुपैयाँ प्रदान गरिनेछ । आयोजकले शिवकुमार कुँवरलाई संयोजकको जिम्मेवारी दिएको छ । दुईदिने प्रतियोगिताका खेलहरू तार्केश्वर नगरपालिकाको जरंकुमा हुनेछ ।

तेक्वान्दोकर्मी सम्मानित

काठमाडौं/ नेपाली दूतावास दक्षिण कोरियाले मंगलबार तीन तेक्वान्दोकर्मीलाई सम्मान गरेको छ । दक्षिण कोरियाका लागि नेपाली राजदूत प्रा.डा. ज्योति प्याकुरेल भण्डारीले राजु क्षेत्री, अशोक खड्का तथा भजिन्द्रबहादुर क्षेत्रीलाई सम्मान प्रदान गरेका हुन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा खेलाडी, प्रशिक्षक र निर्णायकले महत्त्वपूर्ण योगदान गरेको जनाउँदै दूतावासले तेक्वान्दोकर्मीहरूको सम्मान गरेको जनाएको छ । दक्षिण कोरियामा गत आइतबार भएको विश्व वरीयता जी १ अन्तर्गतको किमुनयोङ कपमा राजु र अशोकले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

राष्ट्रिय पुरुष भलिबल हुने

काठमाडौं/ वीरजंग स्मृति कप खुला राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता २७ देखि ३० भदौसम्म हुनेछ । नेपाल गणातान्त्रिक खेलकुद महासंघ काठमाडौंको आयोजनामा हुने प्रतियोगिता काठमाडौंमा हुनेछ । प्रतियोगिताका विजेताले पाँच लाख, उपविजेताले दुई लाख ५० हजार र तेस्रो हुने टोलीले एक लाख प्राप्त गर्नेछन् । यसैगरी, चौथो हुने टोलीले ५० हजार हात पार्नेछ । सर्वोत्कृष्ट खेलाडीले २० हजार प्राप्त गर्नेछन् । प्रतियोगिताका उत्कृष्ट स्पाइकर, क्विकर, ब्लकर, सेटर, सर्भर, डिफेन्डर र प्रशिक्षकले समान पाँच हजार प्राप्त गर्नेछन् । प्रतियोगिताको पुरस्कार धनराशि नौ लाख ५५ हजार रुपैयाँ रहेको छ ।

दीपक र अमिर सेमिफाइनलमा

काठमाडौं/ अरहन्त केशर सिम्हासँगै दीपक थापा र अमिर ब्लोन पाँचौं धनलक्ष्मी स्मृति राष्ट्रिय स्क्वास प्रतियोगिताको पुरुष एकलको सेमिफाइनलमा प्रवेश गरेका छन् । प्रतियोगिताको साबिक विजेता अरहन्तले क्वार्टफाइनलमा निशान्त अग्रवाललाई ३-० को सहज सेटमा हराउँदै अन्तिम चारको स्थान पक्का गरेका हुन् । अर्को खेलमा दीपकले दिव्यराज बज्राचार्यलाई ३-१ को सेटमा हराए । अमिरले रेसुब वाललाई ३-१ ले पराजित गरे । ५० वर्षमाथिको स्पर्धामा प्रज्वलप्रकाश प्रधानले दिलीपनरसिंह अधिकारीलाई ३-१ ले हराएर सेमिफाइनलमा स्थान बनाएका छन् । सुदीपबहादुर सिंहले मनोजबहादुर श्रेष्ठलाई ३-० ले निराश पारे । प्रवीणवीरसिंह कंसाकारले किशोर महर्जनलाई ३-० ले पाखा लगाए । धीर पुनले प्रमोद श्रेष्ठलाई ३-१ ले पराजित गरेका छन् । नेपाल स्क्वास एन्ड ज्याकेट संघको आयोजनामा भइरहेको प्रतियोगिता २७ साउनमा सकिनेछ ।

टी-२० मा बाबरको कीर्तिमानी शतक



कोलम्बो/ पाकिस्तानका कप्तान बाबर आजमले टी-२० क्रिकेट फर्म्याटमा कीर्तिमानी रूपमा दशौं कीर्तिमानी शतक प्रहार गरेका छन् । उनले श्रीलंकामा चलिरहेको लंका प्रिमियर लिगमा यो रेकर्ड बनाएका हुन् । उनी कोलम्बो स्ट्राइकर्समा आबद्ध छन् । कोलम्बोले गाले टाइटन्सविरुद्ध सात विकेटले जित निकाल्दा उनले शतकीय इनिङ्स खेले ।

बाबरले ५९ बलमा आठ चौका र पाँच छक्कासहित एक सय चार रनको शतकीय इनिङ्स खेलेका हुन् । टी-२० फर्म्याटमा सर्वाधिक शतक बनाउने रकेर्डमा बाबर वेस्ट इन्डिजका क्रिस गेलभन्दा मात्रै पछि रहेका छन् । गेलले अहिलेसम्म टी-२० खेलमा २२ शतक प्रहार गरेका छन् । यसैगरी, भारतका विराट कोहली, अस्ट्रेलियाका आरोन फिन्च, अस्ट्रेलियाकै डेभिड वार्नर र माइकल किलिंगरले समान आठ-आठ शतक प्रहार गरेका छन् ।

प्रतिस्पर्धामा पहिलो ब्याटिङ गरेको गालेले २० ओभरमा तीन विकेट गुमाउँदै एक सय ८८ रन बनाएको थियो । गालेका लागि टिम सिफर्टले ३५ बलमा चार चौका र तीन छक्काको सहयोगमा सर्वाधिक ५४ रन बनाए । कोलम्बोले १९.५ ओभरमा तीन विकेटको क्षतिमा लक्ष्य पूरा गऱ्यो ।

एम्बाप्पे प्रशिक्षणमा सहभागी नहुने



पेरिस/ केलियन एम्बाप्पे पेरिस सेन्ट जर्मेन (पिएसजी)को लिग १ सिजनको सुरुवाती प्रशिक्षणमा सहभागी भएनन् । पिएसजीले लिग १ सिजनको प्रशिक्षण सोमबारदेखि गरेको थियो । तर, क्लबसँगको सम्झौता विवादमा परेका कारण उनी प्रशिक्षणमा सहभागी नभएका हुन् । एम्बाप्पे रियल म्याड्रिड जान चाहन्छन् । पिएसजी भने एक वर्षको सम्झौता बाँकी रहेका कारण फ्रेन्च खेलाडी एम्बाप्पेलाई रिलिज गर्ने पक्षमा छैन । यसै कारण क्लब र एमबाप्पेबीच विवाद चलिरहेको हो ।

पिएसजीले सिजनअगाडि गरेको प्रि-अभ्यास खेलमा समेत उनलाई सहभागी गराएको थिएन ।

पिएसजी उनलाई बेच्न वा अन्य क्लबमा सित्तैमा जान नदिन ट्रान्सफर शुल्क सुरक्षित गर्न चाहन्छ । यसैबीच, एम्बाप्पेलाई भित्र्याउन साउदी प्रो लिग अल हिलालले विश्व फुटबल इतिहासकै कीर्तिमानी रकम प्रस्ताव गरिरहेको छ ।

मोरोक्कोको क्वार्टरफाइनल पुग्ने सपना अधुरो

पहिलो अफ्रिकन राष्ट्रका रूपमा क्वार्टरफाइनल पुग्ने लक्ष्य बनाएको मोरोक्को फ्रान्ससँग एकपक्षीय प्रिक्वार्टरफाइनलमा ४-० ले पराजित





क्वार्टरफाइनल खेल	
स्पेनविरुद्ध नेदरल्यान्ड्स	११ अगस्ट
जापानविरुद्ध स्विडेन	११ अगस्ट
अस्ट्रेलियाविरुद्ध फ्रान्स	१२ अगस्ट
इंग्ल्यान्डविरुद्ध कोलम्बिया	१२ अगस्ट

सिड्नी/ दक्षिण अफ्रिकी टोली मोरोक्कोको फिफा महिला विश्वकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनल खेल्ने सपना अधुरो बनेको छ । अस्ट्रेलिया र न्युजिल्यान्डमा सञ्चालन भइरहेको विश्वकपको समूह चरणमा उत्कृष्ट प्रदर्शन गर्दै पहिलोपटक प्रिक्वार्टरफाइनल स्थान बनाएको मोरोक्को मंगलबार फ्रान्ससँग ४-० को एकपक्षीय रूपमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ ।

मोरोक्को पहिलो अफ्रिकन महिला टोलीका रूपमा क्वार्टरफाइनल खेल्ने इतिहास बनाउने तयारीमा थियो । मोरोक्कोलाई नकआउट चरणबाट घर फर्काउनमा फ्रान्सकी इजेनिए ले सोमेरले दुई गोल गरेकी थिइन् । फ्रान्सले अब आगामी शनिबार सेमिफाइनल प्रवेशका लागि आयोजक अस्ट्रेलियाको सामना गर्नेछ ।

मोरोक्कोले पहिलो अरब राष्ट्रका रूपमा अन्तिम १६ मा स्थान बनाएको हो । समूह 'एच'मा यस टोलीले सनसनी नतिजा निकालेको थियो । समूहको पहिलो खेलमा दुईपटकको विजेता जर्मनीबाट मोरोक्को ६-० ले पराजित भएको थियो । यस नतिजासँगै अफ्रिकन राष्ट्र सहजै पहिलो चरणबाटै बाहिरिने आकलन गरिएको थियो । तर, त्यसपछिका दुई खेलमा मोरोक्कोले सनसनी प्रदर्शन गऱ्यो । चालू विश्वकपमा मोरोक्कोको बलियो पक्ष नै दरिलो रक्षात्मक रणनीति थियो ।

तर, फ्रान्ससँगको प्रतिस्पर्धामा उनीहरूले यसलाई निरन्तरता दिन सकेनन् । फितलो रक्षापंक्ति र खेलाडीबीचको आपसी तालमेल मिलाउन नसक्दा फ्रान्सविरुद्धको खेलको पहिलो हाफमै ३-० ले पछि पऱ्यो । खेलको २५ मिनेटभित्र फ्रान्सले तीन गोल गरेको हो । प्रतिस्पर्धामा मोरोक्कोले एकपटक मात्र गोल गर्ने अवसर निकालेको थियो ।

फ्रान्सलाई मौका

फिफाको ६७औं स्थानमा रहेको मोरोक्कोविरुद्ध फ्रान्सले आक्रामक रणनीति अपनाएको थियो । प्रशिक्षक हेर्भे रेनार्डको प्रशिक्षणमा रहेको फ्रान्सले ७५ प्रतिशत बल पोसेसन बनाएको थियो । एकपक्षीय प्रिक्वार्टरफाइनलमा फ्रान्सले १५ पटक सट प्रहार गरेको थियो । रक्षात्मक रणनीति बनाएको मोरोक्कोले केवल एकपटक मात्र फ्रान्सको पोस्टमा चार्ज गरेको थियो । फ्रान्सले पाँचपटक डिबक्सबाट गोलका लागि प्रयास गऱ्यो । महिला विश्वकपमा फ्रान्सको उत्कृष्ट नतिजा नै सन् २०११ मा चौथो स्थान प्राप्त गरेको हो । फ्रान्स लगातार चार संस्करणको क्वार्टरफाइनलमा पुगेको छ । विश्वकपमा शीर्ष १० वरीयताप्राप्त राष्ट्रहरू बाहिरिँदा फ्रान्सलाई अगाडि बढ्ने मौका छ । साबिक दुईपटकको विजेता अमेरिका, पूर्वविजेता जर्मनी, ब्राजिल तथा क्यानडा समूह चरणबाटै बाहिरिसकेका छन् ।

नौ मिनेटको अन्तरमा तीन गोल

फ्रान्सले पहिलो हाफमा केवल नौ मिनेटको अन्तरमा तीन गोल गरेपछि मोरोक्कोबाट खेल फुत्किएको हो । खेलको १५औं मिनेटमा काडिया डिएनीले फ्रान्सलाई १-० को अग्रता दिलाइन् । उनले सकिनाको पासमा गोल गरेकी थिइन् । पहिलो गोल बेहोरेको अफ्रिकन टोली सम्हालिन नपाउँदै २०औं मिनेटमा केन्जा डालीले फ्रान्सलाई २-० को अग्रता दिलाइन् । उनले डिएनीको पासमा गोल गरेकी हुन् । त्यसपछि खेलको २३औं मिनेटमा सोमेरले डिएनीकै पासमा फ्रान्सलाई पहिलो हाफअगाडि नै ३-० को अग्रता दिलाइन् । खेलको ७० औं मिनेटमा सोमेरले व्यक्तिगत दोस्रो गोल गर्दा फ्रान्स ४-० ले अघि रह्यो । मोरोक्कोले मध्यान्तरपछि काउन्टर एट्याकमा फ्रान्समाथि दबाब राख्ने प्रयास गरेको थियो ।

कोलम्बिया अन्तिम आठमा

कोलम्बिया फिफा महिला विश्वकप २०२३ को अन्तिम आठमा प्रवेश गरेको छ । मेलबर्नमा मंगलबार भएको खेलमा जमैकामाथि १-० को कठिन जित निकाली कोलम्बिया क्वार्टरफाइनलमा पुगेको हो । कप्तान क्याटालिनाले खेलको ५१औं मिनेटमा एक मात्र निर्णायक गोल गरेकी थिइन् । उनले रुजमनको पासमा गोल गरेकी हुन् । जमैकाले प्रतियोगितामा पहिलोपटक गोल बेहोरेको हो । यसै गोलका कारण जमैका प्रतियोगिताबाट बाहिरियो । समूह 'एफ'मा जमैकाले चार अंक बटुल्दा एक गोल पनि खाएको थिएन । यसक्रममा जमैकाले फ्रान्स र ब्राजिलसँग गोलरहित बराबरी खेलेको थियो । पानामालाई १-० ले हराएर जमैकाले अन्तिम १६ मा स्थान बनाएको थियो ।


महिला टोलीमाथि खनिए ट्रम्प

वासिङ्टन/ अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प नकारात्मक टिप्पणी दिँदै आफूलाई मिडियासमक्ष प्रस्तुत हुन रुचाउँछन् । तीन वर्षअघि जो बाइडेनसँग राष्ट्रपतीय निर्वाचनमा पराजित भएपछि उनले केवल राजनीतिक पक्षमाथि मात्र आलोचना गरिरहे । पछिल्लोपटक उनको निसाना अमेरिकी महिला फुटबलमाथि रह्यो । दुईपटकको साबिक विजेता अमेरिका समूह चरणबाटै बाहिरिएको घटना जोड्दै ट्रम्पले आफ्नो टिप्पणी सार्वजनिक गरेका छन् ।

ट्रम्प मात्र नभएर विभिन्न पक्षबाट टोलीको आलोचना भइरहेको छ । तर, ट्रम्पले गरेको आलोचना अहिलेसम्मकै तिखो भएको मानिएको छ । उनले सर्वाधिक अनुभवी खेलाडी मेगन रापिनोएतर्फ इंगित हुँदै टिप्पणी गरेका छन् । उनी सबैभन्दा बढी मेगनसँग रिसाएका देखिन्छन् । उनले सुरुमा अमेरिका विश्वकपबाट बाहिरिनुलाई अप्रत्याशित रूपमा लिएका छन् । 'विश्वकपको नतिजा अपत्यारिलो र पीडादायी रह्यो,' उनले भनेका छन् । उनले न्युजिल्यान्ड र अस्ट्रेलियाले संयुक्त रूपमा आयोजना गरिरहेको विश्वकपबाट अमेरिकाको अप्रत्याशित बहिर्गमनलाई राष्ट्रपति बाइडेनको नेतृत्व कुशलतासँग जोडेका छन् । 'वर्तमान अमेरिकाका राष्ट्रपति बाइडेनको नेतृत्वमा रहेको एक समयको महान् अमेरिकालाई यो के भइरहेको छ ?' उनले भने, 'अमेरिकी खेलाडीले विश्वकपमा राष्ट्रिय गान गाउन अस्वीकार गरे ।'

राष्ट्रिय गान गाउन अस्वीकार

समूहगत चरणका खेलमा अमेरिकन खेलाडीले राष्ट्रिय गान गाउन अस्वीकार गरेका थिए । खेल सुरु हुनुअघि राष्ट्रिय गान गाउन अस्वीकार गरेपछि अमेरिकी खेलाडीको आलोचना भएको थियो । यद्यपि, यसमा केही पूर्वखेलाडीले वर्तमान खेलाडीको प्रतिरक्षा गरेका थिए । पूर्वराष्ट्रपति ट्रम्पले विश्वकपमा सहभागी अन्य राष्ट्रका खेलाडीले देखाउन नसकेको राष्ट्रिय भावना अमेरिकी खेलाडीले देखाएको भनी व्यंग गरेका छन् । 'स्विडेनसँगको टाइब्रेकरमा मेगनको गज्जबको सट हेर्न अवसर पाएँ,' उनले भने, 'तिम्रो प्रहारले अमेरिका नर्कमा जाँदै छ ।' पेनाल्टी सुटआउटमा ३८ वर्षीया मिडफिल्डर मेगनले असफल प्रहार गरेकी थिइन् । साबिक विजेतासमेत रहेको अमेरिका प्रिक्वार्टरफाइनलमा स्विडेनसँग टाइब्रेकरमा ५-४ ले स्तब्ध भएको थियो ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com